सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ चैत २०८१, शुक्रबार (14 Mar 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ वसन्तपुरमा होलीको रौनक

तराईका जिल्लामा आज



वसन्तपुर दरबार क्षेत्रमा होली मनाइँदै । असत्यमाथि सत्यको जितको खुसियालीमा मनाइने होलीको वसन्तपुरमा विशेष महत्त्व छ । वसन्तपुरस्थित हनुमानढोकापरिसरमा एक साताअघि फागुन शुल्क अष्टमीका दिन चीर ठड्याइएको थियो । बिहीबार चीर विसर्जन गरेर होलीको समापन गरिएको छ । हिमाली र पहाडी जिल्लामा बिहीबार मनाइएको होली तराई-मधेशमा भने शुक्रबार मनाइँदै छ ।

तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

शपथ लिएको तीन महिनासम्म अमेरिका गएनन् राजदूत रेग्मी



■ ट्रम्प प्रशासनका नीति-निर्णयको प्रत्यक्ष असर नेपाललाई पनि परेको वेलासमेत जिम्मेवारी सम्हाल्न अमेरिका गएनन् राजदूत रेग्मी, असामान्य समयमा नेपालले राजदूत नपठाउनु दुःखद भएको कूटनीतिज्ञहरूको भनाइ

पर्शुराम काफ्ले / नयाँ पत्रिका

शपथ लिएको तीन महिना बित्दा पनि अमेरिकाका लागि नेपाली राजदूत लोकदर्शन रेग्मी काठमाडौंमै छन् । तत्कालीन राजदूत श्रीधर खत्री फिर्ता भएपछि वासिङ्टन डिसीमा सात महिनादेखि नेपाली राजदूत छैनन् । असामान्य समयमा नेपालले राजदूत नपठाउनु दुःखद भएको कूटनीतिज्ञहरूको भनाइ छ । हाल अमेरिकामा परराष्ट्रका सहसचिव कार्यवाहक राजदूत छन् ।

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले ७ माघमा शपथग्रहण गरेसँगै विगतका सरकारका नीति

» पृष्ठ २ मा क्रमशः

● **कृष्णप्रसाद ढकाल**
प्रवक्ता, परराष्ट्र मन्त्रालय

उहाँ (रेग्मी) काठमाडौंमा हुनुहुन्छ र जिम्मेवारी सम्हाल्न छिट्टै अमेरिका जानुहुन्छ

● **विजयकान्त कर्ण**, पूर्वराजदूत

अहिलेको विश्व राजनीतिक परिवर्तन, अमेरिकाले सबै देशसँगको सम्बन्ध पुनरावलोकन गरिरहेको र दक्षिण एसिया हेर्ने टिमसमेत नयाँ बनाउने गृहकार्य गरिरहेका वेला हाम्रा राजदूत काठमाडौंमा रहनुभन्दा नराम्रो के हुन सक्छ ? अमेरिकाको बदलिँदो नीतिनिर्माण प्रक्रियामा नेपालले आफ्नो पक्षमा लबिङ गर्नुपर्नेमा राजदूत नै अनुपस्थित रहने अवस्था दुःखद छ । यसले राष्ट्रिय हितमा क्षति पुगेको छ ।

● **युवनाथ लम्साल**, पूर्वराजदूत एवं अन्तर्राष्ट्रिय सम्बन्धका अध्येता

राष्ट्रपति ट्रम्पका नयाँ निर्णयले संसारभरि बहुआयामिक असर पर्न थालिसकेको छ । सहयोग स्थगनले संसारभरि मात्र नभएर हामीकहाँ पनि असर देखिएको छ । यो अवस्थामा कार्यक्षेत्रमा राजदूतको अनुपस्थिति अस्वाभाविक हो । ट्रम्प प्रशासनका निर्णयले हामीलाई आर्थिक, भूराजनीतिक असर पार्ने सन्दर्भमा अमेरिकामा हाम्रो कूटनीति सक्रिय र प्रभावकारी हुनुपर्छ । यो वेलामा राजदूत नै नजानु कूटनीतिक बेवास्ता हो ।

नागढुंगा–मुग्लिन सडक दुर्घटनामा मानवीय क्षति रोक्ने कार्यक्रम

तत्काल उपचार गर्ने ९२ करोडको परियोजना चार वर्षदेखि अलपत्र

अध्ययनमै दुई करोड सकियो, उपकरण खरिदमा १० करोड लाग्ने भएपछि सरकार रोकियो

● **डा. अशोकरत्न बज्राचार्य**
सदस्य, अध्ययन टोली


● **श्यामप्रसाद भण्डारी**
प्रवक्ता, अर्थ मन्त्रालय

शिवहरि घिमिरे, टेकराज थामी

काठमाडौंको नागढुंगादेखि मुग्लिनसम्म दुर्घटना न्यूनीकरण गर्ने र दुर्घटनाका घाइतेलाई तत्काल उपचार गरेर मानवीय क्षति घटाउने ९२ करोडको परियोजना चार वर्षदेखि अलपत्र परेको छ । विश्व बैंकको ६.६ मिलियन डलर (हालको दरेटअनुसार ९९ करोड २९ लाख रुपैयाँ) सहुलियत ऋणमा सडक विभाग वैदेशिक सहायता महाशाखाले उक्त उपचार संयन्त्र बनाउने पाइलट परियोजना अघि सारेको थियो । अध्ययन र छलफलमा दुई करोड पनि सकियो । तर, परियोजनाअन्तर्गत काम गर्न उक्त क्षेत्रका निजी अस्पतालहरूले माग गरेको उपकरण खरिदमा १० करोड लाग्ने भन्दै सरकारले थप काम अगाडि नबढाएपछि परियोजना नै अलपत्र परेको हो ।

यायायातका लागि राजमार्ग सुरक्षित बनाउने र राजमार्ग

» पृष्ठ २ मा क्रमशः



विज्ञ टोलीले नागढुंगा-मुग्लिन सडकमा दुर्घटना भएर घाइते हुनेहरूको ट्रमा उपचार हाइवे क्षेत्रमै रहेका अस्पतालहरूसँगको समन्वयमा गर्नुपर्ने र त्यसका लागि आवश्यक उपकरण किन्नुपर्ने सुझाव दुई वर्षअघि नै दिएको थियो । टोलीले सशस्त्र प्रहरीबाट सञ्चालित पृथ्वी हाइवे ट्रमा सेन्टरसहित मुग्लिन हाइवे अस्पताल, कुरिनटार जनता केयर हस्पिटल, मलेखु टिचिङ हस्पिटल, हाइवे कम्युनिटी हस्पिटल, गजुरी हस्पिटल र गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गर्न सकिने सुझाव पनि दिएको थियो । यसमा अधिकांश निजी अस्पताल छन् । तर, परियोजनाअन्तर्गत काम गर्न निजी अस्पतालहरूले माग गरेको उपकरण खरिदमा १० करोड लाग्ने भन्दै सरकारले थप काम नै अगाडि बढाएको छैन । जबकि जिल्ला प्रहरी कार्यालय धादिङको तथ्यांकअनुसार यो सडकमा बर्सेनि सरदर ५० जनाले ज्यान गुमाउने गरेका छन् । एक घण्टामै साना-ठुला गरी १६ सय गाडी गुड्ने सडक अत्यन्त साँघुरो र असुरक्षित हुँदा धेरै दुर्घटना हुने गरेका छन् ।

कांग्रेस नेता केदारनरसिंहले मिचे नौ आना सरकारी जग्गा

०३९ मै काठमाडौंको तारकेश्वर नगरपालिका- ९, मनमैजुस्थित लोकतान्त्रिक चोकसँगै रहेको ५१ आना जग्गा खरिद गरेका केसीले आडैमा रहेको सरकारी नौ आना पनि मिचेका थिए, त्यसमध्ये केही जग्गा मालपोतले ३० साउन ०७६ मा केसीकै नाममा नामसारीसमेत गरिदिएको थियो





डा. केसीले पर्खाल लगाएको सरकारी जग्गा । तस्बिर : **दिपेन्द्र ढुंगाना**



● डा. केदारनरसिंह केसी भन्छन्-

मैले ०३९ सालमा त्यो ठाउँमा ५१ आना जग्गा किनेको हुँ । त्यसवेला त्यहाँ ढिस्को थियो । मैले फाँडें (सम्याउनु) । जग्गाको क्षेत्रफल केही बढ्यो । ढिस्को फाँडेपछि जग्गा बढ्ने नै भयो । मैले त्यसवेलाका तालुकवाला निकायमा सोधें । उहाँहरूले पर्खाल लगाउँदा हुन्छ भन्नुभयो । मैले त्यही गरें । मलाई मेरो ५१ आना जग्गाबाहेक केही चाहिँदैन । जीवनको उत्तरार्धमा म लोभ गर्दिनँ । बढी देखिए म छाडिदिन्छु ।



● **श्यामकृष्ण महर्जन**, वडाध्यक्ष, तारकेश्वर नगरपालिका- ९

छलफलमा जग्गा छोडिदिन्छु नै भन्नुहुन्छ । तर, व्यवहारमा छोड्नुभएको छैन । नगरपालिकाले उक्त क्षेत्रमा पार्क बनाउने योजना बनाएको छ । तारबारका लागि आठ लाख बजेट विनियोजनसमेत भइसकेको छ । तर, उहाँले छोड्न आलटाल गर्दा तारबारसमेत लगाउन सकिएको छैन ।

टेकराज थामी / नयाँ पत्रिका

काग्रेस नेता एवं नेपाल चिकित्सक संघका पूर्वअध्यक्ष डा. केदारनरसिंह केसीले काठमाडौंको तारकेश्वर नगरपालिका- ९, मनमैजुस्थित नौ आना सरकारी जग्गा मिचेका छन् । मनमैजु लोकतान्त्रिक चोकसँगै रहेको कित्ता नं. ६२ को २१.६२ वर्गमिटर र कित्ता नं. ६३ को २६३.६१ वर्गमिटर जग्गा (दुवैगरी नौ आना) मिचेर कम्पाउन्डसमेत लगाएका हुन् । कित्ता नं. ६२ त ३० साउन ०७६

» पृष्ठ २ मा क्रमशः



सुस्तायो कांग्रेसको महाधिवेशन दबाब अभियान

नेताहरू तितरबितर
हुँदा सशक्त ढंगले दबाब
दिन इतर समूह असफल

(विस्तृत पृष्ठ ३)

अनुभूति हुन नसकेको उपभोक्ता अधिकार



अग्रलेख

● माधव तिमिल्सिना

संविधानप्रदत्त उपभोक्ताको मौलिक अधिकार संरक्षण र प्रवर्द्धन गर्न सरकार जुन रूपमा जिम्मेवार हुनुपर्ने हो, त्यो पटक्कै अनुभूति भएको छैन

(पृष्ठ ४)

अमेरिकाको सहयोगविना युरोपले आफ्नो र युक्रेनको सुरक्षा गर्न सक्छ ?



आफ्नै अलग सैन्य सामर्थ्यका बाबजुद नेटो अझै पनि युरोपको सुरक्षाका लागि संयुक्त राज्य अमेरिकामा अत्यधिक निर्भर छ

● स्टिफन क्विलेनको विचार पृष्ठ ५

बिमितले दिने उजुरीको सुनुवाइ गर्न अब बिमा प्राधिकरणमै इजलास

१ वैशाखदेखि प्राधिकरणमा जिल्ला अदालतसरह नै दुवै पक्षले बहस गरेपछि मात्रै फैसला हुने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मावा नदीबाट अन्धाधुन्ध झिकिँदै ढुंगा-गिट्टी

एभरासकोन-कालिका जेभीले चौडाइ ३५ मिटर तथा गहिराइ एक मिटरसम्म मात्र उत्खनन गर्न पाउने सम्झौता छ, तर मापदण्डभन्दा ठुला र गहिरा खाडल बनाएर ढुंगा-गिट्टी झिक्दा तटीय क्षेत्रको बस्तीमा कटानको जोखिम

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक र मोरङको मिक्लाजुङको सीमावर्ती मावा नदीको चुरे क्षेत्रमा मापदण्डविपरीत अन्धाधुन्ध ढुंगा-गिट्टी उत्खनन भइरहेको छ । यो नदी क्षेत्रमा ढुंगा-गिट्टी झिक्ने ठेक्का एभरासकोन-कालिका जेभीले पाएका छन् ।

मापदण्ड र वातावरणीय प्रभाव मूल्यांकनविपरीत डेढ मिटरसम्म गहिरो खनेको पाइएको नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्रीसम्बन्धी जिल्ला अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालले बताए । 'गुनासो आएपछि हामी खोलामा गएर नाप्यौं । त्यो क्रममा मापदण्डअनुसार काम भएको छैन,' बरालले भने, 'ठुला, रूपान्तरणकारी योजनाका हकमा चुरे क्षेत्रमा पनि मापदण्ड लचिलो भएको मौकामा झनै दोहन गरिएको पाइयो । यसको नियन्त्रण हुनुपर्छ, मापदण्डबाहिर नजान भन्छौं, अटेरी भए उत्खनन रोकिन्छ ।'

राष्ट्रिय प्राथमिकताप्राप्त, रूपान्तरणकारी आयोजनाबाहेकका हकमा नदीमै गएर एक्स्काभेटर चलाउन मिल्दैन । पूर्व-पश्चिम राजमार्गअन्तर्गत पूर्वीखण्ड (काँकडभिट्टा-केर्खा) विस्तारका लागि

» पृष्ठ २ मा क्रमशः



मावा नदीमा ढुंगा-गिट्टी उत्खनन गर्दै एक्स्काभेटर

पूर्वराजाको चिया बगानबाट माटो बिक्री प्रकरण

अख्तियारले थाल्यो अनुसन्धान

नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वराजा ज्ञानेन्द्र शाहको स्वामित्वमा रहेको दमकस्थित हिमालय-महालक्ष्मी चिया बगानको माटो बिक्री प्रकरणमा अनुसन्धान थालेको छ ।

वातावरण संरक्षण ऐनविपरीत वातावरणीय प्रभाव मूल्यांकनविना नै माटो उत्खनन र बिक्रीका लागि झापाको दमक नगरपालिकाले अनुमति दिएको पाइएपछि अख्तियारको इटहरी कार्यालयले अनुसन्धान गरिरहेको हो । अख्तियारले १८ फागुनमा दमक नगरपालिकालाई पत्र काढ्दै १५ दिनभित्र हिमालय चिया बगानलाई माटो उत्खननका लागि दिइएको अनुमतिको कागजातको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन भनेको छ ।

अख्तियारले पहिलो बुँदामा 'बगानको

» पृष्ठ २ मा क्रमशः

प्रशासनले पनि बनायो छानबिन समिति

अख्तियारको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय झापाले पनि समिति बनाएर छानबिन थालेको छ । जिल्ला प्रशासनले १८ फागुनमा इलाका प्रशासन कार्यालय दमकका प्रमुख झगेन्द्रप्रसाद चापागाईंको संयोजकत्वमा नापी कार्यालय झापा र मालपोत कार्यालय झापाका अधिकृतस्तरका कर्मचारी तथा दमक नगरपालिकाका अधिकृतस्तरका कर्मचारी सदस्य रहने गरी समिति गठन गरेको छ । झापाका सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपाललले समितिलाई १० दिनभित्र प्रतिवेदन पेस गर्न निर्देशन भए पनि हालसम्म प्रतिवेदन नआएको बताए ।

शपथ लिएको...

पृष्ठ १ बाट क्रमशः

र निर्णयमा व्यापक फेरबदल गरेका छन् । नेपालका लागि समेत अमेरिकी अनुदान कटौती र पुनरावलोकनका क्रममा छन्, जसले २०२६ देखि विकासशील मुलुकमा स्तरोन्नति हुने नेपालको लक्ष्य नै प्रभावित हुनेछ ।

शपथग्रहण गरिसकेका राजदूत रेग्मी यस्तो असहज अवस्थामा समेत जिम्मेवारी सम्हाल्न कार्यक्षेत्र नगएकामा परराष्ट्रकै अधिकारी पनि चकित छन् । जबकि उनीसँगै शपथ लिएका अन्य मुलुकका राजदूतहरू कार्यक्षेत्र गएर यसअघि नै काम थालिसकेका छन् ।

रेग्मी सोमबार परराष्ट्र मन्त्रालयमा पुगेका थिए, तर उनले नजानुको कारण भने बताएका छैनन् । अमेरिकामा सरकार परिवर्तनले नेपालीहरूमा बढेको चिन्ता र नेपालको अनुदान कटौतीलगायतका घटनाक्रम भइरहँदा पनि उनले अमेरिका जानेबारे ठोस निर्णय लिएका छैनन् ।

'रेग्मीसँग सिफारिस भएका, नियुक्त भएका र शपथग्रहण गरेका सबैजना राजदूत कार्यक्षेत्र पुगेर जिम्मेवारी सम्हालिसकेका छन् । तर, अमेरिकाका लागि राजदूतचाहिँ काठमाडौंमै हुनु अस्वाभाविक छ,' परराष्ट्र मन्त्रालयका एक अधिकारीले भने । पूर्वमुख्यसचिवसमेत रहेका रेग्मी एमाले कोटाबाट राजदूत नियुक्त भएका हुन् । यसअघि पनि उनी एमालेकै कोटामा बेलायतका लागि राजदूत भएका थिए ।

जानकारहरूका अनुसार रेग्मी परराष्ट्रसचिव अमृतबहादुर राई, प्रशासन हेर्ने सहसचिव र युरोप-अमेरिका डिभिजन हेर्ने सहसचिवलाई टेर्दैनन् । 'उहाँ कसैको फोन उठाउनुहुन्न । प्रधानमन्त्रीसँगै सीधा सम्पर्क भएको र पूर्वमुख्यसचिव भएको कारण उहाँलाई परराष्ट्रका कर्मचारीले केही भन्न सक्ने अवस्था पनि भएन,' परराष्ट्रका एक अधिकारीले भने, 'यस्तो अवस्थामा उनी यहाँ बस्ने होइन, या त जानुपर्थ्यो या त राजीनामा दिनुपर्थ्यो ।'

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले राजदूत रेग्मी काठमाडौंमा रहेको र उनी छिट्टै जिम्मेवारी सम्हाल्न अमेरिका जाने जानकारी दिए । 'उहाँ काठमाडौंमा हुनुहुन्छ र जिम्मेवारी सम्हाल्न छिट्टै अमेरिका जानुहुन्छ,' ढकालले भने । जिम्मेवारी सम्हाल्न नगएको विषयमा रेग्मीसँग सम्पर्क गर्न खोज्दा उनी सम्पर्कमा आउन चाहेनन् ।

अमेरिकाबाट राजदूत खत्री फिर्ता भएपछि परराष्ट्र मन्त्रालयका सहसचिवले कार्यवाहक राजदूत चलाउँदै आएका छन् । सहसचिव कुमारराज खरेल कार्यवाहक राजदूत रहेकामा उनको कार्यकाल सकिएपछि वासिङ्टन डिसीमा नियोग उपप्रमुखका रूपमा सरुवा भएका सहसचिव शरदराज आरण हाल कार्यवाहक राजदूत छन् ।

रेग्मीलाई सरकारले अमेरिकाको राजदूतका रूपमा १४ साउनमा सिफारिस गरेको थियो । उनको नाम सिफारिसलाई २७ भदौमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको थियो । अमेरिकी सरकारले उनको नाममा स्वीकृति (एग्रिमो) पठाएपछि राष्ट्रपति पौडेलले २५ कात्तिकमा अमेरिकाका लागि राजदूत नियुक्त गरेका थिए । उनीसँगै चीनका लागि राजदूत डा. कृष्णप्रसाद पौडेलको नियुक्ति एकैदिन भएको थियो । राजदूत पौडेल तीन महिनाअघि नै बेइजिङ गएर जिम्मेवारी सम्हालिसकेका छन् ।

अमेरिकाका लागि राजदूत रेग्मीले १६ मंसिरमा राष्ट्रपति पौडेलबाट राजदूत पदको शपथग्रहण गरेका थिए । उनीसँगै सोही दिन जर्मनीका लागि राजदूत डा. शैल रूपाखेती, साउदी अरबका लागि डा. नरेशविक्रम ढकाल र अस्ट्रेलियाका लागि राजदूत चित्रलेखा यादवले शपथग्रहण गरेका थिए । रेग्मीबाहेक सबै राजदूत कार्यक्षेत्र पुगेर जिम्मेवारी सम्हालिसकेका छन् ।

पूर्वराजदूतहरूले विश्व व्यवस्था परिवर्तनको सँघारमा रहेका वेला, अमेरिकाले विश्वसँग सम्बन्ध पुनरावलोकन गरिरहेको समयमा अमेरिकामा राजदूत उपस्थित नहुनु सरकारकै लाचारी रहेको टिप्पणी गरेका छन् । तत्कालै राजदूत पठाउन र ट्रम्पका निर्णय र नीतिमा नेपाललाई फाइदा खोज्ने कूटनीतिक अग्रसरता लिन उनीहरूको सुझाव छ ।

'अहिलेको विश्व राजनीति परिवर्तन, अमेरिकाले सबै देशसँगको सम्बन्ध पुनरावलोकन गरिरहेको र दक्षिण एसिया हेर्ने टिमसमेत नयाँ बनाउने गृहकार्य गरिरहेका वेला हाम्रा राजदूत काठमाडौंमा रहनुभन्दा नराम्रो के हुन सक्छ ?' पूर्वराजदूत विजयकान्त कर्णले भने, 'अमेरिकाको बदलिँदो नीतिनिर्माण प्रक्रियामा नेपालले आफ्नो पक्षमा लबिङ गर्नुपर्नेमा राजदूत नै अनुपस्थित रहने अवस्था दुःखद छ । यसले राष्ट्रिय हितमा क्षति पुगेको छ ।' सामान्य समयमा पनि राजदूतको उपस्थिति महत्त्वपूर्ण हुने प्रतिक्रिया दिँदै उनले विश्व व्यवस्थाका लागि नै असामान्य समयमा नेपालले राजदूत नपठाउनु दुःखद रहेको टिप्पणी गरे ।

पूर्वराजदूत एवं अन्तर्राष्ट्रिय सम्बन्धका अध्येता युवनाथ लम्सालले तत्कालै सरकारले राजदूतलाई कार्यक्षेत्र जान निर्देशन दिनुपर्ने बताए । 'राष्ट्रपति ट्रम्पका नयाँ निर्णयले संसारभरि बहुआयामिक असर पर्न थालिसकेको छ । सहयोग स्थगनले संसारभरि मात्र नभएर हामीकहाँ पनि असर देखिएको छ । यो अवस्थामा कार्यक्षेत्रमा राजदूतको अनुपस्थिति अस्वाभाविक हो,' लम्सालले भने, 'ट्रम्प प्रशासनका निर्णयले हामीलाई आर्थिक, भूराजनीतिक असर पार्ने सन्दर्भमा अमेरिकामा हाम्रो कूटनीति सक्रिय र प्रभावकारी हुनुपर्छ । यो वेलामा राजदूत नै नजानु कूटनीतिक बेवास्ता हो ।'

कांग्रेस नेता...

पृष्ठ १ बाट क्रमशः

मा मालपोत कार्यालय मनमैजुको निर्णयपछि केसीको नाममा नामसारी नै गरेको भेटिएको छ । स्थानीयहरूका अनुसार उक्त जग्गा भएको क्षेत्रमा अहिले प्रतिआना ८० लाखमा कारोबार चल्दै आएको छ । यो दररेटअनुसार केसीले मिचेको जग्गाको मूल्य सात करोड २० लाख पर्न आउँछ । विगतमा यो जग्गामा नेवार समुदायका काखे बालबालिकाको मृत्यु हुँदा दाहसंस्कार हुने गर्थ्यो । उक्त क्षेत्रमा ०३९ मै ५१ आना जग्गा खरिद गरेका डा. केसीले आडैमा रहेको सरकारी नौ आना पनि मिचेका थिए ।

तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जन डा. केसी कम्पाउन्ड लगाएको जग्गा सरकारकै रहेको बताउँछन् । 'डा. सावले जहाँ कम्पाउन्ड लगाउनुभएको छ, त्यो जग्गा नेपाल सरकारकै हो । अहिले उक्त जग्गा नेपाल सरकारको नाममा ल्याउने कोसिस भइरहेको छ । यसमा कार्यमा डा. साव पनि सहमत हुनुहुन्छ । उहाँले वर्ष दिनअघि नै मिलाउनुहोस् भन्नुभएको हो । सोहीअनुसार काम अघि बढेको छ । वडा नं. ९ का अध्यक्ष श्यामकृष्ण महर्जन यस काम लाग्नुभएको छ ।'

मालपोत कार्यालय मनमैजु च.नं. ४१२, २४ साउन ०७६ को पत्रअनुसार मालपोत कार्यालय सट्टापट्टा समितिको १६ साउन ०७६ को निर्णयअनुसार कित्ता नं. ६२ को जग्गाधनी केदारनरसिंह केसी कायम गरिएको मालपोतको ढड्डामा उल्लेख छ । सोही कित्ता भएको क्षेत्रमा डा. केसीले ०३९ मा ५१ आना जग्गा खरिद गरेका थिए । जग्गा ढिस्कोको स्वरूपमा थियो । उनले उक्त ढिस्को खारे । त्यसपछि आफूले किनेको जग्गासँगै कित्ता नं. ६२ र ६३ को जग्गामा पनि कम्पाउन्ड लगाएका थिए । जग्गा मिचिएको विषयमा चर्चा भएपछि छानबिन गर्दा कम्पाउन्डभित्र भएको जग्गा लालपुर्जामा भन्दा धेरै देखिएको थियो । यो तथ्यलाई डा. केसीले पनि स्वीकार गरेका छन् । तर, अझै जग्गा छाडेका छैनन् ।

'मैले ०३९ सालमा त्यो ठाउँमा ५१ आना जग्गा किनेको हुँ । त्यसवेला त्यहाँ ढिस्को थियो । मैले फाँडेँ (सम्याउनु) । जग्गाको क्षेत्रफल केही बढ्‌यो । ढिस्को फाँडेपछि जग्गा बढ्ने नै भयो । मैले त्यसवेलाका तालुकवाला निकायमा सोधेँ । उहाँहरूले पर्खाल लगाउँदा हुन्छ भन्नुभयो । मैले त्यही गरेँ,' डा. केसी भन्छन्, 'मलाई मेरो ५१ आना जग्गाबाहेक केही चाहिँदैन । जीवनको उत्तरार्धमा म लोभ गर्दिनँ । बढी देखिए म छाडिदिन्छु ।'

केसीले मिचेको जग्गा सरकारकै नाममा ल्याएर पार्क बनाउने योजनामा नगरपालिका छ । यसका लागि बजेट पनि वियोजन भइसकेको छ । तर, केसीले जग्गा छाड्न अटेर गर्दै आएका छन् । तारकेश्वर- ९ का वडाध्यक्ष श्यामकृष्ण महर्जन मिचिएको जग्गा फिर्ता नहुँदा छुट्याएर तारबारसम्म गर्न नसकिएको बताउँछन् । 'डा. केसीले सरकारी जग्गा मिचेकोमा दुईमत नै रहेन । यस विषयमा उहाँसँग पटक-पटक छलफल गर्‍यौँ । छलफलमा त जग्गा छाडिदिन्छु नै भन्नुहुन्छ । तर, व्यवहारमा छाड्नुभएको छैन,' उनले भने, 'नगरपालिकाले उक्त क्षेत्रमा पार्क बनाउने योजना बनाएको छ । तारबारका लागि आठ लाख बजेट विनियोजनसमेत भइसकेको छ । तर, उहाँले छाड्न आलटाल गर्दा तारबारसमेत लगाउन सकिएको छैन ।'

५१ आनामध्ये ४८ आना आफ्नै नाममा राखेका केसीले तीन आना श्रीमतीको नाममा गराएका छन् । मालपोतले नगरपालिकालाई १६ साउन ०८१ मा च.नं. ३६२ को पत्रमा लेखेको छ, 'काठमाडौं जिल्ला साबिक मनमैजु वडा नं. ९ सिट नं. १०२०९४४२३ कि.नं. ६२ क्षेत्रफल २१.६२ वर्गमिटर जग्गाधनी केदारनरसिंह केसीका नाममा र कि.नं. ६३ को क्षेत्रफल २६३.६१ नेपाल सरकारको नाममा यस कार्यलयको मोठ स्रेस्तामा जनिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।' तर, कित्ता नं. ६३ को जग्गा सरकारकै नाममा भएपनि केसीले नै कम्पाउण्ड लगाएर मिचेका छन् ।

यो विषयमा संसद्‌मै प्रश्न उठेको छ । काठमाडौं क्षेत्र नं. ६ का सांसद शिशिर खनालले बिहीबार प्रतिनिधिसभा बैठकको शून्य समयमा भने, 'काठमाडौं क्षेत्र नम्बर ६ मा पर्ने तारकेश्वर- ९ को लोकतान्त्रिक चोकमा रहेको मचागाः (नेवार समुदायको चिहान) नेपाल सरकारको नाममा रहेको कित्ता नं. ६२ र ६३ को जग्गा कांग्रेसका नेताले कब्जामा लिई भोगचलन गर्दै आइरहेको र स्थानीयको गुनासो तथा उजुरीका बाबजुद स्थानीय सरकारले उक्त जग्गा संरक्षणमा कुनै पहल नगरेको आमगुनासो छ । समस्या समाधान गर्न म सरकारसँग माग गर्दछु ।'

पाल्हिनन्दन गाउँपालिका अध्यक्ष गुप्तालाई लागुऔषध मुद्दामा एक वर्ष कैद

नयाँ पत्रिका

पश्चिम नलवपरासीको पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्तालाई लागुऔषध मुद्दामा एक वर्ष कैद र दुई लाख जरिवाना सजाय भएको छ ।

नवलपरासी जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद अधिकारीको इजलासले गुप्तालाई कैदसँगै आठ हजार रुपैयाँ क्षतिपूर्ति शुल्क राहत कोषमा दाखिला गर्न आदेश भएको छ । पूर्वप्रहरीसमेत रहेका गाउँपालिकाका प्रहरी रघुनाथ धोबीलाई पनि दुई वर्ष कैद र चार लाख जरिवानाको फैसला भएको अदालतका सूचना अधिकारी भेषराज खनालले बताए । यो मुद्दामा २१ फागुनमा फैसला भए पनि बिहीबार सजाय निर्धारण भएको हो ।



बैजुप्रसाद गुप्ता

गुप्ता माओवादीबाट दोस्रोपटक गाउँपालिका अध्यक्षमा निर्वाचित भएका हुन् । यो मुद्दामा पाल्हिनन्दन गाउँपालिका- ३ का मन्टु भनिने विवेकप्रसाद पाण्डे अझै फरार छन् । २६ असोज ०७९ मा अदालतमा मुद्दा दायर भएको थियो ।

व्यापारिक प्रतिशोधमा फसाइएका दुई भारतीयले पाए सफाइ

व्यापारिक प्रतिशोधमा प्रहरी प्रयोग गरी लागुऔषध मुद्दामा फसाइएका दुई भारतीय नागरिक रामा गुप्ता (साह) र जितेन्द्र पासवानले सफाइ पाएका छन् ।

गुप्ता र पासवानबाट २२ असार ०७९ मा रामग्रामको पिपरहियाबाट २७० सेट डाइजेपाम, नुरफिन र फेनार्गन लागुऔषध बरामद भएको विवरण सार्वजनिक गरिएको थियो । तर, पछि छानबिनका क्रममा घटना विवरण नै बनावटी भएको र गाउँपालिका अध्यक्ष गुप्ताको योजनामा फसाइएको खुलेको थियो । त्यसपछि मात्र गाउँपालिका अध्यक्ष गुप्ता, उनका सहयोगी धोबी र विवेक पाण्डेविरुद्ध पनि लागुऔषध मुद्दामा सजायको मागदाबी लिई मुद्दा चलाइएको थियो । पाण्डे भने अझै फरार छन् । गुप्ता र पासवान निर्दोष रहेको खुले पनि बरामदी मुचुल्का सच्याउन नमिलेपछि उनीहरूविरुद्धसमेत मुद्दा दायर भएको थियो ।

पश्चिम नवलपरासीका तत्कालीन एसपी ऋषिराम कँडेलले खटाएका सादा पोसाकका प्रहरीले सो समूहसँग मिलेर उनीहरूलाई योजनाबद्ध रूपमा फसाएका थिए । नेपालमै कबाडीको व्यापार गर्दै रामा गुप्ताको विगतमा पाल्हिनन्दन गाउँपालिकाका अध्यक्ष गुप्तासँग व्यावसायिक साझेदारी थियो । दुवैले मिलेर एक मोटरसाइकल कम्पनीको कबाडी सामानको ठुलो ठेक्का हात पारेका थिए । त्यो ठेक्काको २० प्रतिशत आम्दानी रामालाई दिने सहमति भएको थियो । जुन करिब डेढ करोड रुपैयाँ हुन्थ्यो । तर, गुप्ताले राजनीतिक शक्तिका आधारमा त्यो पैसा नदिएपछि उनीहरूबिच सम्बन्ध बिग्रिएको थियो ।

रामाले उनलाई सामान बेच्न छाडे । त्यसपछि उनले मुद्दामा फसाइदिने धम्की दिँदै आए । जसअनुसार योजनाबद्ध रूपमा भेट्न बोलाई उनीहरूको छेउमा लागुऔषध फालेर प्रहरी बोलाई पक्राउ गराइएको थियो ।

हिल्साको हिउँमा फसेका ६ जनाको उद्धार



काठमाडौं / हुम्लाबाट चीनको ताक्लाकोट जाने क्रममा हिउँमा फसेका ६ जनाको सकुशल उद्धार गरिएको छ । नाम्खा गाउँपालिका- ६ यारीबाट ताक्लाकोट जान हिँडेका हुम्लाका ६ जना शनिबार साँझ हिल्सास्थित नारालेकको हिउँमा फसेका थिए । हिउँमा फसेको खबरपछि सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बिओपी) हिल्सा र नेपाल प्रहरीको संयुक्त सुरक्षा फौजले उद्धार गरेको हो । बिओपीबाट करिब १० किलोमिटर पूर्व-दक्षिणतर्फ रहेको स्थानबाट बिहीबार राति ८ बजे उद्धार गरेर हिल्सातर्फ ल्याइएको सशस्त्र प्रहरीका सहायक प्रवक्ता शैलेन्द्र थापाले बताए ।

विपन्न समुदायलाई चौतारा साँगाचोकगढी नगरले निःशुल्क स्वास्थ्य बिमा गरिदिने

सिन्धुपाल्चोक / चौतारा साँगाचोकगढी नगरपालिकाले आर्थिक अवस्था कमजोर भएका समुदायलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम ल्याएको छ । निर्वाचित भएलगत्तै नगर प्रमुख कृष्णप्रसाद सापकोटाले आर्थिक तथा व्यावहारिक कारणले स्वास्थ्योपचारबाट वञ्चित समुदायका लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने घोषणा गरेका थिए ।

निःशुल्क बिमा कार्यक्रमबाट नगरभित्रका कमजोर वर्ग लाभान्वित हुनेछन् । प्राथमिकताका आधारमा लाभग्राही छनोट गरिएको नगरपालिका जनस्वास्थ्य शाखा अधिकृत दिनेश नेपालले जानकारी दिए । उनका अनुसार जनयुद्ध र जनआन्दोलनमा घाइते ४० जना, सहिद तथा बेपत्ता परिवार करिब ७० जनाले निःशुल्क बिमा पाउनेछन् ।

तत्काल उपचार...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रमै रहेका अस्पतालहरूसँग समन्वय गरी आवश्यक पूर्वाधार उपलब्ध गराएर ट्रमा उपचारलाई प्रभावकारी बनाउने, दुर्घटनास्थलदेखि नजिकको स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मीको टोली घटनास्थलमै तत्काल खटाउने र यसले मानवीय क्षति घटाउने परियोजनाको लक्ष्य छ । 'सेफ करिडोर डेमोस्ट्रेसन प्रोग्राम'अन्तर्गतको परियोजनाका लागि सरकार र विश्व बैंकबिच ४ साउन ०७७ मा आर्थिक सम्झौता भएको थियो । सम्झौता भएको तीन वर्षपछि ०८१/८२ मा सरकारले १० करोड विनियोजन गर्‍यो । तर, यो परियोजनाअन्तर्गत अहिलेसम्म नागढुंगा-मुग्लिन सडकमा दुर्घटनामा परेका एकजना घाइतेको पनि उपचार भएको छैन । यसबिचमा दुर्घटना परेकाहरूले समयमै उपचार नपाउँदा ज्यान गुमाएका कैयौँ घटना छन् ।

परियोजना सञ्चालनका लागि सबैभन्दा पहिले विज्ञ तथा परामर्शदाता खोजिएको थियो । सुसुङ कन्सल्टेन्ट कम्पनीलाई उक्त परियोजनाबारे अध्ययन गर्न र परामर्शदाताको रूपमा काम गर्न टेन्डर पर्‍यो । यातायात तथा सडक पूर्वाधारविज्ञ इन्जिनियर पार्थ पराजुलीलगायत उक्त कम्पनीमा छन् । पराजुलीकै नेतृत्वमा कन्सल्ट्यान्ट 'हायर' पनि गरियो । उक्त विज्ञटिममा ट्रमासँग सम्बन्धित विशेषज्ञ चिकित्सकदेखि यातायात र पूर्वाधारविज्ञसम्म छन् । तर, विज्ञटिमले सडक दुर्घटना कम गर्न र घाइतेको उपचार गर्न सम्भव अस्पताल, एम्बुलेन्स, सडक र यातायातको चापलगायत विषयमा अध्ययन गरेर दुई वर्षअघि नै प्रतिवेदन बुझाए पनि सरकारले थप काम गरेको छैन ।

'मसमेत संलग्न विज्ञटिमले अध्ययन गरेर दुई वर्षअघि नै प्रतिवेदन बुझाएको हो । तर, सरकार आफैँले अघि सारेको परियोजना कार्यान्वयनमा चासो दिएको देखिएन,' हाडजोर्नी विशेषज्ञ डा. अशोकरत्न बज्राचार्यले भने, 'परियोजना लागू गर्दा पृथ्वी राजमार्गअन्तर्गत सबैभन्दा धेरै दुर्घटना हुने नागढुंगा-मुग्लिन सडकमा दुर्घटना न्यूनीकरण गर्न सकिन्थ्यो, दुर्घटनामा हुने मृत्युदर पनि कम गर्न सकिन्थ्यो ।'

सरकारले परियोजना अघि बढाउन तीन वर्षका लागि कन्सल्ट्यान्ट हायर गरेको थियो । यो अवधिसम्म कन्सल्ट्यान्टलाई दुई करोड दिने सम्झौता भएको थियो, एक करोड भुक्तानी भइसकेको छ । तर, अध्ययन गरेर दिएको सुझाव कार्यान्वयन नै नभएपछि विज्ञहरू चिन्तित बनेका छन् । विज्ञटिममा बज्राचार्य र पराजुलीबाहेक सशस्त्र प्रहरी अस्पतालका डिआइजी डा. रूपक महर्जन, सोही अस्पतालका हाडजोर्नी तथा ट्रमा विभाग प्रमुख डा. शैलेन्द्र दुवाल तथा इन्जिनियरहरू उमेशविन्दु श्रेष्ठ, सरोज प्रधान, मनीष थापा, आदित्य पौडेल र नेमी भट्टराई छन् । विज्ञटिमको काम सरकारलाई परामर्श दिने मात्रै हो भने परियोजना कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी सडक विभागअन्तर्गत महाशाखाको हो ।

'हामीले अध्ययन प्रतिवेदन दुई वर्षअघि नै पेस गरेका हौँ । तर, यति ठुलो परियोजनामा थप काम गर्न सरकारले चासो देखाएको छैन,' डा. बज्राचार्यले भने, 'मान्छेहरूले दुर्घटनामा ज्यान गुमाइरहेका छन् । दुर्घटनामा घाइते भएकाहरूलाई समयमै अस्पताल पुर्‍याउन नसक्दा मृत्यु हुनेदर धेरै रहेको अध्ययनमा खुलेको थियो ।

त्यसकारण विज्ञहरूले आवश्यक पूर्वाधार किन्नुपर्ने र ट्रमा उपचारलाई हाइवेकै क्षेत्रमा रहेका अस्पतालसँग समन्वय गरेर काम गर्न सकिने औँल्याएका थिए । यो परियोजना कार्यान्वयनका लागि मुख्यतः उपचारमा प्रयोग हुने उपकरण चाहिने विज्ञहरूले बताएका थिए । तर, उपकरण खरिद गर्दा नै १० करोड हाराहारी लगानी लाग्ने भएपछि सरकार पछि हटेको विज्ञचिकित्सक डा. बज्राचार्यले बताए ।

परियोजनाका लागि अहिलेसम्म कन्सल्ट्यान्टमा एक करोड र छलफल तथा गोष्ठीमा थप एक करोड खर्च भएको सडक विभाग वैदेशिक सहायता महाशाखाले जनाएको छ । 'ऋण सहायतामा यो परियोजना सुरु भएको हो, तर लागू भएको छैन, खर्च पनि धेरै भएको छैन, हालसम्म अध्ययन तथा विज्ञसम्मिलित कन्सल्ट्यान्ट र छलफल तथा गोष्ठीमा गरी दुई करोड खर्च भएको छ,' महाशाखाका इन्जिनियर मुकुन्द अधिकारीले भने, 'यो पाइलट परियोजना राम्रो भयो भने अन्त पनि लागू गर्ने भनिएको हो, तर हामीले काम गर्न सकिरहेका छैनौँ, यसमा दोष हाम्रो मात्रै पनि होइन ।'

यो परियोजना सडक निर्माणसँगै लागू हुने भएकाले एकैपटक कार्यान्वयन गर्न नसकिने उनको दाबी छ । 'यो परियोजना सडक निर्माणको क्रमसँग गरिने एउटा पार्ट मात्रै हो, त्यो सडक सुरक्षित छ वा छैन, ट्राफिक नियम, अस्पताल छन् वा छैनन्, एम्बुलेन्स छन् वा छैनन् भन्ने हो,' उनले भने, 'दुई वर्षअघिको सरकारको नीति तथा कार्यक्रममा राखिएका आधारमा यसको काम अघि बढेको थियो ।' सडक सुरक्षाका लागि चेतनामूलक होर्डिङ बोर्डहरू राख्नु, दुर्घटनापछि उद्धारका लागि रेस्क्यु टोली बनाउनु, नजिकका अस्पतालसम्म पुर्‍याएर उपचार गराउनु परियोजनाको उद्देश्य हो ।

सडक निर्माण थपिँदै गएका ठाउँमा सडक सुरक्षा बढाउने, ट्राफिक नियम पालना गराउने, अनुगमन गर्ने, क्यामेरा जडान गर्ने, नजिकको अस्पतालसँग समन्वय गर्ने, नियम मिच्नेलाई कारबाही गर्ने, दुर्घटनापछि उद्धार र उपचार गर्नेलगायत उद्देश्य परियोजनाको हो । पाइलट परियोजना भएकाले सुरुमा डेमोका रूपमा बढी दुर्घटना हुने नागढुंगा-मुग्लिन सडक छनोट गरिएको थियो । तर, कार्यान्वयन हुन सकेको छैन ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले उक्त पाइलट परियोजनाको काम प्रभावकारी नभएको स्वीकार गरे । 'यो योजना दुर्घटना न्यूनीकरणका लागि बनेको रहेछ, तर कार्यान्वयन त्यति राम्रो देखिएको छैन भनेर सुनिएको छ,' उनले भने, 'यसको कार्यान्वयन गर्ने मुख्य निकाय सडक सुरक्षा परिषद्, सडक विभागलगायत हुन्, तर कार्यान्वयन हुन नसक्नुको एउटा कारण कानुन पनि नबन्नु हो ।' सडक सुरक्षा परिषद् देशैभरका राजमार्गको सुरक्षा, यातायात र ट्राफिक व्यवस्थापनका लागि गठन गरिएको निकाय हो । तर, यसको पनि कानुन बनेको छैन । कानुनविना परिषद् नै बेकामे बनेको छ ।

१५-१५ मिनेटको दूरीमा उपचार गर्न सकिने सात अस्पतालसँग समन्वय गर्न सकिने विज्ञ टिमको सुझाव

चिकित्सक र इन्जिनियर रहेको नौसदस्यीय विज्ञटिमले नागढुंगा-मुग्लिन राजमार्ग खण्डमा १५-१५ मिनेटको दूरीमा उपचार गर्न सकिने अस्पतालहरूको पहिचान गरी सरकारलाई प्रतिवेदन बुझाएको थियो । टोलीले राजमार्ग क्षेत्रका सात अस्पतालको पहिचान गरेको छ । सशस्त्र प्रहरीले सञ्चालन गरेको पृथ्वी हाइवे ट्रमा सेन्टर, मुग्लिन हाइवे अस्पताल, कुरिनटार जनता केयर हस्पिटल, मलेखु टिचिङ हस्पिटल, हाइवे कम्युनिटी हस्पिटल, गजुरी हस्पिटल र गजुरी प्राथमिक स्वास्थ्य केन्द्र छनोट गरेको हो । यी अस्पतालमा जटिल प्रकारका समस्यामा उपचार हुन नसके पनि घाइतेलाई तत्काल प्राथमिक उपचार गराउन सकिने टोलीको सुझाव छ । यी अस्पतालसँग सम्झौता गर्ने र आवश्यक उपचार संयन्त्र व्यवस्थापन गर्ने जिम्मा भने सडक विभागअन्तर्गत वैदेशिक सहायता महाशाखाको हो । तर, महाशाखाले अस्पतालहरूसँग समन्वय गर्न चासो नै दिएको छैन । अध्ययनले पृथ्वी राजमार्गमा पर्ने नागढुंगा-मुग्लिन सडकलाई देशभरमै व्यस्त देखाएको छ । यो सडकमा एक घण्टामा साना ठुला गरेर एक हजार ६ सय गाडी पास हुन्छन् ।

सशस्त्रको पृथ्वी हाइवे ट्रमा सेन्टरकै भरमा राजमार्गको उपचार

नागढुंगा-मुग्लिन सडक खण्डमा पर्ने चितवनको इच्छाकामना गाउँपालिका- ४ स्थित सशस्त्र प्रहरीको (एपिएफ) पृथ्वी हाइवे ट्रमा सेन्टर सञ्चालनमा छ । अहिले उक्त हाइवे क्षेत्रमा दुर्घटनामा घाइते भएकाहरूको उपचार यही अस्पतालमा हुने गरेको छ । अस्पतालका चिकित्सक डा. निर्मल विकका अनुसार ६ वर्षअघि अमेरिकी सरकारको अनुदानमा यो अस्पताल बनेको हो । सशस्त्रकै बलम्बुस्थित अस्पतालमातहत यो अस्पताल चलिरहेको छ । 'यो अस्पतालको मुख्य उद्देश्य दुर्घटनाका बिरामीलाई उपचार सेवा दिने, सक्दो उद्धार गर्ने र रेफर गर्ने हो,' डा. विकले भने ।

विज्ञटिमले दिएको सुझावका आधारमा सरकारले यही अस्पतालसँग अन्य अस्पतालले पनि समन्वय गर्ने गरी परियोजना सञ्चालन गर्न खोजेको छ । तर, अहिलेसम्म सम्झौता गरेको छैन । 'परियोजना लागू भयो भने हामीले नजिकका अस्पतालसँग समन्वय गर्ने हो, तर सरकारले यसबारे कुनै सम्झौता गरेको छैन,' डा. विकले भने ।

पृथ्वी हाइवे ट्रमा सेन्टरमा हाल ३० बेड छन् । यो अस्पतालसँग 'नास क्याजुएल्टी भेइकल' छ । जसमा ६ बेडसहित भेन्टिलेटर, मनिटर, इको, इसिजी, भिडियो एक्सरेलगायत सुविधा जडान छ । दुर्घटनाका बिरामी बोक्न यो एम्बुलेन्स दौडिन्छ । राजमार्गबाट ४५० मिटरको दूरीमा रहेको अस्पतालमा हेलिप्याडको समेत सुविधा छ । हाइवेमा रहेका नौवटै अस्पतालमा जम्मा १४ वटा मात्रै एम्बुलेन्स छन् ।

हाइवेआसपासका अस्पताल भन्छन्- सरकारले छलफल मात्रै गरेको छ

राष्ट्रिय सडक सुरक्षा परिषद्‌ले परियोजना लागू गर्न राजमार्गआसपासका अस्पतालहरूसँग छलफल गरेको थियो । उक्त छलफलमा राजमार्गनजिकका अस्पतालका प्रतिनिधिहरू सहभागी थिए । छलफलमा सहभागी मुग्लिन हाइवे अस्पतालका प्रतिनिधि रमण ठाकुरले छलफलपछि कुनै प्रगति नभएको बताए । 'छलफल भएको पनि एक वर्षभन्दा बढी भइसक्यो, तर परियोजना कार्यान्वयनको कुनै सुरसार नै छैन,' उनले भने, 'कार्यान्वयनमा सरकारी पक्षले जोड दिनुपर्ने हो ।'

मलेखु अस्पतालका डा. राजन घिमिरेले पनि छलफलपछि अन्य प्रक्रिया अघि नबढेको बताए । 'एउटा मेकानिजम बनाएर उपचार गर्ने भनेर छलफल भएको थियो, तर कार्यान्वयन भएको छैन,' उनले भने, 'कसरी प्राथमिक उपचार गर्ने, सुरक्षित किसिमले अर्को अस्पतालमा कसरी लैजानेलगायतका बारेमा केही समयअघि एउटा बैठकचाहिँ भएको थियो, त्यो पनि कार्यान्वयन भएको छैन । हामीले जेजस्तो सकिन्छ, उपचार गरेर अन्त रेफर गर्दै आएका छौँ ।'

उपचारमा समन्वय गर्न खोज्ने, तर उपकरण नदिएपछि निजी अस्पताल असन्तुष्ट

नागढुंगा-मुग्लिन सडकखण्डमा रहेका अस्पतालहरूसँग ट्रमाका बिरामी उपचारका लागि आवश्यक उपकरण छैन । राज्यले तय गरेको संयन्त्रसँग काम गर्न अस्पतालहरूले आवश्यक उपकरण दिनुपर्ने माग गरेका थिए । करिब १० करोडको उपकरण माग गर्दै अस्पतालहरूले परिषद्‌लाई पत्र पनि लेखेका थिए । तर, त्यसप्रति सरकारले कुनै चासो दिएको छैन । उपकरणमा खर्च बढी लाग्ने भएपछि हाल जेजस्तो अवस्थामा छ, त्यही अवस्थामै उपचार गर्नुपर्ने भन्दै परिषद् पछि हटेको अस्पतालहरूले जनाएका छन् ।

'हामीले माग गरेका उपकरणहरू भएनन् भने सरकारले भनेजस्तो उपचार गर्न सक्दैनौँ, यदि सरकारले उपकरण दियो भने उपचार गर्न सक्छौँ,' मुग्लिन हाइवे अस्पतालका एक चिकित्सकले भने, 'तर, उपकरण खरिदमा महँगो शुल्क लाग्ने भएपछि सरकार पछि हटेको छ ।' अर्थ मन्त्रालयले नै सरकारी निकायले निजी अस्पताललाई उपकरण खरिद गरेर दिन नमिल्ने औँल्याएपछि उपकरण खरिद कार्य अघि बढ्न सकेको छैन ।

मावा नदीबाट...

पृष्ठ १ बाट क्रमशः

ढुंगा-गिट्टी झिक्दा खुकुलो मापदण्ड पनि मिचिएको छ ।

मिक्लाजुङ गाउँपालिकाका योजना अधिकृत दीपक रोका क्षेत्रीका अनुसार सम्झौतामा एभरासकोन-कालिका जेभीले चौडाइ ३५ मिटर तथा गहिराइ एक मिटरसम्म मात्र उत्खनन गर्न पाउने उल्लेख छ । चुरेमा वातावरणीय प्रभाव मूल्यांकनको रिपोर्टविपरीत नदीमा धेरै गहिरो खन्दा तटीय क्षेत्रको बस्तीमा कटानको समस्या बढेको बरालले बताए । ढुंगा, गिटी उत्खननका लागि मिक्लाजुङ गाउँपालिकाले यो वर्षका लागि दुई करोड ५९ लाख आठ हजार राजस्व तिर्ने गरी ठेक्का दिएको छ ।

यो कम्पनीले ९२ हजार ७५० घनमिटर नदीजन्य सामग्री उत्खनन गर्ने सम्झौता भएको गाउँपालिकाका योजना अधिकृत दीपक रोका क्षेत्रीले बताए । गाउँपालिका भने अवैध उत्खनन रोक्नेभन्दा पनि सम्झौताभन्दा धेरै ढुंगागिटी झिकिएको पाइए थप शुल्क लिने तयारीमा छ । 'नांगो आँखाले अनुगमन गरेर थाहा हुँदैन । एक मिटरभन्दा गहिरो उत्खनन गरेको भए पनि फाइनल रिपोर्टपछि हामी असुलउपर गर्छौँ । पहिला पनि त्यसै गरेको हो,' उनले भने ।

एभरासकोन-कालिका जेभीका प्रोजेक्ट म्यानेजर उज्ज्वल प्रसाईंले भने गल्ती भएको भए सच्याउने बताए । 'हाम्रो नांगो आँखाले हेरेर उत्खनन गर्ने हो । कति गहिरो हुन्छ थाहै पाइँदैन । कतै ८० सेन्टिमिटर मात्र हुन्छ । कतै डेढ मिटर पनि जान्छ,' उनले भने, 'त्यहाँ हामीले मात्र उत्खनन गर्दैनौँ । गल्ती भएको भए सच्याउँछौँ । वातावरण प्रतिकूल भएको छ भने हामी मेसिन लगेर पुर्छौं ।'

पूर्व-पश्चिम राजमार्ग विस्तारका नाममा पछिल्लो समय विभिन्न ठाउँमा अवैध उत्खनन हुँदै आएको छ । इलामको चुलाचुलीमा वातावरणीय प्रभाव मूल्यांकन नै नगरी जथाभावी चुरे दोहन गरेपछि स्थानीयले रोकेका थिए । त्यस्तै, झापाको दमकमा पूर्वराजा ज्ञानेन्द्र शाहको चिया बगानमा पनि कानुन नै मिचेर उत्खनन गरेपछि नयाँ पत्रिका दैनिकले समाचार प्रकाशन गरिसकेको छ ।

बिरिङ नदीमा पनि राजमार्ग विस्तारका नाममा अवैध उत्खनन गर्ने गरेको भन्दै स्थानीयको गुनासो छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत पूर्वीखण्डको सडक विस्तारको जिम्मा एभरासकोन-कालिका जेभीले पाए पनि पेटी ठेक्का इटहरीका व्यवसायी भीम पौडेलले लिएका छन् । उनकै संलग्नतामा विभिन्न ठाउँमा नदीजन्य सामग्रीको अवैध उत्खनन हुँदै आएको छ । यद्यपि, मुख्य ठेकेदार आफू नभएको भन्दै उनी पन्छिने गरेका छन् ।


अख्तियारले...

पृष्ठ १ बाट क्रमशः

माटो उत्खननका लागि कुन मितिमा र कुन निर्णयअनुसार अनुमति दिए/नदिएको हो त्यसको कागजात' उपलब्ध गराउन भनेको छ । त्यस्तै, बगानको जग्गा कति छ, हदबन्दी रहे/नरहेको तथा सर्तअनुसार प्रयोग भए/नभएको विवरण मागेको छ । तेस्रो बुँदामा दमक नगरपालिकाले स्वीकृति दिँदा वातावरणीय प्रभाव मूल्यांकन नगर्नुको कारण पनि अख्तियारले माग गरेको छ । चौथो बुँदामा उत्खननका लागि कति राजस्व लिएको हो त्यसको विवरणसमेत माग गरेको छ । यसबारे अख्तियार इटहरी कार्यालयसँग जानकारी लिन खोज्दा अनुसन्धानका बारेमा अहिले भन्न नमिल्ने प्रतिक्रिया आएको छ ।

दमक नगरपालिकाले कानुनविपरीत माटो उत्खननको स्वीकृति दिएकोबारे नयाँ पत्रिकाले २९ माघमा समाचार प्रकाशन गरेपछि अख्तियारले समाचारलाई नै उजुरी मानेर अनुसन्धान थालेको हो ।

दमक नगरपालिकाले पूर्व-पश्चिम राजमार्ग बिस्तारको काम गरिरहेको एभरासकोन-कालिका जेभीको



पेटी ठेक्का लिएका निर्माण व्यवसायी भीमबहादुर पौडेलबाट तीन लाख ५७ हजार राजस्व लिएर ६ हजार ७६४.३५ घनमिटर माटो उत्खनन गरी लैजान स्वीकृति दिएको थियो । जबकि संघीय वातावरण ऐन, नियमावली र कोशी प्रदेशको वन ऐन, नियमावलीअनुसार यति धेरै माटो उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । तर, दमक नगरपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण नगरी उत्खननका लागि स्वीकृति दिँदै राजस्व लिएको छ ।

ऐन र नियमावलीअनुसार दैनिक ५० देखि पाँच सय घनमिटर माटो उत्खनन गर्नका लागि अनिवार्य प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्छ । संघीय वन नियमावलीको नियम ३ सँग सम्बन्धित अनुसूची ३ अन्तर्गत प्रारम्भिक वातावरणीय परीक्षण खण्ड (ट) को २ मा भनिएको छ- 'साधारण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुंगा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननका लागि दैनिक ५० देखि ५०० घनमिटरसम्म उत्खनन कार्य गर्ने' उल्लेख छ । दमक नगरपालिकाले १७ पुसमा ६ हजार ७६४ घनमिटर माटो माघ मसान्तसम्म उत्खनन गर्न अनुमति दिएको थियो । १७ पुसदेखि ३० माघसम्म ४३ दिन हुन आउँछ । जसलाई हेर्दा निर्माण व्यवसायीले दैनिक १५७ दशमलव ३५ घनमिटर माटो उत्खनन गरेको थियो ।

पूर्वराजाको यो चिया बगान सरकारबाट चिया बगानका लागि अनुमति लिए पनि यसले माटो बेचबिखन गर्ने, अन्य कृषि बाली लगाउने, त्यहाँ रुखबिरुवा काट्नेलगायत काम गर्दै आएको छ ।

सुस्तायो कांग्रेसको महाधिवेशन दबाब अभियान

नेताहरू तितरबितर हुँदा सशक्त ढंगले दबाब दिन इतर समूह असफल

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

०८२ मा नियमित महाधिवेशन हुनुपर्ने कांग्रेसमा महाधिवेशनकेन्द्रित दबाब अभियान सुस्ताएको छ। संस्थापनइतर समूहमा देखिएको फुट र ०८२ मै महाधिवेशन हुनुपर्ने पक्षमा रहेका संस्थापन समूहका नेताहरूले एकीकृत रूपमा दबाब दिन नसक्दा फितलो बनेको हो।

कांग्रेसका नेताहरू विभिन्न कारणले ०८२ भित्रै महाधिवेशन हुने आधार कम हुँदै गएको बताउँछन्। महाधिवेशनको मितिबारे पनि टुंगो लागिसकेको छैन। डा. शेखर कोइरालानिकट नेताहरू गुरुराज घिमिरे, डा. चन्द्र भण्डारी, देवराज चालिसे, सरिता प्रसाईं, हृदयराम थानीलगायतले ०८२ भित्रै महाधिवेशनका लागि दबाब अभियान थालेका थिए। गत २७ मंसिरमा अनामनगरमा सम्पर्क कार्यालय खोलेर १५औं महाधिवेशनलाई समयावधिभित्रै सम्पन्न गराउन केन्द्रीय समितिमार्फत दबाब दिन औपचारिक अभियान सुरु गरेको थियो। तर, सशक्त ढंगले दबाब दिन सकेको छैन। 'हामीले अभियान थालेका हौं, तर अहिले केही गतिविधि गर्न सकिएको छैन,' नेता भण्डारीले भने।

अभियानको नेतृत्व गरेका नेता गुरुराज घिमिरे अभियानअन्तर्गत तत्काल कार्यतालिका बनाएर महाधिवेशनको प्रक्रिया थाल्न केन्द्रीय समितिमार्फत दबाब दिने र तल्लो तहमा पुगेर अन्तर्क्रिया गर्नेसम्मको कार्यक्रमको गृहकार्य भइरहेको बताउँछन्। तर, पछिल्ला घटनाक्रमका कारण प्रभावकारी हुन नसकेको उनको भनाइ छ। महाधिवेशन पक्षधर सबैलाई समेटेर सशक्त बनाउने घिमिरेले दाबी गरे।

'हाम्रो प्राथमिकता महाधिवेशन समयमै गराउनेमै छ। महाधिवेशन गर्न दबाबमूलक कार्यक्रमका लागि आन्तरिक गृहकार्य गरिरहेका छौं। यसबिचमा भएका विभिन्न घटनाक्रमले अलमल भएको हो। अब स्ववियु निर्वाचनमा केन्द्रित हुनु छ। महाधिवेशन समयमै हुनुपर्छ भन्ने मत राख्नेहरू संस्थापन समूहमा पनि हुनुहुन्छ। समयमै महाधिवेशनको आवश्यकता देख्नेजति सबैलाई समेटेर दबाब अभियानलाई सशक्त बनाउँछौं,' उनले भने। इतर समूहको नेतृत्व गरेका महामन्त्री गगन थापा र डा. शेखर कोइरालाबिच उत्पन्न दरारका कारण नेताहरू अलमलमा परेका छन्। जसकारण आफ्नो राजनीतिक भविष्यको सुनिश्चितता गर्नुपर्ने बाध्यताका कारण नेताहरू खुलेर लाग्ने या मौन बस्ने भन्ने मनोवैज्ञानिक दबाबमा छन्।

संस्थापन समूह जसरी पनि महाधिवेशन लम्ब्याउन चाहन्छ। सभापति शेरबहादुर देउवानिकट स्रोतका अनुसार अन्तिम कार्यकाल भएकाले पनि सम्भव भए ०८४ को निर्वाचन गराएर मात्रै महाधिवेशन गरेर पार्टी नेतृत्व हस्तान्तरण गर्ने देउवाको दाउ छ। जसअनुसार उनी महाधिवेशनको अवधि लम्ब्याउने तयारीमा लागेका छन्।



कांग्रेसको १५औं महाधिवेशन विधानतः चार वर्षभित्र ०८२ मंसिरमा हुनुपर्ने हुन्छ। विशेष परिस्थितिमा एक वर्ष कार्यकाल थप गर्ने सुविधा पनि छ। सदस्यताको टुंगो नलागी महाधिवेशन सुरु हुन सक्दैन। तर, प्रारम्भिक तयारीका रूपमा रहेको क्रियाशील सदस्यता वितरणको टुंगो लाग्न नसक्दा महाधिवेशन ढिलाइको आधार बनेको छ। सदस्यता नवीकरण र वितरणका लागि बनेको समितिको नेतृत्वमा जिम्मेवारी महामन्त्री थापालाई छ। इतर समूहको दबाब मत्थर भएसँगै संस्थापन समूहलाई भने 'हाइसन्चो' भएको छ। एकातिर दबाब सशक्त छैन भने पार्टी बैठकमा विषय उठान र छलफलको फोरम केन्द्रीय समिति बैठक बोलाउने कुनै टुंगो छैन। गत २३ साउनदेखि १६ भदौसम्म कांग्रेसको केन्द्रीय समिति बैठक बसेको थियो। तत्कालीन समयमा एमालेसँग सत्ता सहयात्राका लागि गरेको सातबुँदे सहमति अनुमोदन गरेको थियो।



● **गुरुराज घिमिरे**, युवा नेता, कांग्रेस

हाम्रो प्राथमिकता महाधिवेशन समयमै गराउनेमै छ। महाधिवेशन गर्न दबाबमूलक कार्यक्रमका लागि आन्तरिक गृहकार्य गरिरहेका छौं। यसबिचमा भएका विभिन्न घटनाक्रमले अलमल भएको हो। अब स्ववियु निर्वाचनमा केन्द्रित हुनु छ। महाधिवेशन समयमै हुनुपर्छ भन्ने मत राख्नेहरू संस्थापन समूहमा पनि हुनुहुन्छ। समयमै महाधिवेशनको आवश्यकता देख्नेजति सबैलाई समेटेर दबाब अभियानलाई सशक्त बनाउँछौं।

लामो समयसम्म बैठक नबोलाउँदा र महाधिवेशनसहितका महत्त्वपूर्ण विषय केन्द्रीय समितिमा छलफल नहुँदा कांग्रेसमा असन्तुष्टि छ। नेताहरूले केन्द्रीय समितिमा महाधिवेशनका विषय उठाउने तयारी गरेका छन्, तर बैठक बोलाउन ढिलाइ हुँदा यो विषय ओझेलमा पर्दै गएको छ। कांग्रेस विधानमा प्रत्येक दुई महिनामा कम्तीमा एकपटक केन्द्रीय समिति बैठक बस्नुपर्ने अनिवार्य व्यवस्था छ।

प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार केन्द्रीय समिति बोलाउने कुनै टुंगो छैन। 'केन्द्रीय समिति बैठक बोलाउनेबारे कुनै टुंगो लागेको छैन,' उनले भने, 'यस विषयमा पार्टीमा छलफल भइसकेको छैन।' सहमहामन्त्री महेन्द्र यादव कांग्रेसको पाँचवर्षे अवधिमा महाधिवेशन हुने प्रचलन रहेकाले समय थप हुने सम्भावनालाई अन्यथा लिन नमिल्ने बताउँछन्। महाधिवेशनको मितिबारे केन्द्रीय समितिमा छलफल भएर टुंगो लाग्ने उनको भनाइ छ। 'छलफलका लागि समय छ। पाँचवर्षे अवधिमा कांग्रेसको महाधिवेशन हुने गरेको छ। ०८२ मा नभए समयावधि थप हुनु नयाँ विषय होइन। यसबारे आँहिले नै पार्टीमा छलफल भएको छैन। समय आएपछि केन्द्रीय समितिमा छलफल हुन्छ र महाधिवेशनको मिति टुंगो लाग्छ,' उनले भने।

संस्थापन समूहकै नेताहरू पनि ०८२ मा महाधिवेशन हुनुपर्ने पक्षमा छन्, तर छलफल र दबाबका लागि एकीकृत भएर प्रयास हुन नसक्दा प्रभावकारी बन्न सकेको छैन। सहमहामन्त्री भीष्मराज आङ्देम्बे, केन्द्रीय सदस्यहरू बालकृष्ण खाण, एनपी साउद, मोहनबहादुर बस्नेत, नैनसिंह महरलगायत महाधिवेशन लम्ब्याउने देउवाको तयारीप्रति सन्तुष्ट छैनन्। महरले त मिसन महामन्त्रीको अभियान नै सञ्चालन गरिरहेका छन्। ०८४ को निर्वाचपछि महाधिवेशनका लागि सुझाव दिएका कांग्रेस पूर्वसहमहामन्त्री शशांक कोइरालासमेत पछिल्लो समय ०८२ भित्रै १५औं महाधिवेशन हुनु उपयुक्त हुने पक्षमा देखिएका छन्। गत १३ फागुनमा जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले चुनावका वेलामा अधिवेशन गराए निर्वाचनमा पार्टीलाई अप्ठ्यारो पर्ने बताउँदै ०८२ भित्रै महाधिवेशन गर्नु उचित हुने बताएका थिए। '०८४ को चुनावभन्दा दुई वर्षअघि महाधिवेशन गराएको राम्रो हो। त्यसपछि गरायो भने अप्ठ्यारोमा पर्छौं। चुनावको मुखमा अधिवेशन गरियो भने तिक्तताको बाटो हुन्छ। त्यसैले ०८२ मै महाधिवेशन गर्नुपर्छ। ०८२ मा गराउन सकिएन भने चुनावपछि नै गर्नु उपयुक्त हुन्छ भन्ने लाग्छ,' उनले भनेका थिए।

गत १६ पुसमा चितवनमा आयोजित कार्यक्रममा पनि उनले आमनिर्वाचनको मुखमा महाधिवेशन गर्न उपयुक्त नहुने बताएका थिए। निर्वाचनको मुखमा महाधिवेशन गराउँदा त्यसको असर निर्वाचनमा पर्न नहुनेमा उनको जोड थियो। '०८४ मा आमनिर्वाचन हुँदै छ। त्यसको दुई वर्षपहिले नै १५औं महाधिवेशन हुनुपर्ने हो। निर्धारित समयमा अधिवेशन हुन सकेन भने पार्टीभित्रको असन्तुष्टि बोकेर निर्वाचनमा जान सकिँदैन। निर्वाचनपछि मात्र महाधिवेशन गराउँदा उत्तम हुन्छ,' उनको भनाइ थियो। आगामी महाधिवेशनसँगै कांग्रेसको नेतृत्व परिवर्तन हुने भएसँगै कांग्रेसमा अस्तित्वमा रहेको गुटहरू फेरबदलको संघारमा छन्। तरल अवस्थामा रहेका गुटहरूको स्पष्ट आकार देखिइसकेको छैन। जसकारण समयमै महाधिवेशनका लागि दबाब प्रभावकारी हुन सकेको छैन।

केन्द्रदेखि वडासम्मै आन्दोलन गर्दै एकीकृत समाजवादी

'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने मूल नारासहित आन्दोलनका कार्यक्रम तय

प्रेम गौतम/नयाँ पत्रिका

एकीकृत समाजवादीले केन्द्रदेखि वडासम्मै आन्दोलनको तयारी गरेको छ। आन्दोलनका लागि उसले 'सुशासन र रोजगारी, समाजवादको तयारी' नारा तय गरेको छ। सुशासन र रोजगारीविना वर्तमान समस्याको समाधान नहुने एकीकृत समाजवादीको ठहर छ। त्यसका लागि कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रलाई एकीकृत समाजवादीले प्राथमिकतामा राखेको छ।

राजनीतिक नेतृत्व प्रतिबद्ध भए खाद्यान्न, तरकारी, माछामासु र फलफूलमा तीन वर्षमा नयाँ कृषि व्यवस्था बनाउन सकिने र त्यसबाट कृषिमा आश्रित ५१ प्रतिशत जनताको बेरोजगारी, अर्ध-अल्प बेरोजगारी समस्या समाधान हुने र मुलुक कृषि उत्पादनमा आत्मनिर्भर हुने दाबी एकीकृत समाजवादीको छ। हरेक लगानीलाई रोजगारी र उत्पादनसँग जोड्नुपर्ने, विप्रेषण र गैरआवासीय नेपालीको पुँजीलाई राष्ट्रिय पुँजी निर्माणको महत्त्वपूर्ण स्रोतका रूपमा परिचालन गर्दै १० वर्षमा औद्योगिकीकरणको पहिलो चरण पूरा गर्न सकिने एकीकृत समाजवादीको दाबी छ।

राजनीतिक र नीतिगत स्थिरतामार्फत विकास गर्ने वातावरण पाउँदा १० वर्षमा बर्सेनि कम्तीमा ४० लाख पर्यटक भित्र्याउन सकिने र हाल तीन लाखले रोजगारी पाएको पर्यटन क्षेत्रमा १० लाखभन्दा बढीलाई रोजगारी पुऱ्याउन सकिने एकीकृत समाजवादीको विश्वास छ। योजनाबद्ध पूर्वधार विकासले लामो समयसम्म रोजगारी सिर्जना गरिरहने उसले औंल्याएको छ।

एकीकृत समाजवादीले सार्वजनिक शिक्षाको निराशाजनक अवस्था फेर्न आधारभूत तहदेखि उच्च तहसम्मको सार्वजनिक शिक्षलाई निःशुल्क र गुणस्तरीय बनाएर गुणस्तरका हिसाबले निजी-सार्वजनिक शिक्षाको भिन्नता अन्त्य गर्नुपर्नेमा जोड दिएको छ। सबै सार्वजनिक शिक्षण संस्थामा आधुनिक सूचना प्रविधि पुऱ्याउनुपर्ने, आठ वर्षसम्मका सबै बालबालिकालाई ओगट्ने गरी हरेक वडामा प्रारम्भिक बाल विकास कार्यक्रम लागू गर्नुपर्ने, माध्यमिक तहका विद्यार्थीलाई पारिवारिक, सामाजिक तथा नागरिक जीवनका दायित्वबारे अध्ययन गराइने, १२ कक्षादेखि प्राविधिक शिक्षाको विशेष व्यस्था गरेर विद्यार्थीलाई उत्पादन र सेवाका क्षेत्रका मर्यादित रोजगारीका साथ बाँच्न सक्ने बनाइनुपर्ने एकीकृत समाजवादीको माग छ। शिक्षामा डिजिटल प्रविधिलाई जोड दिँदै भविष्यमा डिजिटल उत्पादनलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सकिने गरी विकास गर्ने, उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाउने, शिक्षा व्यवस्थालाई मुलुकको समृद्धि र समाजवादको ध्येयअनुसार बनाउनुपर्ने माग गरिएको छ।

यस्तै, सबैको पहुँचमा भएको सार्वजनिक स्वास्थ्य सेवा-सुविधाको जिम्मामा राज्यले लिनुपर्ने एकीकृत समाजवादीले जनाएको छ। राज्यले ध्यान दिँदा पाँच वर्षभित्रै आपत्कालीन शल्यक्रिया, विषपान, सडक दुर्घटनाको व्यवस्थापन गर्न सकिने जनशक्ति र आपूर्ति भएको आधारभूत स्वास्थ्य सेवा स्थानीय तहमा नै व्यवस्था गर्न सकिने एकीकृत समाजवादीको दाबी छ। संघर्षका कार्यक्रम सार्वजनिक गर्न एकीकृत समाजवादीले शुक्रबार पत्रकार सम्मेलन आयोजना गर्दै छ। मुलुकको अर्थराजनीतिक संकट र त्यसको समाधानसम्बन्धी अभियानबारे जानकारी दिने र सार्वजनिक रूपमा सुझाव आह्वान गर्ने एकीकृत समाजवादीका महासचिव एवं केन्द्रीय आन्दोलन संयोजन कमिटीका संयोजक घनश्याम भुसालले जानकारी दिए।



माधवकुमार नेपाल

२ देखि ५ चैतमा प्रदेशगत आधारमा जिल्ला कमिटीको संयुक्त भर्चुअल बैठक गरेर सुझाव लिने, २ देखि ४ चैतमा संसद्मा विशेष समय लिएर बोल्ने, ५ चैतमा सम्पादकसँग सुझाव लिने, ६ चैतमा सुशासन र संविधानबारे सुझाव लिने, ७ चैतमा आर्थिक सामाजिक रूपान्तरणबारे बुद्धिजीवीसँग सुझाव लिने, १९ चैतमा केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय तहमा सुझाव संकलनका विभिन्न कार्यक्रम गर्ने, २० चैतसम्म नेपाल सरकारलाई मागपत्र बुझाउने कार्यक्रम तय भएको छ। महासचिव भुसालको नेतृत्वमा उपमहासचिवहरू, सचिवहरू र केन्द्रीय कमिटीका सदस्यहरूको केन्द्रीय आन्दोलन संयोजक कमिटी गठन गरिएको छ। अध्यक्ष, सम्मानित नेता, वरिष्ठ नेताहरू, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूले आन्दोलनको अनुगमन गर्नेछन्।

संक्षेप

भिसाको प्रलोभनमा नपार्न शैक्षिक कन्सल्टेन्सीलाई शिक्षा मन्त्रालयको निर्देशन

काठमाडौं/ शिक्षा मन्त्रालयले कन्सल्टेन्सीहरूलाई वैदेशिक शैक्षिक सेवा उपलब्ध गराउँदा फ्री भिसा, रोजगारीको ग्यारेन्टी तथा डिपेन्डेन्ट भिसाको प्रलोभनमा नपार्न सचेत गराएको छ। शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ बमोजिम शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा र तयारी कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका संस्थाहरूको नवीकरण कार्य जारी रहेको जानकारी दिँदै मन्त्रालयले यस्तो निर्देशन दिएको हो। अनुमति नलिई शैक्षिक मेला, भेला तथा प्रदर्शनीलगायत कार्य नगर्नसमेत मन्त्रालयले चेतावनी दिएको छ। मन्त्रालयको अभिलेखमा कायम नरहेका शिक्षण संस्थाहरूमा अभिलेखीकरणसम्बन्धी प्रक्रिया पूरा नगरी अध्ययनका लागि सिफारिस नगर्न पनि मन्त्रालयले कन्सल्टेन्सीहरूलाई भनेको छ। मन्त्रालयले विद्यार्थी तथा अभिभावकलाई वैदेशिक शैक्षिक परामर्शका लागि अनुमति पाएका संस्थाबाट मात्र परामर्श लिने आग्रह गरेको छ। अध्ययन गर्न चाहेको शिक्षण संस्थाले उपलब्ध गराउने उपाधि, तह र अवधिको समकक्षता तथा वैधाकितिबारे सुसूचित हुन भनेको छ।

कार्की र बस्नेत एसपीमा बढुवा सिफारिस

काठमाडौं/ नेपाल प्रहरीका डिएसपीद्वय रविन कार्की र ज्ञानेन्द्रबहादुर बस्नेत एसपीमा बढुवा सिफारिस भएका छन्। नेपाल प्रहरी प्रधान कार्यालयको बढुवा समितिको सचिवालयले कार्की र बस्नेतलाई एसपीमा बढुवा सिफारिस गरेको हो। दुवैजना सिनियर डिएसपी हुन्। यसअघि उनीहरूलाई छुटाएर जुनियर ब्याचबाट बढुवा गरिएको थियो।

लहानमा दुई अर्ब लागतमा सुविधा सम्पन्न अस्पताल बन्दै

लहान/ मुटु तथा मधुमेहको आधुनिक जाँच र गुणस्तरीय उपचारका लागि लहानमा २५० शय्याको सुविधा सम्पन्न अस्पताल बन्ने भएको छ। जर्मनीको 'नेपाल मेड जर्मनी' र 'रोटरी क्लब कटुस' अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको करिब दुई अर्ब रुपैयाँ आर्थिक सहयोगमा अस्पताल निर्माण प्रक्रिया थालिएको छ। लहान नगरपालिका- ४ यज्ञभूमिमा नगरपालिकाले उपलब्ध गराएको ११ बिघा सार्वजनिक जग्गामा बन्ने अस्पतालको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको जानकारी दिँदै नेपाल हृदय रोग निवारण संघ, कार्डियो डाइबेटिज सेन्टरका कन्सल्टेन्ट फिजिसियन डा. सञ्जयप्रसाद साहले आगामी पाँच वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालन गरिने लक्ष्य रहेको बताए। नगरपालिकाले उपलब्ध गराएको जग्गामा तत्कालका लागि दुईवटा भवन निर्माण गरी गत ४ माघदेखि थालिएको मुटु तथा मधुमेहको ओपिडी सेवा सञ्चालन थालिएको छ।

युवाहरूबिच झगडा हुँदा शाहीको मृत्यु

कालीकोट/ कालीकोटको खाँडाचक्र नगरपालिका- १० चौकीमा भएको कुटपिटबाट एकजनाको मृत्यु भएको छ। बुधबार राति हस्तबहादुर मल्लको घरको विशेष पूजा (पछेटा) गर्ने क्रममा रमाइलो हेर्न आएका युवाहरूबिच झगडा भई कुटपिट हुँदा तिलागुफा नगरपालिका- ७ छाप्रेका १७ वर्षीय राजेश शाहीको मृत्यु भएको सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले बताए। १६ वर्षीय भूपेन्द्र शाही घाइते भएका छन्। कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले खाँडाचक्र- ९ का विवेक मल्ल र अर्का एक बालकलाई नियन्त्रणमा लिएको र अन्य व्यक्तिको खोजी भइरहेको डिएसपी टेकबहादुर रावतले बताए ।

जंगली हात्तीको आक्रमणबाट एकजनाको मृत्यु

बर्दिया/ जंगली हात्तीको आक्रमणबाट बर्दियामा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ठाकुरबाबा नगरपालिका- २ बलातीका ७० वर्षीय बोलीराम थारू छन्। बुधबार राति करिब ११ बजे बारीमा गहुँ खान आएको जंगली हात्ती लखेट्न जाने क्रममा हात्तीको आक्रमणबाट थारूको मृत्यु भएको ठाकुरबाबा नगरपालिका- २ का वडाध्यक्ष कमल चपाईंले बताए। हात्तीको आक्रमणबाट थारूको मृत्यु भएपछि स्थानीय त्रसित बनेका छन्।

एसइईमा विद्यार्थीले चिट चोरे ड्युटीमा खटिने शिक्षक कारबाहीमा पर्ने

महोत्तरी/ आगामी ७ चैतदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा मधेश प्रदेश सरकारले कडा निगरानी गर्ने भएको छ। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले विगतमा चिट चोरी गर्ने विद्यार्थीलाई कारबाही हुँदै आएकोमा यसपटकदेखि कक्षाकोठामा चिट, फ्लेप्स, मोबाइललगायत सामग्री फेला परे ड्युटीमा खटिने शिक्षक र निरीक्षकमाथि नै कारबाही हुने जानकारी दिए। परीक्षालाई अमर्यादित बनाउनेहरू दण्डित हुने उनले बताए। उनले परीक्षामा गलत गर्नेले कारबाही भोग्नुपर्ने भए पनि राम्रो गर्नेलाई प्रोत्साहित गर्नसमेत सरकार पछि नहट्ने बताए। उत्कृष्ट परीक्षा सञ्चालन गर्ने तीन परीक्षा केन्द्रलाई पुरस्कृत गर्नेसमेत उनले घोषणा गरे। 'राम्रो गर्नेलाई हौस्याउनुपर्छ भने गलत गर्नेलाई दण्डित गर्नुपर्छ,' मुख्यमन्त्री सिंहले भने। सोमबार बसेको प्रदेशस्तरीय परीक्षासम्बन्धी कार्यक्रममा आफूले विगतमा परीक्षा केन्द्रमा समातिने मोबाइल फिर्ता दिने गरिएकोमा यसपटकदेखि बरामद हुने मोबाइल फिर्ता नहुने बताएको जानकारी दिए।

मधेश प्रदेशमा एक हजार २३१ वटा विद्यालयबाट ८८ हजार ८५८ जना विद्यार्थी एसइईमा सामेल हुँदै छन्। उनीहरूका लागि प्रदेशभरि ३१२ परीक्षा केन्द्र तोकिएको छ। ३१२ परीक्षा केन्द्रका लागि ३१२ जना केन्द्राध्यक्ष, ४५९ जना सहायक केन्द्राध्यक्ष, चार हजार ३७० निरीक्षक, ७५५ परीक्षा सहायक र एक हजार ६६६ जना कार्यालय सहयोगी खटाइने मधेश प्रदेश शिक्षा निर्देशनालयले जनाएको छ। परीक्षालाई मर्यादित र सुरक्षित बनाउन चार हजार ६८० सुरक्षाकर्मी र १२ हजार २४२ जना कर्मचारी खटाइने भएको छ। निर्देशनालयका अनुसार सिराहामा ४९, धनुषामा ४५, बारामा ४२, रौतहटमा ४०, सर्लाहीमा ३८, सप्तरीमा ३७, महोत्तरीमा ३२ र पर्सामा २९ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।

'ए' प्लस ल्याउनेलाई वडाले जनही २५ हजार दिने

मकवानपुर/ हेटौंडा उपमहानगरपालिकाको एउटा वडाले एसइईमा 'ए' प्लस नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहनस्वरूप २५ हजार रुपैयाँ दिने भएको छ। हेटौंडा उपमहानगरपालिका-१७ का वडाध्यक्ष उद्धव सत्यालले वडा कार्यालयले एसइईमा 'ए' प्लास नतिजा ल्याउने विद्यार्थीलाई जनही २५ हजार रुपैयाँ नगद दिने घोषणा गरेका छन्। उनले वडाबाट एसइईमा सहभागी हुने विद्यार्थीको बिदाइ कार्यक्रममा 'ए' प्लस नतिजा ल्याए जनही २५ हजार रुपैयाँ पुरस्कार दिने बताएका हुन्। उनले आफ्नो घोषणाले विद्यार्थीलाई पढाइका लागि प्रेरणा मिल्नुका साथै उच्च शिक्षा अध्ययनका लागि सहयोगसमेत हुने विश्वास व्यक्त गरे। वडाध्यक्ष सत्यालले हेटौंडा- १७ मा बालबोध माध्यमिक विद्यालय र राजदेवी माध्यमिक विद्यालय गरी दुईवटा माविं विद्यालय रहेको बताए। दुवै विद्यालयमा गरी यस वर्ष ५४ जनाले एसइईमा सहभागिता जनाउँदै छन्।

पूजापाठपछि परराष्ट्रमन्त्री राणा दिल्लीमा

काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा भारतको झारखण्डस्थित बाबा वैद्यनाथधामको दर्शन गरेर बिहीबार नयाँदिल्ली पुगेकी छिन्। पूजापाठ, स्वास्थ्योपचार र रायसिना डायलगलाई सम्बोधन गर्ने गरी उनी तीन दिनदेखि भारतमा छिन्। झारखण्डबाट दिल्ली पुग्दा परराष्ट्रमन्त्री राणालाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मनु महावर तथा भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले स्वागत गरेका छन्। दिल्ली बसाइका क्रममा परराष्ट्रमन्त्री राणाले भारतीय समकक्षी डा. एस जयशंकरसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ। भारतको विदेश मन्त्रालयसँगको सहकार्यमा 'द अब्जर्भर रिसर्च फाउन्डेसन' (ओआरएफ) द्वारा ४ देखि ६ चैतसम्म नयाँदिल्लीमा आयोजित राइसिना डायलग कार्यक्रममा परराष्ट्रमन्त्री राणा सहभागी हुने कार्यक्रम छ। उनले ४ चैतमा जलवायु परिवर्तनको अवस्था र समस्या तथा दक्षिण के चाहन्छ नामक अलग-अलग सत्रमा नेपालका तर्फबाट सम्बोधन गर्ने कार्यक्रम छ।

पहाडी र हिमाली जिल्लामा मनाइयो होली, तराईमा आज

होलीका दिन बिहीबार राजधानीका सडकमा चेकजाँच गर्दै ट्राफिक प्रहरी।

काठमाडौंको वसन्तपुरमा होलीमा रमाउँदै विदेशी पर्यटक। तस्बिर : **दिपेन्द्र र संजित**/नयाँ पत्रिका

नयाँ पत्रिका

पहाडी र हिमाली जिल्लामा बिहीबार हर्षोल्लासका साथ फागुपर्व मनाइएको छ। शुक्रबार तराईका जिल्लामा फागु पर्व मनाइन्छ।

काठमाडौंको वसन्तपुर क्षेत्रमा युवा र विदेशी पर्यटकले होली मनाएका छन्। होली मनाउन बिहीबार सयौंको संख्यामा उपस्थित भएकाले एक-अर्कामा अबिर लगाउँदै रमाइलो गरेका थिए। वसन्तपुरमा हरेक वर्ष होली मनाउन आउनेको भिड लाग्छ। उपत्यकाका तीन जिल्लामध्ये होलीमा वसन्तपुर क्षेत्रमै युवाहरूको भिड लाग्छ। प्रेम, आकर्षण र उमंगको फागुपर्व नेपाल घुम्न आएकाले पनि रमाइलो मान्दै मनाए। मुख्यतः तीन जिल्लाका दरबार क्षेत्रमा पर्यटकहरू होली खेल्न पुगेका थिए। उनीहरूले पनि एक-अर्कामा रङ दलेर होली मनाए।

होलीको अवसरमा विशेषगरी पाटन दरबार, वसन्तपुर दरबार र भक्तपुर दरबार क्षेत्रका साथै दरबारमार्गमा मानिसहरू भेला हुने गर्छन्। यहाँ विभिन्न सांस्कृतिक कार्यक्रम पनि गर्ने गरिन्छ। बिहीबार होलीका अवसरमा यस क्षेत्रमा सांस्कृतिक कार्यक्रमसमेत गरिएको छ। होलीका अवसरमा यसअघिका वर्षहरूमा इच्छाविपरीत पानी र रङ छ्यापाछ्याप हुने गरेकोमा पछिल्ला वर्षहरूमा रोकिएको छ। होलीको अवसर पारेर सरकारले बिहीबार पहाडी र हिमाली जिल्लामा सार्वजनिक बिदा दिएको थियो। शुक्रबार भने तराईका जिल्लामा होली मनाइन्छ। सरकारले तराईका जिल्लामा शुक्रबार सार्वजनिक बिदा दिएको छ। होली पर्वमा अप्रिय र उच्छृंखल गतिविधि नभएको नेपाल प्रहरीले जनाएको छ। होलीका अवसरमा हुने तडकभडक र हो‌हल्ला रोक्न झन्डै १२ हजार सुरक्षाकर्मी परिचालन भएको थियो।

■ एक हजार ४१८ चालक कारबाहीमा

फागुपर्वका अवसरमा ट्राफिक प्रहरीले उपत्यकाका ८३ ठाउँमा चेकजाँच प्वाइन्ट बनाएर कडाइ गरेको थियो। जसमा ६९४ जना ट्राफिक प्रहरी खटिएका थिए। होलीमा ट्राफिक नियम उल्लंघन गरेको भन्दै एक हजार ४१८ चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता सञ्जयबहादुर राउतले जानकारी दिए। उनका अनुसार नौजनालाई लागुऔषध सेवन गरेको भेटिएपछि पक्राउ गरिएको छ। 'होलीमा हट्टाफिक चेकजाँच कडा पारेका थियौं, नियम मिच्नेलाई कारबाही पनि भयो,' उनले भने। जिल्ला प्रहरी परिसर काठमाडौंले ६५ जनालाई पक्राउ र २२१ सवारीसाधन नियन्त्रणमा लिएको जनाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले होलीका क्रममा उच्छृंखल गतिविधिमा संलग्न ६५ जनलाई पक्राउ गरिएको र उनीहरूलाई अनुसन्धानपछि साँझ छाडिएको बताए।

१२० किमि पूरा गरी जनकपुरधाम फर्कियो माध्यमिकी परिक्रमा

जनकपुरधाम/ नेपाल र भारतका विभिन्न १५ स्थानको परिक्रमा गर्दै माध्यमिकी परिक्रमा बिहीबार जनकपुरधाम फर्केको छ। धार्मिक तथा ऐतिहासिक पदयात्रा मिथिला मध्यमा परिक्रमावासी जनकपुरधाम फर्केर शुक्रबार अन्तरगृह परिक्रमामा सहभागी हुँदै छन्। नेपालका धनुषा र महोत्तरी तथा भारत बिहारका विभिन्न धार्मिक ऐतिहासिक ठाउँहरू परिक्रमाअन्तर्गत नेपालको ९० र भारतको ३० गरी १२० किलोमिटर भूभागको पैदल यात्रा गरिन्छ। बृहत्, मध्य र अन्तरगृह गरी तीन प्रकारको परिक्रमा गरिन्छ। धनुषाको मिथिला बिहारी नगरपालिकास्थित कचुरीबाट निस्किएको मिथिला बिहारीको डोला र जनकपुरधामबाट किशोरीजीको डोलासहित सुरु भएको परिक्रमाको सुरुवात १८औं शताब्दीभन्दा केही अगाडि भएको वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलले बताए।

परिक्रमाअन्तर्गत क्रमशः जनकपुरको हनुमाननगर, बिहारको कलनास्थित कल्याणेश्वर, भारतकै फुलहरस्थित गिरिजा स्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, ध्रुवकुण्ड, कञ्चनवन, धनुषाका पर्वता, धनुषाधाम, सतोखर, औरही, करुण (भारत), बिसौल (भारत) र यात्राको अन्तिम दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गरी मध्य परिक्रमा सम्पन्न हुने सुन्दर सदनका कुट्टीका महन्थ नवलकिशोर शरणले बताए। परिक्रमामा भारतको आयोध्या, मथुरा, दरभंगा, सीतामाढी, वैद्यनाथधामलगायतका साधुसन्तको पनि सहभागिता रहने गरेको छ।

अनुभूति हुन नसकेको उपभोक्ता अधिकार

संविधानप्रदत्त उपभोक्ताको मौलिक अधिकार संरक्षण र प्रवर्द्धन गर्न सरकार जुन रूपमा जिम्मेवार हुनुपर्ने हो, त्यो पटक्कै अनुभूति भएको छैन



● माधव तिमिल्सिना

अग्रलेख

मार्च १५ का दिन संसारभर विभिन्न कार्यक्रम गरेर विश्व उपभोक्ता अधिकार दिवस मनाइन्छ। यस वर्ष पनि २ चैत अर्थात् १५ मार्चमा 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता हित संरक्षणको दिगो आधार' नाराका साथ यो दिवस विश्वभर मनाइँदै छ।

सुरक्षा, छनोट, सुनुवाइ र सूचना चारवटा अधिकार १५ मार्च १९६२ मा अमेरिकी कंग्रेसबाट पारित भएको दिनको सम्झनास्वरूप यो दिवस मनाइन्छ। विगत केही वर्षदेखि नेपालमा पनि विभिन्न कार्यक्रम गरेर एक दिन औपचारिकता दिन यो दिवस मनाइन्छ। संविधान प्रदत्त उपभोक्ताको मौलिक अधिकार संरक्षण र प्रवर्द्धन गर्न सरकार जुन रूपमा जिम्मेवार हुनुपर्ने हो, त्यो पटक्कै अनुभूति भएको छैन। आमउपभोक्ताको जिउ, स्वास्थ र सम्पत्तिसँग जोडिएको विषय मानवको बाँच्न पाउने अधिकारसँग जोडिएको उपभोक्ता अधिकार दिवसलाई राष्ट्रिय दिवसका रूपमा देशव्यापी सबै प्रदेश र स्थानीय सरकारले मनाउने गरेका छन्। राष्ट्रिय पर्वका रूपमा मनाउँदै वर्षभर गर्ने कार्यहरूको योजनासहित प्रतिबद्धता जाहेर गर्ने दिनका रूपमा समेत यस दिनलाई लिने गरिन्छ। विगतका वर्षदेखि नै यो दिवसलाई नारामा मात्र सीमित नगरी संविधानको धारा ४४ ले प्रत्याभूत गरेको अधिकार मूल्य, गुणस्तर र नापतौलमा एकरूपता कायम गर्न सबै निकायबिच आपसी समन्वय र सहकार्य गर्दै देशव्यापी रूपमा आमउपभोक्तामा तिनका अधिकार र कर्तव्यबारे सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्नुपर्नेमा केवल झारा टार्ने नियतले एकदिने दिवस मनाइँदा हुँदा खाने वर्ग, न्यून आय भएका दैनिक ज्यालामजदुरी गर्ने वर्ग झन् पीडित भएको अवस्थासमेत छ। बजारमा अराजकता र उच्छृंखलता बढ्दै गएको छ। गलत कार्यलाई नियन्त्रण गर्दै असल अभ्यासलाई पुरस्कृत गर्ने प्रणाली स्थापित गर्दै विधिको शासन र कानुनी राज्यको आभास दिलाउन धेरै ढिलो भइसकेको छ।

नेपाल सरकारले उपभोक्ता संरक्षण ऐन २०७५ को पूर्ण कार्यान्वयन गर्दै कार्यान्वयनको चरणमा देखिएका कमजोरीलाई समय-समयमा परिमार्जन गर्न या पुनर्लेखन गर्न आवश्यक छ। स्वच्छ बजारको आधारस्तम्भ निर्माण गर्दै उपभोक्ता हित संरक्षणमा विशेष ध्यान दिनुपर्छ। नागरिक सन्तुष्टिको मूख्य आधार सुशासन हो। बजारमा हरेक क्षेत्रमा सुशासन अति आवश्यक छ। साथसाथै, वस्तु र सेवाको हरेक क्षेत्रमा वास्तविक उपभोक्ताको प्रतिनिधित्व गर्न उचित व्यवस्था मिलाउनुपर्छ अनि मात्र यस्तो दिवसले सार्थकता प्राप्त गर्छ। स्थानीय, प्रदेश र संघमा उपभोक्ता हित र स्वच्छ र प्रतिस्पर्धी बजार कायम गरी पूर्ण कानुनी राज्यको अनुभूति दिलाउन नीति, नियम, कानुन, निर्देशिका तथा मापदण्डको सहजीकरणमा विशेष कार्यक्रम कार्यान्वयन गर्नुपर्छ। न्यायिक सक्रियतामा सुधार ल्याउनुपर्छ।

भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्य सम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ। उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधान प्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि उपभोक्ता अदालत अपरिहार्य थियो, जुन छिटै पूरा हुँदै छ। यस्तो अदालत ७७ वटै जिल्लामा गठन गरेमा मात्र वास्तविक रूपमा सरकार आमउपभोक्ता अधिकारप्रति प्रतिबद्ध छ भन्ने प्रमाणित हुन्छ। संविधानको धारा ४१ ले अदालत गठन गर्न भने पनि धेरै लामो समयपछि बल्ल २ चैतमा उद्घाटन हुँदै छ। उद्घाटनपछि यो अदालत आमउपभोक्तासम्बद्ध मुद्दामा कसरी सक्रिय हुन्छ, त्यो हेरेपछि देखिएका कमी-कमजोरीबारे सबै सरोकारवाला निकायले खबरदारी गर्नुपर्ने अवस्था आउन सक्छ।

बस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा ७ प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनि मात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ। सँगसँगै अदालतप्रति पनि आमविश्वास बढाउन आवश्यक छ। होइन भने, अहिले मैजुदा संयन्त्रले काम नगरेजस्तै उपभोक्ता हित र स्वच्छ बजार कायम गराउने कार्यमा अदालत पनि कमजोर बन्न सक्छ। भर्खरै गठन हुँदै गरेको उपभोक्ता अदालत उभोक्तावादी संघसंस्थाले विगत लामो समयदेखि माग गरे पनि यसले भर्खर मात्र सार्थकता पाएको छ। अब सबै मिलेर यसको



सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि स्कुलसम्म लागू हुनुपर्छ। विशेष कार्ययोजनासहित 'जाग उपभोक्ता जाग' कार्यक्रम कार्यान्वयनमा ल्याउँदै इमानदार तथा जिम्मेवार राज्य संयन्त्र निर्माण गर्नु आजको आवश्यकता हो।

प्रभावकारितालाई अझ सशक्त बनाउन आवश्यक छ। बजार व्यवस्थापन उपभोक्ता हक-अधिकार संरक्षण र प्रवर्द्धन गर्न सबै निकायको अधिकार दायित्व र कार्यक्षेत्र प्रस्ट रूपमा बाँडफाँड गर्नुपर्ने देखिन्छ। उपभोक्ता हितविपरीतको कसुर ३६५ दिने हुने हुँदा चुस्त-दुरुस्त र पारदर्शी संयन्त्रबाट अनुगमन र नियमन तथा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। अत्यावश्यक खाद्य सामग्री तथा गैर खाद्यसामग्रीको मूल्य, गुणस्तर र नियमित आपूर्तिको व्यवस्था मिलाउँदै गुणस्तरलगायतको नियमन नियन्त्रण अति आवश्यक छ। स्पष्ट आपूर्ति नीति, बजार नीति, उपभोक्ता हित संरक्षण नीतिलगायत कार्यान्वयनमार्फत एउटा नागरिक वस्तु र सेवाको उपभोग गरेर फर्कंदा ढुक्क हुने वातावरण सिर्जना गर्नुपर्छ।

तपाईंको घरमा धारा छ। तर, पानी नआउन पनि सक्ला, बत्तीको बिल पनि आउला। तर, बत्ती बाल्न घन्टौं कुर्नुपर्ने हुन सक्छ। ग्यास पाउन पनि महिनौं कुर्नुपऱ्यो होला। यस्ता नियति हामी उपभोक्ताले विगत लामो समयदेखि भोगिरहेका छौं। बजार अझै उपभोक्तामुखी बन्न सकेको छैन। उपभोक्ताहरू विभिन्न बहानामा लुटिएकै छन्। समय बित्दै जान्छ, अधिकार दिवस मनाइन्छ, जान्छ फेरि आउँछ। खासगरी सन् १५ मार्च १९६२ मा पहिलोपटक अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले सदनबाट उपभोक्ताका चार अधिकार पारित गरेपश्चात् १५ मार्चलाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा नेपाललगायत संसारभर मनाइन्छ।

संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौं ऐन-कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न २ चैतको विशेष दिनमा विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ

१९६२ हुँदै १९८५ मा संयुक्त राष्ट्र संघको महासभाबाट अनुबन्ध पारित भएपश्चात् विश्वमा उपभोक्ता अधिकारका विषयले गति लिएको मान्न सकिन्छ भने नेपालमा संस्थागत रूपमै वि.सं. २०१५ पुसदेखि अगाडि बढेको पाइन्छ। यसको क्रमिक विकाससँगै आमउपभोक्ताका अधिकारलाई व्यवस्थित र संरक्षण गर्न उपभोक्ता संरक्षण ऐन २०५४ र नियमावली २०५६ समेत बन्यो। यही ऐनमार्फत उपभोक्तालाई सुरक्षित हुन पाउने अधिकार, सूचनाको अधिकार, विश्वस्त हुने अधिकार, छनोटको अधिकार, क्षतिपूर्ति पाउने अधिकार र उपभोक्ता शिक्षाको अधिकार प्रत्याभूत गरिएको छ। साथै, यसलाई प्रभावकारी र व्यवस्थित गर्न तथा बजारलाई प्रतिस्पर्धी, स्वस्थ र सहज आपूर्ति व्यवस्थापन मिलाउन केन्द्रीयस्तरमा उपभोक्ता संरक्षण परिषद्, केन्द्रीय अनुगमन समिति, जिल्ला अनुगमन समिति र जिल्ला क्षतिपूर्ति समितिसमेत बनेका छन्। विश्वका अन्य विकसित देशमा १९८५ देखि सुरु भएको उपभोक्ता आन्दोलनको प्रभाव र विकास नेपालमा भने २०५५ सालपश्चात् मात्र भएको मान्न सकिन्छ। १५ मार्चको सेरोफेरोमा रहेर नेपालमा उपभोक्ता आन्दोलनको गति र सार्थकतालाई अन्य देशसँग तुलना गर्ने हो भने हामी एक युग पछाडि रहेको महसुस हुन्छ। यद्यपि उपभोक्ताका हकहितलाई सही सम्बोधन गर्ने राज्यका स्पस्ट नीति नहुनु, बनेका कानुन समयसापेक्ष परिमार्जित नहुनु र उपभोक्ता शिक्षाको अभावबिच पनि विगत केही समययता नेपालमा उपभोक्ता आन्दोलनले वामे सार्दै गरेको तथ्यलाई भने सकारात्मक संकेतका रूपमा लिन सकिन्छ।

प्रदेश र स्थानीय पालिकामा अनिवार्य रूपमा एउटा सुपथ मूल्य पसल उपभोक्ता हकहित सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइको स्थापना र सञ्चालन नहुँदा सबै क्रियाकलाप देखावटी र कर्मकाण्डी भएकाले यसलाई प्रभावकारी बनाउन आवश्यक छ। उपभोक्ता हित, स्वच्छ बजार, गुणस्तर र मापदण्ड निर्माण गर्ने विभाग, खाद्य प्रविधि, औषधि व्यवस्था, नेपाल गुणस्तर, कृषि पशु स्वास्थ्य शिक्षा, यातायात सञ्चार, विद्युत्, खानेपानीजस्ता विभागको एकीकृत कार्ययोजना सहज कार्यान्वयनका लागि विशेष कार्यक्रम नीतिगत रूपमा प्रस्ट पार्नुपर्नेछ। सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि स्कुलसम्म लागू हुनुपर्छ। विशेष कार्ययोजनासहित 'जाग उपभोक्ता जाग' कार्यक्रम कार्यान्वयनमा ल्याउँदै इमानदार तथा जिम्मेवार राज्य संयन्त्र निर्माण गर्नु आजको आवश्यकता हो।

उपभोक्ता अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन अति आवश्यक छ। मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले ठुलो सकारात्मक प्रभाव पार्छ। उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ-नयाँ सोच ल्याउन आवश्यक छ। उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौं ऐन-कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न २ चैतको विशेष दिनमा विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ। अन्यथा, विगतका वर्षमा जस्तै वर्षभर आपूर्तिको समस्या मूल्यवृद्धिको मार, गुणस्तरहीनताको प्रभावलगायतबाट मुक्ति पाउन सकिँदैन। त्यसैले नारामा मात्र सीमित नहोस् विश्व उपभोक्ता अधिकार दिवस।

(तिमिल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)

---

३ प्रश्न

पूर्वअर्थमन्त्री **डा. प्रकाशचन्द्र लोहनी**लाई



वैदेशिक ऋण लगातार बढिरहनुले के संकेत गर्छ ?

वैदेशिक ऋण बढ्नु आत्तिनैपर्ने विषय त होइन। तर, विगत केही वर्षयता नेपालको ऋण वृद्धिको दर अस्वाभाविक छ। र, अझै पनि यही दरमा ऋण वृद्धि हुँदै जाने हो भने यसैका कारण नेपाल छिटै टाट पल्टिन बेर लाग्नेछैन। नेपालीमा 'घाँटी हेरी हाड निल्नु' भन्ने बुद्धिमत्तापूर्ण उखान प्रचलित छ। तर, अहिलेका शासकहरूले यसलाई थाहा पाएर पनि नपाएजस्तो गरिरहेका छन्। आफ्नो आन्तरिक व्यवहार चलाउन सकभर कम ऋण लिनु नै राम्रो हो। नलिनुपर्ने ऋण लिइसकेपछि त्यसलाई कहाँ र कसरी खर्च गर्ने भन्ने विषयमा प्रस्ट कार्ययोजना हुनुपर्छ। ऋण लिएर तलब, भत्ता ख्वाउने तथा प्रतिफल नआउने अनुत्पादक क्षेत्रमा खर्च गर्दै जाने हो भने यसबाट देश 'ऋणको खोर'मा फस्ने अवस्था आउँछ।

हामीकहाँ वैदेशिक ऋणको सदुपयोग कति भएको छ ?

हामीकहाँ ऋण लिएर उत्पादनमुखी काममा खर्च गर्नुभन्दा अर्बौं खर्चेर मन्त्री क्वार्टरजस्तो बिल्कुलै अनुत्पादक काममा खर्च गर्ने प्रवृत्ति मौलाउँदै गएको देखिन्छ। ऋण लिएको रकम प्रतिफल दिने ठाउँमा खर्च हुन सकेको खासै देखिन्न। वित्तीय अनुशासन पालना गरेको पाइँदैन। त्यसैले, ऋणको सदुपयोगभन्दा दुरुपयोग नै बढी भइरहेको छ।

शासकहरूबाट ऋणको किन दुरुपयोग भइरहेको छ त ?

देशले लिएको ऋणको सावाँ र ब्याज जनतालेतिरेको करबाट भुक्तानी गर्नुपर्छ। ऋण लिएर लगानी गर्नु भनेको भविष्य बनाउने कार्य हो। तर, शासकहरूले त्यसको उच्चतम फाइदा लिने दिशामा सोचेका सम्म छैनन्। त्यसैले, हामीकहाँ भविष्य बनाउन होइन, बिगार्न या नाश गर्न ऋण लिने काम भइरहेको छ।

प्रेरक प्रसंग

दासको पनि दास

सिकन्दर महान् भारतबाट फर्किने तयारीमा थिए। तर, फर्किनुअघि उनी एक ज्ञानी सन्तलाई आफूसाथ लान चाहन्थे। यताउता बुझ्दा उनले एक नाम चलेका सन्तबारे थाहा पाए। उनी दलबलसहित सन्तको आश्रममा पुगे। सन्त एक रुखको फेदमा निर्वस्त्र ध्यानमग्न थिए। सिकन्दर प्रतीक्षामा बसे। केहीबेरपछि सन्त ध्यानबाट बाहिर आए। सन्तले आँखा खोल्नासाथ सैनिकले सिकन्दर महान्को जयजयकार गरे।

सन्त यो सब देखेर मुस्कुराइरहेका थिए। सिकन्दर उनको नजिक आए र भने- म तिमीलाई मेरो देश लान चाहन्छु। फटाफट आफ्नो तयारी गर। सन्तले भने- म यहीं ठिक छु। म जे चाहन्छु, यहीं उपलब्ध छ। तिमीलाई जहाँ जानु छ, जाऊ। म कहीं जान्नँ। एक साधारण सन्तले यसरी सिकन्दरलाई जवाफ दिएको सुनेर उनका सैनिक भड्किए। तर, सिकन्दरले तिनलाई शान्त बनाउँदै सन्तलाई भने- म 'हुँदैन' भन्ने शब्द सुन्न चाहन्नँ। तिमी मेरो साथ जानैपर्छ। सन्तले भने- यो मेरो जीवन हो, कहाँ जाने र कहाँ नजाने भन्ने निर्णय मबाहेक अरू कसैले गर्न सक्दैन। सन्तको जवाफले सिकन्दर रिसले आगो भए। तत्काल आफ्नो म्यानबाट तरबार निकालेर सन्तको घाँटीमा राख्दै भने- ल अब भन, अझै पनि मसँग जाँदैनौ ?

सन्त अझै शान्त थिए। उनले भने- म त कहीं जान्नँ। तिमीलाई मार्न मन छ भने मार। तर, आजउपरान्त आफ्नो नामसँग कहिल्यै 'महान्' शब्द नजोड्नू ? किनकि, तिमीभित्र महान् हुने लक्षण नै छैन। तिमी त मेरो दासका पनि दास रहेछौ।

सिकन्दर थप क्रोधित भए। संसार विजेता सिकन्दरलाई एक निर्वस्त्र सन्तले आफ्नो दासको पनि दास कसरी भन्न सक्छन् ? उनले भने- तिम्रो भनाइको मतलब के हो ? सन्तले भने- क्रोध मेरो दास हो। मैले नचाहेसम्म त्यो मेरो नजिक पनि आउन सक्दैन। तर, तिमीले त कैयौं योद्धालाई पराजित गरे पनि आफ्नै क्रोधलाई जित्न सकेनछौ। अनि, भएनौ त तिमी मेरो दासको पनि दास ? सन्तको भनाइले सिकन्दर स्तब्ध बने। उनी सन्तसामु नतमस्तक भए र सेनासहित फर्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लोकतन्त्रको विकल्प

पछिल्लो समय देशमा लोकतन्त्रको अभ्यास गरिरहँदा जनप्रतिनिधिको सोच कमजोर बन्दै गएको र देशले स्थिर सरकार पाउन नसकेको अवस्थामा अनेकौं अराजक क्रियाकपाल मौलाउँदै गएको देखिन्छ। देशमा भ्रष्टाचार, महँगी र बेरोजगारी बढ्दै जाँदा जनप्रतिनिधिप्रतिको जनविश्वास ओरालो लागेको छ। दलबिचको अस्वस्थ प्रतिस्पर्धाले गर्दा आमजनतामा राजनीतिक दलप्रतिको आस्थामा निराशा बढ्दै जाँदा जनताले राजसंस्थाको विकल्पबारे सोच्न थालेको देखिन्छ। केही दिनअघि पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं फर्कंदै गर्दा 'राजा आऊ देश बचाऊ' भन्दै उनको स्वागतमा हजारौं जनसमूह उर्लिएको देखियो। यसरी उनको स्वागत हुनुमा उनीप्रतिको आस्थाभन्दा पनि राजनीतिक दलका नेतृत्वप्रतिको आक्रोश प्रकटित भएको प्रस्ट छ। लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र मात्र हो। राजनीतिक नेतृत्व सच्चिए त्यो असम्भव पनि छैन।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

स्ववियुमा पनि भागबन्डा ?

स्ववियु निर्वाचन नजिकिँदै गर्दा सत्तारुढ र प्रमुख प्रतिपक्षी दलका विद्यार्थी संगठनबिच जिल्ला-जिल्लाका क्याम्पसका स्ववियु नेतृत्वमा भागबन्डा भएको समाचार पढियो। लोकतन्त्रमा सहमति र सहकार्य ठिकै सुनिने विषय भए पनि विद्यार्थीलाई निर्वाचनमा भाग लिनै नदिने यस्तो क्रियाकलाप लोकतान्त्रिक संस्कारभित्र पर्दैन। निर्वाचनमा हार्ने डरले यस्तो भागबन्डा लगाउनु लोकतन्त्रको मूल्यविपरीत कार्य हो। भर्खर-भर्खर निर्वाचनको अभ्यास गर्न पाइरहेका विद्यार्थीलाई निर्वाचनमा सरिक गराई लोकतान्त्रिक विधिबाट नृतृत्व छान्ने व्यवस्था मिलाइयोस्।

● **इन्दिरा कठायत**
नरेफाँट, काठमाडौं

अभिव्यक्ति स्वतन्त्रताको हनन

केन्द्रीय चलचित्र जाँच समितिले प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्ति हटाएर मात्र चलचित्र राजागंजलाई प्रदर्शन अनुमति दिएको समाचार पढियो। सार्वजनिक रूपमा युट्युबमा छ्यापछ्याप्ती पाइने प्रधानमन्त्री ओलीको अभिव्यक्ति हटाउनैपर्नेचाहिँ किन रहेछ ? आखिर उनको त्यो अभिव्यक्ति अहिले पनि धेरैले चाहेमा सुन्न सक्छन्। यसरी सत्तामा रहेका नेताको दबाबका कारण अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरी गरिने सेन्सरसिप हामी जनतालाई मान्य छैन। सरकारले यस्ता हर्कत तत्काल बन्द गरोस्।

● **सुमन तामाङ**
इमाडोल, ललितपुर

नेतृत्वमा सुधार अपरिहार्य


नेपालको वर्तमान राजनीतिक अवस्थाले गणतन्त्रप्रति जनताको विश्वास खस्कँदै गएको स्पष्ट देखिन्छ। भ्रष्टाचार, कुशासन र न्यायालयमा भएको हस्तक्षेपका कारण आमनागरिक निराश छन्। पूर्वराजा ज्ञानेन्द्र शाहको भव्य स्वागत र राजसंस्थाका पक्षमा उठेका नाराले यही असन्तोषलाई प्रकट गर्छन्। ०६२/६३ को आन्दोलनपछि गणतन्त्र स्थापना भयो, तर आज सत्ता स्वार्थ, नक्कली भुटानी शरणार्थी काण्ड, सरकारी सम्पत्तिको दोहनलगायतले जनताका अपेक्षा चकनाचुर भएको छ। आमयुवा रोजगारीको खोजीमा बिदेसिन बाध्य छन्। रवि लामिछानेमाथिको षड्यन्त्र, ऊर्जामन्त्रीद्वारा कुलमान घिसिङप्रति गरिएको अन्याय र प्रशासनमा इमानदार व्यक्तिलाई टिक्न नदिने प्रवृत्तिले मुलुकको भविष्य झनै अन्योलग्रस्त बनाएको छ।

यद्यपि, जति नै निराशाजनक परिस्थिति भए पनि इतिहास दोहोरिँदैन। नेपालले राजतन्त्र हटाउनुको कारण केवल व्यक्तिविशेष होइन, शासनप्रणालीकै कमजोरी थियो। गणतन्त्रको विकल्प राजतन्त्र होइन, बरु गणतन्त्रमा सुधार नै एक मात्र उपाय हो। यसलाई प्रभावकारी बनाउन भ्रष्टाचारको अन्त्य, विधिको शासनको पालना र उत्तरदायी नेतृत्व आवश्यक छ। देशभित्र अवसर सिर्जना नगरी विदेश पलायन रोक्न सकिन्न। काठमाडौंका सडकमा उठेका नारा गणतन्त्र समाप्त पार्ने षड्यन्त्र होइनन्, बरु यसलाई सुधार गर्ने दबाब हुन्। सत्ताधारीले अब पनि जनअपेक्षालाई बेवास्ता गर्ने हो भने निराश जनताले विकल्प खोज्नेछन्।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान

ट्रम्पको धम्कीले क्यानडा र क्युबेक नजिकिँदै

भन्सार शुल्क वृद्धि र अमेरिकामा क्यानडालाई गाभ्ने धम्कीपछि देखिएको राष्ट्रिय एकताले क्युबेक र बाँकी क्यानडा थप नजिकिँदै छन्



देश / विदेश


● युलिया बोसवोर्थ

अमेरिकाको भन्सार शुल्क वृद्धि र क्यानडालाई अमेरिकामा गाभ्ने धम्कीको विरोधमा तथा राष्ट्रिय एकताको पक्षमा उभिँदा क्यानडेली राष्ट्रियताको भावना बलियो बन्दै गएको छ। यस सन्दर्भमा क्युबेक प्रान्तले पनि बाँकी क्यानडासँग ऐक्यबद्धता प्रकट गरेको छ। फेब्रुअरीमा गरिएको 'एंगस रिड' सर्वेक्षणअनुसार क्यानडाप्रति क्युबेकका जनताको भावनात्मक लगाव र क्यानडेली हुनुको गौरवमा उल्लेखनीय वृद्धि देखिएको छ। डिसेम्बर २०२४ मा गरिएको यस्तै सर्वेक्षणको तुलनामा यी तथ्यांक क्रमशः १५ र १३ प्रतिशतले बढेर ४५ र ५८ प्रतिशत पुगेका छन्।

अर्को एक सर्वेक्षणले क्युबेकलाई क्यानडामै सबैभन्दा बढी डोनाल्ड ट्रम्पविरोधी प्रान्तका रूपमा देखाएको छ। क्यानडाको बाँकी हिस्सासँगै क्युबेकले पनि व्यापार युद्धमा बलियो आर्थिक प्रतिक्रिया जनाएको छ। प्रिमियर फ्रान्स्वा लेगोले अमेरिकी उत्पादन बहिष्कार र स्वदेशी सामान खरिदलाई समर्थन गरेका छन्। त्यसैगरी निर्यातलाई विविधीकरण गर्ने र अन्तर-प्रान्तीय व्यापारमा अवरोध हटाउने पक्षमा क्युबेक उभिएको छ। लेगर सर्वेक्षणअनुसार क्युबेक प्रान्तका ४१ प्रतिशत जनताले अमेरिकी यात्रा गर्ने सम्भावना कम भएको बताएका छन्, जुन क्यानडाभरिको ४८ प्रतिशतको राष्ट्रिय औसतभन्दा थोरैले कम हो।

निवर्तमान प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानडेली 'पहिलाभन्दा बढी एकताबद्ध भएका छन्' भन्ने दाबीले वास्तविकतालाई प्रतिध्वनित गरेको छ। उनका उत्तराधिकारी मार्क कार्नीले आफ्नो विजय भाषणमा क्यानडेली 'ट्रम्प क्यानडेली श्रमिक, परिवार र व्यवसायमा आक्रमण गर्दै छन् र हामीले उनलाई सफल हुन दिनुहुँदैन। जब हामी एकताबद्ध हुन्छौं, हामी बलियो क्यानडा बन्छौं' भनेका छन्। यद्यपि क्यानडाभित्र फ्रान्सेली भाषामा आधारित आफ्नो विशिष्ट पहिचानसहितको क्युबेकमा विशिष्ट संस्कृति देख्न सकिन्छ। तर, यसले हालका संकटबिच विशेष चुनौती र प्राथमिकताको सामना गरिरहेको छ। म क्युबेक अध्ययनमा विशेषज्ञता राख्छु। मेरो अध्ययन क्यानडाभित्र क्युबेकको पहिचान र यसको विशिष्टता कसरी निर्माण हुन्छ र यो सार्वजनिक विशेषतः मिडिया र राजनीतिक भाष्यमा कसरी अभिव्यक्त हुन्छ भन्ने विषयमा केन्द्रित छ।

क्यानडेली पहिचान केही समयदेखि राष्ट्रिय छलफलको प्रमुख विषय थिएन। यसविपरीत क्युबेकको पहिचान लामो समयदेखि सार्वजनिक भाष्यको प्रमुख विषय रहँदै आएको छ, जुन यस प्रान्तको मिडियाले निरन्तर कायम राखेको र प्रोत्साहित गरेको छ। जब क्यानडेली समाज सामूहिक पहिचान परिभाषित गर्न फेरि सक्रिय रूपमा संलग्न भइरहेका छन्, तब क्युबेकको पहिचान केले परिभाषित गर्छ र प्रान्त कसरी वर्तमान संकटसँग जुधिरहेको छ भन्ने विषय स्पष्ट हुनु भने आवश्यक छ। पहिचानसम्बन्धी सार्वजनिक भाष्यको मेरो अध्ययनले निरन्तर रूपमा क्युबेक आफ्नो पहिचान र अपनत्वको विशिष्ट दृष्टिकोणप्रति प्रतिबद्ध रहने गरेको देखाएको छ। क्यानडेली बहुसंस्कृतिवादले कुनै राष्ट्रिय वा बहुसंख्यक संस्कृतिलाई औपचारिक रूपमा मान्यता दिँदैन, तर क्युबेकले सांस्कृतिक विविधता व्यवस्थापन गर्न एक भिन्न मोडेल अपनाएको छ, जसलाई अन्तरसांस्कृतिकता भनिन्छ। यसको मुख्य उद्देश्य विविधतालाई फ्रान्सेली भाषामा आधारित राष्ट्रिय संस्कृतिसँग मेलमिलाप गराउनु हो। महत्त्वपूर्ण कुरा के छ भने अन्तरसांस्कृतिकताको अवधारणामा फ्रान्स-क्यानडेली बहुसंख्यक संस्कृतिलाई क्युबेकको पहिचानको परिभाषित तत्त्वका रूपमा अब हेरिँदैन। बरु विभिन्न पृष्ठभूमिका क्युबेक जनतालाई साझा नागरिक संस्कृतिमा भाग लिन आह्वान गरिन्छ। यस



तस्बिर : ग्राहम ह्युजेस/क्यानडा प्रेस

मोडेलमा फ्रान्सेली भाषाले नागरिक संलग्नताको साझा सार्वजनिक भाषाका रूपमा काम गर्छ।

जब राष्ट्रिय पहिचान साझा संस्कृतिमा आधारित हुन्छ, तब तिनीहरूबिचको सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ। यदि एक पक्षमा खतरा आउँछ भने अर्को पनि जोखिममा पर्छ। यसविपरीत एउटा पक्ष सुदृढ हुँदा अर्को पक्ष पनि बलियो बन्छ। क्युबेक सरकारले क्युबेकको पहिचानका आधारस्तम्भका रूपमा फ्रान्सेली भाषा र क्युबेक संस्कृतिलाई समर्थन र प्रवर्द्धन गर्छ। तर, अंग्रेजीभाषी क्यानडा र फ्रान्सेलीभाषी क्यानडाले आफ्नै फरक सांस्कृतिक पहिचान जोगाउन बेलायती-अमेरिकी सांस्कृतिक प्रभुत्वको विरोधको चुनौती सामना गरिरहेका छन्। क्युबेकमा जहाँ भाषा र संस्कृति पहिचानका केन्द्रमा छन्, बेलायती-अमेरिकी सांस्कृतिक क्षेत्रमा विलय हुने जोखिम वा शुल्क वृद्धिका कारण पहिले नै कम रहेको वित्तीय विनियोजन सांस्कृतिक क्षेत्रमा कटौती हुनुले क्युबेकको पहिचानलाई गम्भीर संकटमा पार्न सक्छ।

आर्थिक संकटलाई सम्बोधन गर्ने क्रममा क्युबेक प्रान्तका प्रमुख लेगोले किन क्युबेकको भाषा, मूल्य र पहिचानको संरक्षण गर्ने वाचा गरेका छन् भन्ने कुरा बुझ्न मद्दत गर्छ। क्युबेकमा अर्थतन्त्र र संस्कृति गहिरो रूपमा परस्पर सम्बद्ध छन्। उदाहरणका लागि क्षेत्रीय कला महोत्सवको एक समूहले क्युबेकमा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने अमेरिकी कम्पनीलाई विनियोजित कोषको अन्त्य गर्न माग गरेको छ। क्यानडेली आइस हकी टोलीले हालै 'फोर नेसन्स फेसअफ'मा जित हात पार्दा क्युबेकसमेत देशभर प्रशंसकले उत्साहित हुँदै राष्ट्रिय गौरव प्रकट गरेका थिए। क्युबेक सरकारले आइस हकीलाई प्रान्तको आधिकारिक खेलका रूपमा मान्यता दिने गरी कानुन निर्माणमा काम गरिरहेको छ। यो कदम क्युबेक र बाँकी क्यानडाबिचको साझा रुचि र लगावको अर्को उदाहरण हो।

ट्रम्पको भन्सार शुल्क वृद्धि र क्यानडालाई अमेरिकामा गाभ्ने धम्कीका कारण उत्पन्न भएको क्यानडेली पहिचानप्रतिको ऐक्यबद्धताले क्युबेक र बाँकी क्यानडालाई थप नजिक ल्याइरहेको देखिन्छ। यो प्रवृत्ति के साझा प्राथमिकताप्रतिको चेतनामा वृद्धि भएर देखिएको हो वा एक-अर्काका विशिष्ट पहिचानप्रति बढ्दो आपसी सम्मानका कारण उत्पन्न भएको हो ? आगामी साता र महिनाले यस प्रश्नको उत्तर दिनेछन्।

(बोसवोर्थ न्युयोर्कथित बिन्घ्याम्प्टन विश्वविद्यालयमा फ्रेन्च र भाषाशास्त्रकी सह-प्राध्यापक हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाको सहयोगविना युरोपले आफ्नो र युक्रेनको सुरक्षा गर्न सक्छ ?

आफ्नै अलग सैन्य सामर्थ्यका बाबजुद नेटो अझै पनि युरोपको सुरक्षाका लागि संयुक्त राज्य अमेरिकामा अत्यधिक निर्भर छ



● स्टिफन क्विलेन

ट्युनिसियामा बस्ने क्विलेन अन्तर्राष्ट्रिय मिडियाका लागि रिपोर्टिङ गर्छन् ।

गत साता लन्डनमा भेला भएका युरोपेली नेताहरूले युक्रेनमा चलिरहेको युद्ध अन्त्य गर्न मिलेर अघि बढ्ने घोषणा गरे । त्यस क्रममा उनीहरूले फेब्रुअरी २०२२ देखि रुसी आक्रमण भोगिरहेको युक्रेनलाई सुरक्षा ग्यारेन्टी दिने पनि बाचा पनि गरे । सो बैठक युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग ह्वाइट हाउसमा चर्काचर्कीपूर्ण बैठक भएपछि हुँदै थियो । ह्वाइट हाउसको तनावपूर्ण बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले रुससँग विनासर्त युद्धविराम गर्न नमानेकोमा लाइभ टिभीमा जेलेन्स्कीको आलोचना गरेका थिए ।

हुन त ट्रम्पले जेलेन्स्कीसँगको भेटघाटअघि नै आफ्नो देशले युक्रेनलाई अब सुरक्षा ग्यारेन्टी दिन नसक्ने बताइरहेका थिए । युक्रेनको सुरक्षाको जिम्मेवारी युरोपले लिनुपर्ने उनले भन्दै आएका छन् । तर, ट्रम्पले भनेजस्तै अमेरिकाको संलग्नताविना युरोपले साँच्चै युक्रेनलाई सुरक्षा प्रदान गर्न सक्छ ? अनि अहिले युरोपको सुरक्षा क्षमता कस्तो छ ? युरोपको सुरक्षा क्षेत्र कति हदसम्म अमेरिकाको सहयोगमा निर्भर छ ? अमेरिकाको सहयोगविना युरोपमाथि रुसले कस्तो खतरा छ ? हामी त्यसैको चर्चा गर्दै छौं ।

युरोपेली सुरक्षामा अमेरिकाको भूमिका

दोस्रो विश्वयुद्धको अन्त्यदेखि नै युरोपेली सुरक्षामा अमेरिकाको भूमिका अहं रहँदै आएको छ । अमेरिकाकै पहलमा उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) निर्माण भयो । सोभियत प्रभाव रोक्न युरोपमा लाखौं अमेरिकी सैनिक तैनाथ गरिए । अमेरिकाले त्यसवेलादेखि नै युरोपको सुरक्षामा नेतृत्वदायी भूमिका कायम राख्दै आएको छ । अमेरिकी सरकारको स्वामित्वमा रहेको 'डिफेन्स म्यानपावर डेटा सेन्टर'अनुसार जुलाई २०२४ मा युरोपभरि स्थायी रूपमा लगभग ६५ हजार अमेरिकी सैनिक तैनाथ थिए ।

त्यसअतिरिक्त ठुलो स्तरमा अमेरिकी हतियार, रक्षा प्रणाली र नेटोका लागि आवश्यक अन्य सामग्री पनि त्यहाँ थिए । युरोपका ६ स्थानमा रहेका अमेरिकी हतियार भण्डारण छन्, जहाँ तोप र बख्तरबन्द सवारी साधन राखिन्छ । त्यस्तै अमेरिकाको आठ वायु सेनाको टुकडी, चार नेभल डिस्ट्रोयर्स र अनुमानित १०० आणविक बम युरोपमा तैनाथ छन् । यसका साथै अमेरिकाले नेटोको पूर्वी शाखाको मुख्य हिस्सा मानिने पोल्यान्डमा आलोपालो गरेर लगभग दश हजार सैनिक तैनाथ गर्दै आएको छ । आफ्नो सैन्य बललाई सघाउन अमेरिकाले विशाल रक्षा बजेट छुट्याउने गर्छ । सन् २०२४ मा अमेरिकाको रक्षा बजेट ८६० अर्ब डलर थियो । अमेरिकाको रक्षा बजेट नेटोका बाँकी सबै सदस्यहरूको कुल बजेटको दोब्बरभन्दा बढी हो ।



दोस्रो विश्वयुद्धको अन्त्यदेखि नै युरोपेली सुरक्षामा अमेरिकाको भूमिका अहं रहँदै आएको छ । अमेरिकाकै पहलमा उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) निर्माण भयो । सन् २०२४ जुलाईमा युरोपभरि स्थायी रूपमा लगभग ६५ हजार अमेरिकी सैनिक तैनाथ थिए । त्यसअतिरिक्त युरोपको सुरक्षाका लागि भन्दै ठुलो परिमाणमा अमेरिकी हतियार र रक्षा प्रणाली पनि त्यहाँ राखिएका छन् ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेयता अमेरिकाले युक्रेनको प्रतिरक्षालाई भन्दै ६५ अर्ब डलर सैन्य सहयोग पठाइसकेको छ, जुन युक्रेनले पाएको प्रत्यक्ष सैन्य सहयोगको झन्डै आधा हो । अन्य प्रकारका सहायतासमेत जोड्ने हो भने अमेरिकाले सेप्टेम्बर ३०, २०२४ सम्म युक्रेनलाई झन्डै १८३ अर्ब दिइसकेको छ । उता, युरोपेली संघले आफ्नो तर्फबाट युक्रेनलाई कुल १४१ अर्ब डलरको सहायता पठाएको युरोपेली आयोगले जनाएको छ । त्यसमा ५१ अर्ब डलर मात्र प्रत्यक्ष सैन्य सहायता हो । अमेरिका युरोपबाट सैन्य रूपमा पछि हट्ने समय आएको ट्रम्पले बताएका छन् । युरोपले आफ्नो प्रतिरक्षाको जिम्मेवारी आफैंले उठाउने समय आएको उनको भनाइ छ ।

'कठोर रणनीतिक वास्तविकताले अबका दिनमा अमेरिकालाई युरोपको सुरक्षामा केन्द्रित हुनबाट रोक्छ, 'ट्रम्पका रक्षामन्त्री पिट हेगसेथले फेब्रुअरी १२ मा नेटो बैठकमा आफ्ना साझेदारसामु घोषणा गर्दै भने, 'युरोपेली सहयोगीले अब आफ्नो सुरक्षाको नेतृत्व आफैंले गर्नुपर्छ ।'

नेटोका युरोपेली सहयोगी कति बलियो ?

नेटोका युरोपेली सदस्यसँग संयुक्त रूपमा २० लाख सक्रिय-कर्तव्य सैनिक छन् । त्यसमध्ये एक सानो हिस्सालाई गठबन्धनको कमान्डमा प्रत्यक्ष रूपमा खटाइएको हुन्छ । नेटोको पछिल्लो अनुमानअनुसार टर्किए र पोल्यान्डसँग क्रमशः चार लाख ८१ हजार र दुई लाख १६ हजार सैनिक छन् । त्यसपछि धेरै सेना भएका नेटो सदस्य फ्रान्स र जर्मनी हुन्, जहाँ क्रमशः दुई लाख पाँच हजार र एक लाख ८६ हजार सैनिक छन् । भविष्यमा शान्ति सम्झौतापछि युक्रेनको सुरक्षाका लागि त्यहाँ शान्ति सेना पठाउने प्रस्ताव गरेको बेलायतसँग एक लाख ३८ हजार सैनिक छन् । त्यसबाहेक नेटोको पूर्वी शाखामा अलग ४० हजार सेना तैनाथ छन् । यस शाखामा इस्टोनिया, लात्भिया, पोल्यान्ड, स्लोभाकिया, हंगेरी, रोमानिया र बुल्गेरिया पर्छ । ग्लोबल फायरपावर डिफेन्स इन्डेक्सका अनुसार नेटोका युरोपेली सदस्यसँग लगभग सात हजार विमान, ६ हजार ८०० तोप, दुई हजार १७० सैन्य जहाज र ६ वटा युद्धक विमान बोक्ने वाहन छन् ।

अमेरिका पछि हटे नेटोको अवस्था कस्तो होला ?

आफ्नै अलग सैन्य सामर्थ्यका बाबजुद नेटो अझै पनि युरोपको सुरक्षाका लागि अमेरिकामा अत्यधिक निर्भर छ । रुसजस्तो शक्तिबाट कुनै युरोपेली नेटो सदस्यमाथि ठुलो आक्रमण भएमा अमेरिकाले युरोपको प्रतिरक्षामा लाखौं अतिरिक्त सेना पठाउने नेटोको अपेक्षा हुने आर्थिक थिंक ट्यांक ब्रुगेल बताउँछ । युरोपले पाउँदै आएको अमेरिकी सहयोग रोकिएको अवस्थामा सिर्जना हुने खाडल पुर्न युरोपले ५० वटा नयाँ सैन्य ब्रिगेड निर्माण गर्नुपर्ने ब्रुगेलले अनुमान गरेको छ ।

चिन्तित, युरोपेली राज्यले आफ्नो रक्षा खर्च बढाउन दबाब महसुस गरिरहेका छन् । गत हप्ता मात्र बेलायतले सन् २०२७ सम्ममा रक्षा खर्चलाई कुल गार्हस्थ उत्पादन (जिडिपी)को २.५ प्रतिशत पुऱ्याउने घोषणा गरेको थियो । बेलायती प्रधानमन्त्री केयर स्टारमरका अनुसार यस वृद्धिले रक्षा बजेटमा प्रत्येक वर्ष लगभग १६ अर्ब डलर थपिनेछ । अहिले ब्रिटिस रक्षा बजेट ६८ अर्ब डलर छ ।

सन् २०२२ मा युक्रेनमा रुसी आक्रमण सुरु भएपछि जर्मनीले राष्ट्रिय सेनाको स्तरोन्नति र सुदृढीकरण गर्न १०० अर्ब डलरभन्दा बढीको विशेष कोष घोषणा गरेको थियो । घोषणापछि जर्मनीको वार्षिक रक्षा बजेट करिब ५२ अर्ब डलर पुगेको छ । गत वर्ष शीतयुद्धको अन्त्यपछि पहिलोपटक सो देशको रक्षा बजेट जिडिपीको दुई प्रतिशत पुगेको थियो । सन् २०१४ मा रुसले युक्रेनको क्रिमिया कब्जा गरेपछि नेटोले लिएको लक्ष्यअनुरूप हरेक सदस्यले रक्षा बजेट जिडिपीको दुई प्रतिशत नघाउने भन्ने थियो । जर्मनीका सम्भावित सरकार प्रमुख (चान्सलर) फ्रेडरिक मर्जले डिसेम्बरको एक भाषणमा भविष्यमा देशको सेनालाई 'बर्सेनि कम्तीमा ८४ अर्ब डलर' चाहिने बताएका थिए ।

युक्रेनमा रुसी आक्रमणपछि युरोपभरका नेटो सदस्य र क्यानडाको रक्षा खर्च अभूतपूर्व १८ प्रतिशतले बढेको छ । अहिले नेटोका ३० युरोपेली सदस्यमध्ये २२ ले सन् २०२३ मा गरेको वाचाअनुसार आफ्नो जिडिपीको कम्तीमा दुई प्रतिशत रक्षामा खर्च गर्छन् । यसका बाबजुद ट्रम्पले यति पनि पर्याप्त नभएको बताइरहेका छन् । उनले नेटो सदस्यलाई तिनको जिडिपीको कम्तीमा पाँच प्रतिशतमा रक्षा खर्च बढाउन आह्वान गरेका छन् । नेटो महासचिव मार्क रुटले पनि युरोपेली सदस्यले थप खर्च बढाउनुपर्ने आवश्यकतालाई स्वीकार गरेका छन् । 'बर्लिनको पर्खाल ढलेपछिका समयमा हामीले पर्याप्त रकम योगदान गर्न सकेका छैनौं । अमेरिकाले सही रूपमा पुनः सन्तुलनका लागि अनुरोध गरिरहेको छ । यो पूर्णतः तार्किक माग हो,' रुटले फेब्रुअरी १५ मा म्युनिख सुरक्षा सम्मेलनको साइडलाइनमा अमेरिकी न्युज आउटलेट 'पोलिटिको'लाई भने ।

रुसले नेटोलाई कसरी हेर्छ ?

रुसले युक्रेनमा आक्रमण गर्नुको एउटा कारण नेटोको विस्तारलाई रोक्ने रहेको बताउँदै आएको छ । सन् १९४९ मा स्थापना भएदेखि नेटोको सदस्य संख्या १२ बाट ३२ पुगिसकेको छ । यसको विस्तार रुसको सिमानातिर पूर्वसम्म पुगिसक्यो । नेटोका ६ वटा सदस्य नर्वे, पोल्यान्ड, फिनल्यान्ड, लात्भिया, इस्टोनिया र लिथुआनियाको सिमाना रुससँग जोडिएको छ । मस्कोले लामो समयदेखि नेटो सदस्यता खोजिरहेको युक्रेनलाई समूहबाट बाहिर राख्न जोड दिँदै आएको छ । 'अन्यथा, यो समस्याले युरोपेली महादेशको वातावरणलाई विषाक्त बनाइरहनेछ,' रुसको विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले फेब्रुअरी १८ मा भनिन् । युद्धको द्रुत अन्त्यका लागि जोड दिँदै ट्रम्पको प्रशासनले युक्रेनको नेटो सदस्यता 'यथार्थवादी' नभएको बताएको छ ।

तर, पश्चिमी युरोपेली राज्य भने रुसको आक्रामक व्यवहारले नेटोलाई बलियो बनाएको मान्छन् । शीतयुद्धको अन्त्य भएपछि पनि विश्वको सबैभन्दा ठुलो आणविक शक्ति रुसले मोल्डोभा, जर्जिया र अहिले युक्रेनसहित नजिकैका धेरै देशमाथि आक्रमण गरिसक्यो । सन् १९९० को दशकको सुरुमा मोल्डोभामा रुसको प्रत्यक्ष सैन्य हस्तक्षेपले रुस समर्थित पृथक्तावादीहरूले 'ट्रान्सनिस्ट्रिया'मा अलग शासन स्थापना गर्न सके । सन् २००८ मा जर्जियामाथि भएको रुसको तीव्र आक्रमणले टिबिलिसीलाई ठुलो धक्का दियो । त्यसपछि पश्चिमसँगको सो देशको सम्बन्ध जटिल बनेको छ । सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेपछि नेटो थप विस्तार भएको छ । विगत दुई वर्षमा पहिले तटस्थ रहेका फिनल्यान्ड र स्विडेन गठबन्धनमा सामेल भएका छन् ।

कति बलियो छ रुसी सेना ?

रुससँग अहिले कम्तीमा १३.२ लाख सक्रिय सेवारत सैनिक छन् । त्यसमध्ये लाखौं युक्रेनमा लडिरहेका छन् । मस्कोले पहिलेदेखि नेटो सदस्य पोल्यान्ड र लिथुआनियाको बिचमा रहेको कालिनिनग्रादमा लगभग १२ हजार सैनिक तैनाथ गर्दै आएको थियो । यसको ठुलो हिस्सा युक्रेनमा पुनः तैनाथ गरिएको बताइएको छ ।


विदेशी भूमिमा रुसका दर्जनौं विदेशी सैन्य आधार छन् । ती मुख्यतः पूर्वसोभियत राज्यहरूमा अवस्थित छन् । सन् २०२४ सम्म बेलारुसमा कम्तीमा दुई रुसी सैन्य आधार थिए । दुईवटा रुसी सैन्य आधार हुने अन्य मुलुक कजाकिस्तान, आर्मेनिया, जर्जिया (त्यहाँको विवादित क्षेत्र दक्षिण ओसेसिया र अब्खाजियामा) हुन् । त्यसबाहेक किर्गिस्तान, ताजकिस्तान, कजाकिस्तान र मोल्डोभाबाट अलगिएको घोषणा गरेको ट्रान्सनिस्ट्रियामा एक-एकवटा सैन्य आधार अझै सक्रिय छन् । यी आधारमध्ये सबैभन्दा ठुलो ताजकिस्तानको दुसान्बेमा रहेको २०१औं सैन्य आधार हो, जहाँ सन् २०२२ मा करिब सात हजार रुसी सैनिक तैनाथ थिए ।

सैन्य सामर्थका हिसाबले रुससँग चार हजार २ ९२ विमान, पाँच हजार ७५० तोप, ४४९ सैन्य जहाज र एउटा विमानवाहक जहाज रहेको ग्लोबल फायरपावर नामक संस्थाको तथ्यांकले देखाउँछ । रुसी सैन्य क्षमता नेटोको संयुक्त शक्तिको तुलनामा कम हो । ट्रम्पले भनेजस्तै यदि अमेरिका युरोपको सुरक्षाबाट पछि हट्यो भने युरोपले रुसबाट कठिनाइ महसुस गर्नेछ । 'युरोपेलीहरू ब्युँझनु आवश्यक छ । हामीले सैन्य क्षमतामा गर्ने लगानीले आक्रमणकारी शक्तिलाई गम्भीर सन्देश दिनेछ । तर, हामी कमजोर भयौं भने उनीहरू झम्टिएर आउनेछन्,' जनवरी २२ मा युरोप डिफेन्स एजेन्सीको सम्मेलनमा इयुकी विदेश नीति प्रमुख काजा कालासले भनिन् ।

अल जजिराबाट

इतिहासमा आज

मार्च १४



सन् २०१३ : सी जिनपिङ पहिलोपटक जनवादी गणतन्त्र चीनको राष्ट्रपति चुनिए ।

सन् १६४७ : 'तीसवर्षे युद्ध'का क्रममा फ्रान्स, स्विडेन, बाभारियाबिच उल्म सम्झौतामा हस्ताक्षर भयो । फ्रान्स र स्विडेनले बाभारिया कब्जा गरेपछि उक्त सम्झौता भएको थियो ।

सन् १७९४ : एली ह्वाइट्नीले कपासको फाइबरलाई बियाँबाट अलग गर्ने 'कटन जिन मेसिन'को प्याटेन्ट पाए । यस मेसिनले दक्षिण अमेरिकी राज्यका कपास उद्योगमा क्रान्ति ल्याउन सघाएको थियो ।

सन् १८७९ : विश्व चर्चित वैज्ञानिक अल्बर्ट आइन्सटाइन आजकै दिन जर्मनीमा जन्मिएका थिए ।

सन् १९०० : अमेरिकी कंग्रेसले 'गोल्ड स्ट्यान्डर्ड एक्ट' पारित गरेसँगै अमेरिकी मुद्रा सुन मानकमा गयो ।

सन् १९२३ : अमेरिकी राष्ट्रपति वारेन जी. हार्डिङ कर तिर्ने पहिलो अमेरिकी राष्ट्रपति बने । उनले अघिल्लो वर्षभरिको ७५ हजार डलर तलबमा १७ हजार डलर कर तिरेका थिए ।

सन् १९९० : डच वनस्पतिविज्ञ हयुगो डे भराइसले कार्ल कोरेन्स र एरिक भोन चेरम्याकसँग मिलेर ग्रेगर मेन्डलले ३५ वर्षअघि पत्ता लगाएर झन्डै बिर्सिन लागेको 'आनुवांशिक तथा जननिक'को नियमलाई पुनः पुष्टि गर्दै प्रकाशमा ल्याए ।


कब्जामा लिइएको रेल मुक्त गर्न पाकिस्तानी सेना सफल

इस्लामाबाद / पाकिस्तानमा पृथकतावादी बन्दुकधारीले कब्जामा लिएको रेल र त्यसका यात्रुलाई मुक्त गर्न पाकिस्तानी सेनाले चलाएको विशेष अभियान सकिएको छ । बलोच पृथकतावादीले विकट उत्तर-पश्चिम भागबाट नियन्त्रणमा लिएको यात्रुबाहक रेललाई सेनाले बुधबार राति मुक्त गरेको बताइएको छ । सैन्य अप्रेसनका क्रममा ३४० भन्दा बढी रेलयात्रुलाई मुक्त गरिएको र ३३ बन्दुकधारी तथा २१ बन्धक मारिएको सेनाका प्रवक्ताले बताएका छन् । रेलमा करिब चार सय ५० यात्रु रहेको बताइएको छ ।

अफगानिस्तान र इरानसँगको सीमानजिकै बलुचिस्तानमा बाहिरी मानिसले प्राकृतिक स्रोत लुटेको आरोप लगाउँदै सक्रिय कैयौं पृथकतावादी समूहमध्ये एक 'बलुच लिबरेसन आर्मी (बिएलए)' ले रेल नियन्त्रणको जिम्मा लिएको थियो । समूहले बलोच राजनीतिक कैदी तथा अभियन्ताको रिहाइ तथा बेपत्ता नागरिक सार्वजनिक गर्नुपर्ने माग राखेको थियो । माग पूरा नभए यात्रु मार्ने थाल्ने उसले चेतावनी दिएको थियो ।

मृतकको संख्या फरक-फरक आएको छ । सेनाले आधिकारिक बयानमा '२१ निर्दोष बन्धक' विद्रोहीद्वारा मारिएको र उद्धार अभियानमा चार सैनिक मारिएका बताएको थियो । बलुचिस्तानका एक रेलवे अधिकारीले बिहीबार बिहान २५ जनाको शव बन्धक स्थलबाट नजिकैको मच सहरमा रेलबाट लगिएको बताए । 'मृतक १९ जना सैन्य यात्रु, एक प्रहरी र एकजना रेलवे अधिकारीका रूपमा पहिचान गरिएको छ भने चारजनाको शव अझै पहिचान हुन सकेको छैन,' नाम नछाप्ने सर्तमा ती अधिकारीले बताए । अप्रेसनको निरीक्षण गरेका एक वरिष्ठ स्थानीय सैन्य अधिकारीले विवरणको पुष्टि गरे ।

विश्वले बिर्सिनुहुँदैन अफगान महिलालाई



● प्लवासा हसन

● सफिका खपालवाक

हसन जर्जटाउन विश्वविद्यालयकी महिला, शान्ति र सुरक्षा संस्थानकी पूर्ववरिष्ठ फेलो हुन् भने कवि, लेखिका तथा अभियन्ता खपालवाक सञ्चार र वकालत क्षेत्रमा सक्रिय छिन् ।



कठोर दमनको प्रतिरोध गर्न अफगान महिलाले लामो समयदेखि नयाँ-नयाँ उपाय रोजेका छन् । तिनीहरूको दुर्दशाप्रति सहानुभूति देखाउनुको सट्टा अन्तर्राष्ट्रिय समुदायले उनीहरूलाई सहयोग, सुरक्षा र उचित भूमिका प्रदान गर्नुपर्छ ।

अघिल्ला वर्षमा जस्तै यस वर्ष पनि औपचारिक रूपमा अन्तर्राष्ट्रिय महिला दिवस मनाइयो । यसपटकको महिला दिवसमा चरम निराशाको भावना र महिला आकांक्षको बाढी प्रतिबिम्बित भयो । महिला अधिकार र प्रतिनिधित्वमा प्रगति रोकिएको छ, संसद्मा महिलाहरूको प्रतिनिधित्व गत वर्ष सबैभन्दा न्यून दरमा बढेको छ भने लैंगिक पहलका लागि प्रदान गरिँदै आएको विश्वव्यापी अनुदानको खाडल झन् फराकिलो बनेको छ ।

धेरै देशहरू प्रगतिको उल्टो बाटोतर्फ बढिरहेका र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लैंगिक पहलसहित विदेशी सहायता रोक्का गरिरहँदा सुधारको सम्भावनामा अँध्यारो छाएको छ । यस्ता अवरोध र धक्काको परिणाम अफगानिस्तानका महिला र युवतिहरूले जति सायदै अन्य देशका महिलाले राम्रोसँग बुझ्छन् होला । अफगानिस्तानमा अहिले विश्वमा सबैभन्दा बढी गम्भीर लैंगिक अधिकार उल्लंघन भइरहेका छन् । तैपनि, अफगान महिलाले आशा र आफ्ना उद्देश्य पूरा गर्दै संघर्ष जारी राख्न शक्तिशाली प्रेरणा पनि दिएका छन् ।

उनीहरू विशेषगरी अधिकार, स्वतन्त्रता र अवसरहरूको लाभ लिइरहेका हामीहरूका लागि समेत उत्प्रेरणाका महत्त्वपूर्ण स्रोत बनेका छन् । अफगान महिलाले लामो समयदेखि कठोर दमनको प्रतिरोध गर्न र यसलाई रोक्न सिर्जनशील उपाय खोज्नुपरेको छ । सन् १९९० को दशकको अन्त्यतिर तालिबानले देशमा पकड बनाए । तालिबानले प्रतिगामी नीति लागू भएपछि पनि महिलाहरूले भूमिगत नै सही विद्यालय, सामुदायिक केन्द्र र स्वास्थ्य क्लिनिक चलाए ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किएदेखि अफगान महिलाहरूले यस्ता पहललाई पुनः जागृत गरेका छन् । उदाहरणका लागि उनीहरूले देशका विभिन्न स्थानमा महिलालक्षित गोप्य विद्यालय स्थापना गरेका छन् । त्यहाँ केटीहरू (जसलाई अहिले छैटौं कक्षाभन्दा माथिको शिक्षाबाट वञ्चित गरिएको छ) व्यक्तिगत रूपमा वा अनलाइन उपस्थित हुन सक्छन् । त्यस्ता कक्षाहरूको पहुँच नभएको स्थानमा आमाहरूले प्रायः आफ्ना छोरीलाई घरमै शिक्षा प्रदान गराईरहेका छन् । उनीहरूलाई आवश्यक सामग्रीमा पहुँच पुऱ्याउन आमाहरूले फोन वा ट्याब्लेट उपलब्ध गराउँछन् ।

घरबाहिर बोल्न निषेध गरिएका कारण महिलाहरूले आफ्ना अनुभव र भावना आदानप्रदान गर्न सामाजिक सञ्जाल र सञ्चार माध्यम प्रयोग गरेका छन् । हिंसाको सामना नगरी शान्तिपूर्ण रूपमा विरोधको समभावना नरहेकाले महिलाहरूले आफ्ना अनुभव चित्रण गर्दै कविता, चित्र र फिल्ममा परिवर्तनको माग गर्दै प्रतिरोधका रचनात्मक स्वरूप अँगालेका छन् । तालिबान दमनको प्रतिरोध गर्न अफगान महिलाहरूको प्रयासको झलक प्रदान गर्ने सहरा मनीको हृदयस्पर्शी वृत्तचित्र ब्रेड एन्ड रोजेजले अन्तर्राष्ट्रिय ख्याति कमाएको छ ।

हामी अफगानिस्तानबाट भागेकाहरू यस अर्थमा भाग्यमानी छौं कि हामीले नयाँ देशमा हाम्रो जीवन पुनः सुरु गर्ने अवसर पायौं । हामी आफ्नो व्यक्तिगत सुरक्षा खतरामा पर्ने डरबिना महिला अधिकारको पक्षमा वकालत गर्न सक्छौं । तर, ब्रेड एन्ड रोजेजका नायिकाहरू र अन्य अनगिन्ती अफगान महिला कार्यकर्ताले हरेक दिन घातक खतराको सामना गर्छन् । त्यसैले हामीले उनीहरूको कथाहरू सुन्न छोड्नुहुँदैन । यदि हामीले उनीहरूलाई विश्वव्यापी एजेन्डा राखेनौं भने उनीहरूको साहसको प्रशंसा गर्नु वा उनीहरूको दुर्दशाप्रति सहानुभूति देखाउनुको कुनै अर्थ हुँदैन । त्यसैले, महिलाको स्थितिबारे संयुक्त राष्ट्र संघीय आयोग (सिएसडब्लु)मा अन्तर्राष्ट्रिय समुदायलाई अफगान महिलाहरूलाई समर्थन गर्न तीन महत्त्वपूर्ण कदम चाल्न आह्वान गर्नेछौं ।

पहिलो त अफगान शरणार्थीहरूसँग सुरक्षित र स्थायी पुनर्वासका लागि विश्वसनीय र सामयिक विकल्प हुनुपर्छ । तालिबान सत्तामा फर्किएपछि युद्धको समयमा अमेरिकी वा नेटो सेनासँग काम गरेका अफगान नागरिकसहित लाखौं शरणार्थी छिमेकी पाकिस्तान भागे । त्यहाँ उनीहरूले विगतमा वाचा गरिएको अमेरिकी भिसाका लागि आवेदन दिए । तर, अधिकांशले पुनर्वासको अवसरका लागि वर्षौंसम्म पर्खिरहेका छन् । यसबिच उनीहरूमध्ये अधिकांशले प्रायः नजरबन्द र उत्पीडनको सामना गरिरहेका छन् ।

पुनर्वास प्रक्रियालाई उचित ढंगले तीव्र पार्नुको सट्टा ट्रम्पले अमेरिकी शरणार्थी प्रवेश कार्यक्रमलाई निलम्बन गरेका छन् । यसले अफगानीहरूलाई पाकिस्तानी सरकारले देशनिकालाको उच्च जोखिममा पारेको छ । र, यो जोखिम कैयौं अफगानीका लागि मृत्युदण्डको सजायबराबर हुनसक्छ । लामो समय अलपत्र पर्दा शरणार्थीमा चरम निराशा उत्पन्न भएको छ । स्थायी पुनर्वासका लागि सुरक्षित स्थानमा एक विश्वसनीय मार्ग सकेसम्म चाँडो स्थापित गरिनुपर्छ ।

दोस्रो, अन्तर्राष्ट्रिय समुदायले अफगानिस्तानभित्र परिवर्तन ल्याउन आवश्यक पर्ने स्रोत तथा साधन अफगान महिलालाई प्रदान गर्नुपर्छ । अफगान महिलाहरूसँग परिवर्तका लागि आवश्यक दृष्टिकोण, दृढता, अनुभव र प्रतिबद्धता छ । तर, तालिबान सत्तामा फर्किएदेखि दाताहरू उनीहरूलाई समर्थन गर्न डराएका छन् । अफगान महिला नेतृत्वका कार्यक्रमलाई धेरै बढी अनुदान प्रदान गरिनुपर्छ । स्वदेशमा र निर्वासनमा रहेका अफगान महिलाबिचको संवादलाई सहज बनाउने ढंगले कार्यक्रम ल्याइनुपर्छ ।

अन्तमा, महिला र नागरिक समाजलाई बृहत् रूपमा अफगानिस्तानसँग सम्बन्धित कुनै पनि राजनीतिक संवाद वा शान्ति प्रक्रियामा समावेश गरिनुपर्छ । यदि तालिबानले अहिलेजस्तै महिलालाई महत्त्वपूर्ण क्षेत्रमा स्थान दिन अस्वीकार खोजे भने अन्तर्राष्ट्रिय समुदायले हस्तक्षेपकारी कदम चाल्न पहल गर्नुपर्छ । अफगानिस्तानको भविष्य र यस क्षेत्रको स्थिरता यसैमा निर्भर गर्छ । यस वर्षको सिएसडब्लु बैठकले बेइजिङ घोषणापत्र र 'प्लेटफर्म फर एक्सन'को ३०औं वार्षिकोत्सव मनाउनेछ, जुन महिला अधिकारलाई अगाडि बढाउन विश्वको सबैभन्दा प्रगतिशील खाका हो ।

तीन दशकअघि यसलाई गठन गर्दा यसमा संलग्न महिलाहरूमा ठुलो आशा थियो कि लैंगिक समानताका लागि लडाइँ एक महत्त्वपूर्ण मोडमा पुगेको छ । तर, महिला श्रमशक्ति सहभागिता, राजनीतिक प्रतिनिधित्व र वित्तीय समावेशीकरणसहित केही क्षेत्रमा प्रगति भए पनि घोषणाको वाचा अधुरो नै छ । अब मुख्यतया अफगानिस्तानमा नयाँ पुस्ताका महिला कार्यकर्ताको रचनात्मकता, नेतृत्व, ज्ञान र साहसलाई आकर्षित गर्ने उचित समय हो ।

प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १ चैत ०८१

संक्षेप

चैतमा पनि ब्याजदर स्थिर

काठमाडौं/ चैतका लागि पनि अधिकांश वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर स्थिर राखेका छन् । केन्द्रीय बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत ब्याजदर करिडोरलाई स्थिर राखेपछि बैंकहरूले पनि ब्याजदर परिवर्तन नगरेका हुन् । केन्द्रीय बैंकले तल्ला सीमाको दर (निक्षेप संकलन दर)लाई ३ प्रतिशतमा सीमित राखेको छ । जसकारण बैंकहरूले अधिक तरलता थुप्रिए पनि ब्याजदरलाई स्थिर कायम राख्दै आएका छन् । यसले बैंकहरूको निक्षेपको ब्याजदरमा प्रतिस्पर्धा नै नहुने स्थिति देखिएको छ ।

नेपाल बैंक र हिमालयन बैंकले व्यक्तिगततर्फको मुद्दती निक्षेपको ब्याजदर झिनो दरले घटाएका छन् । कुमारी बैंकले भने ०.१ प्रतिशतले बढाएको छ । यीबाहेक सबै वाणिज्य बैंकहरूको निक्षेपको ब्याजदर स्थिर छ ।

अहिले निक्षेपमा सर्वाधिक ब्याजदर कायम राख्नेमा एनआइसी एसिया र एनएमबि बैंक छन् । यी दुवै बैंकमा मुद्दती निक्षेप राख्दा वार्षिक ६.६ प्रतिशतका दरले ब्याज पाइन्छ । प्राइम कमर्सियल बैंकको मुद्दती निक्षेपमा ब्याजदर ६.२५ प्रतिशत छ । प्रभु बैंकले ६.१ प्रतिशत ब्याजदरलाई कायम राखेको छ । सानिमा बैंकको ब्याजदर ६.०५ प्रतिशत र कुमारीको ६.०१ प्रतिशत छ । ग्लोबल आइएमई, माछापुच्छ्रे, सिद्धार्थ, एभरेष्ट र राष्ट्रिय वाणिज्य बैंकको ब्याजदर ६ प्रतिशत छ ।

सिटिजन्स बैंक इन्टरनेसनलको ५.६५ प्रतिशत र कृषि विकास बैंकको ५.५१ प्रतिशत ब्याजदर छ । नेपाल एसबिआई बैंक, नेपाल बैंक र हिमालयन बैंकको ब्याजदर ५.५ प्रतिशत छ ।

अवैध 'गिट्टी-बालुवा' उत्खननले गुठीचौर उपत्यकाको सौन्दर्यमा ह्रास

जुम्ला/ गुठीचौर गाउँपालिका- २ स्थित पर्यटकीय क्षेत्र गुठीचौर उपत्यकामा गिट्टी-बालुवाको अवैध उत्खनन भइरहेको छ । जसकारण यहाँको सौन्दर्यमा समेत ह्रास आउन थालेको छ । यहाँको आर्थिक उपार्जनको मेरुदण्ड मानिएको गुठीचौर उपत्यकामा अवैध उत्खनन बढ्दै जाँदा पर्यटक आकर्षणमा समेत कमी आउन थालेको छ । बालुवा-गिट्टीको उत्खननपछि उपत्यकाको क्षयीकरण बढ्दै गएको छ ।

अवैध उत्खनन बढ्दै गएपछि स्थानीय नागरिकले चासो देखाएका छन् । यद्यपि, नियमन गर्ने, गिट्टी-बालुवाको व्यवस्थित उत्खनन गर्ने जिम्मेवारी पाएको स्थानीय सरकार भने मूकदर्शक बनेको स्थानीयको आरोप छ ।

गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढाले उपत्यकाको सुन्दरतालाई कुरूप बनाउने गरी भइरहेको अवैध उत्खननप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको बताए । 'गिट्टी-बालुवाको उत्खननलाई व्यवस्थित गर्न कार्यविधि निर्माण भइसकेको छ । अब चाँडै कार्यान्वयन गर्छौं,' उनले भने । प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (आइई) गर्ने तयारी भइरहेको उनले बताए । पालिकाले कसैसँग पनि गुठीचौरको गिट्टी-बालुवा उत्खनन गर्न सम्झौता नगरेको उनको भनाइ छ । 'गुठीचौरलाई संरक्षण गर्ने हाम्रै दायित्व हो । त्यहाँको सुन्दरता कायमै राख्न हामी गम्भीर छौं,' उनले भने ।

बिमितले दिने उजुरीको सुनुवाइ गर्न अब बिमा प्राधिकरणमै इजलास

१ वैशाखदेखि प्राधिकरणमा जिल्ला अदालतसरह नै दुवै पक्षले बहस गरेपछि मात्रै फैसला हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नेपाल बिमा प्राधिकरणमा बिमा दाबीसम्बन्धी उजुरीमाथि न्यायिक प्रक्रिया अघि बढाउन जिल्ला अदालतसरहको छुट्टै इजलास स्थापना गरिने भएको छ । हालसम्म प्राधिकरणमा प्राप्त उजुरीमा सञ्चालक समितिले नै आवश्यक अध्ययन तथा टिप्पणी लिएर निर्णय गर्दै आएको थियो । तर, अब पक्ष-विपक्षको भनाइ नै लिएर उजुरीमाथि सुनुवाइ गर्ने गरी छुट्टै इजलास स्थापना गर्ने निर्णय मंगलबार सम्पन्न प्राधिकरणको सञ्चालक समिति बैठकले गरेको हो ।

आगामी १ वैशाख ०८२ देखि ललितपुरको कुपन्डोलस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा इजलास सञ्चालन गर्ने सञ्चालक समितिको निर्णय छ । त्यसका लागि आवश्यक तयारी गर्न व्यवस्थापन समूहलाई निर्देशन दिइएको छ । सञ्चालक समितिको निर्णयअनुसार आवश्यक तयारी गरेर १ वैशाखदेखि नै इजलास सञ्चालन गरिने प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदीले जानकारी दिए । बिमा दाबीसम्बन्धी उजुरीको सुनुवाइ प्रक्रिया इजलासबाटै गरिने उनको भनाइ छ ।

प्राधिकरण बिमा क्षेत्रको नियमनकारी निकायसँगै अर्धन्यायिक निकाय पनि हो । बिमा दाबीसम्बन्धी मुद्दामा सुनुवाइ प्रक्रिया अघि बढाउन प्राधिकरणलाई जिल्ला अदालतसरहको अधिकार छ । प्राधिकरणको निर्णय चित्त नबुझेमा उच्च अदालत हुँदै सर्वोच्चसम्म पुनरावलोकनमा जान सकिनेछ । तर, हालसम्म प्राधिकरणमा आउने उजुरीमा सामान्य ढंगले टिप्पणी लिएर निर्णय गरिन्थ्यो । अब भने त्यस्ता उजुरीमा अनिवार्य दुवै पक्षको भनाइ लिएर इजलासबाटै सुनुवाइ गर्नुपर्नेछ ।

प्राधिकरणका अनुसार सुनुवाइ प्रक्रियामा पक्ष-विपक्षले आफ्ना भनाइ राख्न वकिलको सहयोग पनि लिन सक्नेछन् । यसैगरी, साक्षी पनि पेस गर्न सकिनेछ । यसैगरी, दुवै पक्षले आआफ्ना प्रमाण पनि पेस गर्न सक्नेछन् । अर्थात् अहिले अदालतका इजलासमा जसरी काम-कारबाही हुन्छ, त्यही मोडेलमा प्राधिकरणको इजलास पनि सञ्चालन हुनेछ । उक्त इजलासमा न्यायाधीश तथा 'जुरी'का रूपमा अध्यक्षसहितको बहुमत सञ्चालक समितिको उपस्थिति हुनेछ । त्यसमा कानुन मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सञ्चालक सदस्यको उपस्थिति भने अनिवार्य हुनेछ । पक्ष-विपक्षको भनाइ सुनेपछि र प्रमाण हेरेपछि इजलासले उचित सुनुवाइ गर्न सक्नेछ ।

प्राधिकरणको इजलासमा दायर भएका बिमा दाबी उजुरीहरूको हकमा साप्ताहिक तथा अन्य पेसी सूचीहरू राखिनेछ । त्यसमा प्राधिकरणको सञ्चालक समितिको उपस्थिति अनिवार्य हुनेछ । पेसी सूची र निर्णयहरू प्राधिकरणको वेबसाइटमा प्रकाशन गर्नुपर्ने पनि बताइएको छ ।

बिमितले दाबी रकममा चित्त नबुझेमा प्राधिकरणमा उजुरी गर्न सक्नेछन् । साथै, कम्पनीले दाबीसम्बन्धी निर्णय नगरेमा (ढिलाइ गरेमा), दाबी नै नदिएमा लगायतका बिमा सेवामा चित्त नबुझेपछि बिमितले प्राधिकरणमा उजुरी दिन सक्नेछन् । यसरी आउने उजुरीमा प्राधिकरणले अब इजलास नै राखेर सुनुवाइ गर्न सक्नेछ । त्यो सुनुवाइ चित्त नबुझेमा सम्बन्धित पक्ष उच्च अदालतमा जान सक्नेछन् ।

विशेष गरी दाबीमा उजुरी गर्नेमा बिमित नै धेरै हुन्छन् । तर, प्राधिकरणबाट त्यस्तो उजुरीको सुनुवाइ प्रक्रिया व्यवस्थित नहुँदा बिमितले दुःख पाइरहेका थिए । तर, अब उनीहरूले सुनुवाइ प्रक्रियामा सहजता महसुल गर्न सक्ने प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

प्राधिकरणका उपनिर्देशक तथा कानुन शाखा प्रमुख साम्भराज लामिछानेले अब प्राधिकरणमा पर्ने बिमा दाबीसम्बन्धी उजुरीको सुनुवाइ प्रक्रिया व्यवस्थित रूपमा अघि बढ्ने बताए । साथै, सुनुवाइ पनि पहिलाको तुलनामा छिटो हुने उनको भनाइ छ ।

'पहिला प्राप्त उजुरीका आधारमा टिप्पणी नै उठाएर सञ्चालक समितिले सुनुवाइ गर्ने थियो । तर, अब त्यस्ता उजुरीमा सुनुवाइ गर्न इजलास नै सञ्चालन हुनेछ । त्यसमा दुवै पक्ष बोलाएर अनिवार्य रूपमा छलफल गराउनैपर्नेछ ।



बिमा प्राधिकरणका उपनिर्देशक साम्भराज लामिछाने भन्छन्-



पहिला प्राप्त उजुरीका आधारमा टिप्पणी नै उठाएर सञ्चालक समितिले सुनुवाइ गर्ने थियो । तर, अब त्यस्ता उजुरीमा सुनुवाइ गर्न इजलास नै सञ्चालन हुनेछ । त्यसमा दुवै पक्ष बोलाएर अनिवार्य रूपमा छलफल गराउनैपर्नेछ । पक्ष-विपक्षले वकिलको सहयोग लिन सक्नेछन् भने साक्षी पेस गर्न पनि पाउनेछन् । दुवै पक्षको प्रमाण तथा बयानका आधारमा सञ्चालक समितिसहितको इजलासले उचित सुनुवाइ गर्न सक्नेछ । यसरी अब बिमा दाबीसम्बन्धी उजुरीको सुनुवाइ प्रक्रिया व्यवस्थित हुनेछ । साथै, पहिलाको तुलनामा छिटो पनि हुनेछ ।

पक्ष-विपक्षले वकिलको सहयोग लिन सक्नेछन् भने साक्षी पेस गर्न पनि पाउनेछन्,' उनले भने, 'दुवै पक्षको प्रमाण तथा बयानका आधारमा सञ्चालक समितिसहितको इजलासले उचित सुनुवाइ गर्न सक्नेछ । यसरी अब बिमा दाबीसम्बन्धी उजुरीको सुनुवाइ प्रक्रिया व्यवस्थित हुनेछ । साथै, पहिलाको तुलनामा छिटो पनि हुनेछ ।'

पेसीका लागि अब मिति नै तोकेर पूर्वसूचना दिनुपर्नेछ । अहिलको जस्तो आफूअनुकूलमा सञ्चालक समिति बसेर सुनुवाइ गर्ने प्रवृत्ति अन्त्य हुने प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

पछिल्लो समय बिमा प्राधिकरणमा बिमा दाबीसम्बन्धी उजुरी बढ्दो छ । हरेक वर्ष दुई सयभन्दा बढी उजुरी पर्ने गरेका छन् । प्राधिकरणको तथ्यांकअनुसार आव ०७५/७६ मा प्राधिकरणमा एक सय मुद्दा दर्ता भएका थिए । त्यसपछि आव ०७६/७७ मा एक सय २६, आव ०७७/७८ मा एक सय ३७, आव ०७८/७९ मा एक सय ५५, आव ०७९/८० मा पनि एक सय ५५ वटा यस्ता मुद्दा दर्ता भएका थिए । गत आव भने दुई सय ४४ वटा उजुरी दर्ता भएका थिए । नयाँ र पुराना गरेर अझै पनि प्राधिकरणमा साढे चार सयभन्दा बढी उजुरी विचाराधीन छन् । अब त्यस्ता उजुरीको सुनुवाइ प्रक्रिया छिटो र व्यवस्थित हुने उपनिर्देशक लामिछानेको भनाइ छ ।

५ चैतदेखि सिचुवानले पोखरा-छेन्दु उडान गर्ने

पोखराबाट चीनको छेन्दु तीन र छेन्दुबाट पोखरा १० उडान बुक

कास्कीमा **रोहितराज पराजुली**

चीनको सिचुवान एयरलाइन्सले ५ चैतदेखि छेन्दुबाट पोखरा र पोखराबाट छेन्दु उडान गर्ने भएको छ । पोखरा पर्यटन परिषद्को नेतृत्वमा नेपालस्थित चिनियाँ राजदूतावास र सिचुवान एयरलाइन्ससँगको सहकार्यमा उडान सुरु हुने परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिए । उडानका लागि चाइना ट्राभल्स इन्टरनेसनल छेन्दु र नेपालस्थत चाइनिज ओभरसिजले संयोजन गरिरहेका छन् । उडान सुरुसँगै पोखराबाट छेन्दु तीन र छेन्दुबाट पोखरा १० उडान बुक भइसकेको उनले बताए । नेपाल आउने र चीन जानेहरूका लागि सात रात आठ दिनको प्याकेज बनाइएको छ ।

चैत ५ गते छेन्दुबाट एक सय २७ यात्रु लिएर पोखरा आउने विमानले पोखराबाट एक सय २७ यात्रु लिएर छेन्दु जानेछ । पोखराबाट जानेहरूका लागि चीनको छेन्दु, लुझोउ, इमी, लिसन, छोङछिङ्डल्गायतका सहरमा पुग्नेछन् । छेन्दुबाट आउनेहरूका लागि पोखरा, चितवन, लुम्बिनी, काठमाडौंलगायतका सहर घुम्नेछन् । पोखराबाट ५ चैतमा हुने उडानमा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको नेतृत्वमा एक सय २७ जनाको टोली छेन्दु पुग्नेछ । त्यसपछि १९ चैतमा उद्योगी-व्यवसायीको टोली र २ वैशाख ०८२ मा विभिन्न संघ-संस्थाको टोली छेन्दु पुग्ने पहारीले जानकारी दिए । पोखराबाट हुने तीन उडानमा तीन सय ८१ जना छेन्दु जाने र छेन्दुबाट पोखरा आउने



१० उडानमा एक हजार दुई सय ५० जना पर्यटक पोखरा आउनेछन् ।

५ चैतको बिहान १० बजे एक सय २७ जना चिनियाँ यात्रु लिएर आएको सिचुवानको विमानले पोखराबाट सोही दिन दिउँसो १२ बजे एक सय २७ जना यात्रु लिएर पोखराबाट छेन्दु जाने पहारीले जानकारी दिए ।

चीनको अन्य प्रान्तको तुलनामा सिचुवानका नागरिक बढी घुम्ने गरेकाले पोखरा भ्रमण वर्ष २०२५ को अवसर पारी चिनियाँ बजारमा पोखराको प्रवर्द्धन गर्न पोखराबाट नियमित उडान गर्ने लक्ष्यले छेन्दु रोजिएको पोखराका मेयर आचार्यले बताए ।
सिचुवानको जनसंख्या नौ करोड रहेकाले छेन्दुलगायतका सहरमा प्रवर्द्धनात्मक अभियान गर्दा पोखरामा चिनियाँ पर्यटक बढ्ने उनको भनाइ छ । हाललाई बुक भएका व्यावसायिक चार्टर उडानपछि दुई सहरमा नियमित अन्तर्राष्ट्रिय उडानका लागि ढोका खुल्ने उनले विश्वास व्यक्त गरे ।

नेपालस्थित चिनियाँ राजदूतावासका डिसिएम वाङ सिनले हाल तय भएका उडानले दुई सहरमा नियमित उडानका लागि ढोका खोल्ने बताए । चीनका अन्य सहरहरूलाई समेत पोखरासँग सीधै हवाई सञ्जालले जोड्ने गरी आफूहरूले काम गरिरहेको उनले बताए ।

सञ्चालनको २७ महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको तयारी सुरु भएको हो । १७ पुस ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको विमानस्थलमा ११ फागुन ०८० मा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो । १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको विमानस्थलमा हालसम्म आठ चार्टर उडान र एक व्यावसायिक उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडानको टुंगो लागेको थिएन ।

पोखराबाट चीनको छेन्दुसँगै १८ चैतदेखि हिमालयन एयरलाइन्सले पोखराबाट ल्हासा उडान गर्ने भएको छ । कम्पनीले सातामा एक दिन पोखराबाट व्यावसायिक उडान सुरु गर्ने तयारी गरेको हो । १८ चैतदेखि काठमाडौं-ल्हासा-पोखरा-ल्हासा-काठमाडौं सातामा एक उडान गर्ने गरी तयारी गरेको हिमालयनका उपाध्यक्ष एवं प्रवक्ता विजय श्रेष्ठले जानकारी दिए । हिमालयको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र १० लाख चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्ने रहेको दाबी गर्दै श्रेष्ठले हिमालयले सधैं चीनमा नयाँ गन्तव्य खोज्दै र नियमित उडान गर्दै आइरहेको बताए । नेपाल र चीनबिचको हवाई सम्बन्धलाई सुदृढ गर्ने लक्ष्यका साथ व्यावसायिक उडान गर्न लागेको उनले जानकारी दिए । चीनको एक्जिम बैंकले २१ करोड ७० लाख अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ करिब २२ अर्ब ऋण सहयोगमा फोरडी मोडेलमा निर्माण भएको पोखरा विमानस्थलमा ४५ मिटर चौडाइ र दुई हजार पाँच सय मिटर लामो धावनमार्ग रहेको छ । जाहा बोइङ ७५७ र एयरबस ३२० वा सोसरहका विमान आउजाउ गर्न सक्ने विमानस्थलमा सानो र ठूलो गरी ११ विमान पार्किङ गर्न सकिन्छ ।

सिमेन्ट उद्योगलाई राजस्वमा कडाइ गर्दै मधेश सरकार

उद्योगबाट दुई अर्बभन्दा बढी राजस्व उठ्ने अनुमान, तर करिब तीन लाख मात्रै संकलन

जनकपुरधाममा **हदिश खुद्दार**

अनुमान गरेको भन्दा निकै न्यून राजस्व संकलन भएपछि मधेश प्रदेश सरकारले सिमेन्ट उद्योगबाट उठ्ने राजस्वमा कडाइ गर्न लागेको छ । मधेश प्रदेशको अर्थ मन्त्रालयले राजस्व आउने क्षेत्रहरूको अनुमन तथा निरीक्षण गरी राजस्व संकलनमा जोड दिएको छ । चालू आव ०८१/८२ मा मधेश प्रदेशमा संघीय सरकारबाट प्राप्त हुने र आन्तरिक राजस्वसहित २२ अर्ब १६ करोड प्राप्त हुने लक्ष्य लिइएको छ । तर, चालू आवको सात महिनासम्म यी शीर्षकमा ११ अर्ब मात्रै उठेको प्रदेश अर्थ मन्त्रालयले जनाएको छ ।

पहिलो चरणमा अर्थ मन्त्रालयले प्रदेशभित्रका सिमेन्ट उद्योगहरूले लामो समयदेखि राजस्व नबुझाएपछि अनुगमन गरी राजस्व नबुझाउने सिमेन्ट उद्योग र दहत्तरबहत्तर करअन्तर्गत बालुवा-गिट्टीबापतको राजस्व नबुझाउने पालिकालाई समेत कारबाही प्रक्रिया अघि बढाएको हो । प्रदेशभर सञ्चालित १६ सिमेन्ट उद्योगले उत्पादन गरेको प्रत्येक बोराबराबर एक रुपैयाँ राजस्व तिर्नुपर्ने व्यवस्था गरिएको छ । तर, लामो समयदेखि उद्योगहरूले राजस्व नबुझाएपछि प्रदेश सरकारले कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गरेको अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले बताए ।

मधेश प्रदेशमा पर्साका नारायणी सिमेन्ट, इन्टरनेसनल सिमेन्ट, विश्वकर्मा सिमेन्ट, आएएमसी सिमेन्ट, शुभश्री जगदम्बा सिमेन्ट र अम्बे सिमेन्ट, बारामा अरनिको सिमेन्ट, कृष्णा सिमेन्ट, युनिटेक सिमेन्ट, नेपाल शालिमार सिमेन्ट, स्टार सिमेन्ट र श्री सिमेन्ट इन्डस्ट्रिज प्रालि/कलश सिमेन्ट उद्योग सञ्चालनमा छन् ।

लामो समयदेखि प्रदेशका सिमेन्ट उद्योग तथा नदीनाला तथा बालुवा-गिट्टी भएका पालिकाले ठेक्का लगाए पनि प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व नबुझाएको उनले बताए । सोही कारण अनुमान गरेभन्दा न्यून राजस्व संकलन भएपछि प्रदेश सरकारले त्यसतर्फ ध्यान दिएको उनले बताए । सबै सिमेन्ट उद्योग र पालिकाले राजस्व बुझाएमा चालू आवमा दुई अर्ब हाराहारीमा राजस्व संकलन हुने उनको भनाइ छ ।

तर, अहिलेसम्म कसमस सिमेन्टले दुई लाख ९६ हजार आठ सय ५७ रुपैयाँ र केही रकम आरएमसी सिमेन्टले मात्र बुझाएको प्रदेश अर्थ मन्त्रालयकी कर अधिकृत चाँदनी दलामीले बताइन् ।

आर्थिक वर्ष ०७५/७६ मा प्रदेश सरकारले प्रदेशभित्र रहेका सिमेन्ट उद्योगलाई बिक्री मूल्यको शून्य दशमलव ५ प्रतिशत राजस्व बुझाउन पत्राचार गरेको थियो । तर, उद्योगहरूले बेवास्ता गरेपछि प्रदेश सरकारले सबै सिमेन्ट उद्योगको अनुगमन गरी छलफल गरेका थिए । त्यसपछि उद्योगीले राजस्व बुझाउने प्रतिबद्धता जनाएसँगै प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ देखि सरकारले आर्थिक ऐनमै प्रदेशभित्र रहेका सिमेन्ट उद्योगले प्रतिबोरा एक रुपैयाँका दरले राजस्व बुझाउन भनेको छ । तर प्रदेश सरकारको ऐन-कानुनलाई बेवास्ता गर्दै सिमेन्ट उद्योगले राजस्व बुझाउन आनाकानी गर्दै आएका छन् । सिमेन्ट उद्योगले कर नबुझाएपछि अर्थ मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगका सदस्य राजकुमार सिंह (कोइरी) संयोजक रहेको अनुगमन समिति बनाएको छ ।
समितिमा अर्थ मन्त्रालयका सचिव रामकुमार महतो, वन तथा वातावरण अधिकृत, अर्थ मन्त्रालयका कर अधिकृत, सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि रहेका छन् ।

समितिका संयोजक सिंहका अनुसार पहिलो चरणमा प्रदेशका सबै उद्योगको अनुगमन गर्ने, उद्योगलाई जरिवानासहित राजस्व बुझाउन अनुरोध गर्ने र कुन आर्थिक वर्षमा कुन उद्योगले कति बोरा बिक्री गरेको तथ्यांक लिने कार्य भइरहेको छ । त्यसैगरी पालिकाहरूले दहत्तरबहत्तर करअन्तर्गत बालुवा-गिट्टीबापतको राजस्व नबुझाउने पालिकाको प्रदेश सरकारबाट पाउने ससर्त विशेष अनुदान रोक्नेसम्मको निर्णय हुन सक्ने उनले बताए । समितिले अहिलेसम्म सिराहाको सौर्य सिमेन्ट, मारुती सिमेन्ट र धनुषाको कसमस सिमेन्ट, तेज सिमेन्ट उद्योगको अनुगमन गरेको छ । अनुगमनका क्रममा प्रदेश सरकारको राजस्व बुझाउने विषयमा उद्योगीहरू सकारात्मक देखिएको उनले बताए ।

जुम्लामा पुनः पानी उद्योग सञ्चालन

बाहिरी जिल्लाबाट आएको भन्दा सस्तो मूल्यमा बिक्री-वितरण

जुम्लामा **मानदत्त रावल**

कर्णाली प्रदेशको हिमाली क्षेत्र जुम्लामा पानी उद्योग (यार्सा मिनिरल्स वाटर) पुनः सञ्चालनमा आएको छ । ०७३ सालमा पहिलोपटक एक करोड रुपैयाँभन्दा बढीको लगानीमा स्थापना भएको उद्योग बन्द भएको केही वर्षपछि पुनः सञ्चालनमा आएको हो । पातारासी गाउँपालिका- ६, उर्थुचौतारामा स्थापित उद्योग प्राविधिक कारणले केही वर्ष बन्द भएको थियो । तर, उक्त समस्या हल भएसँगै पुनः सञ्चालनमा ल्याएको उद्योग सञ्चालक गणेश रोकायाले बताए । उनले भने, 'पानीको जार मसिरदेखि नै बजारमा आइसकेको छ । बोतलमा भने फागुन दोस्रो सातादेखि बजारमा आएको हो ।'

हिमाली जडीबुटीमिश्रित मूलको पानी शुद्धीकरण गरी जार र बोतलमा बिक्री-वितरण भएको रोकायाको भनाइ छ । पछिल्लो चरणमा २० लाख खर्च गरी सञ्चालनमा ल्याइएको उद्योगमा हाल तीनजना कर्मचारीले रोजगारी पाएका छन् । 'रोजगारका लागि बिदेसिने युवाको लाम छ । स्थानीयस्तरमै केही स्वरोजगारमूलक काम गरौं र दुई-चार युवालाई भए पनि



रोजगार दिऔं भनेर यही उद्योग सुरु गरियो,' उनले सुनाए ।

उद्योगले अहिले प्रतिकार्टुन एक सय ९० रुपैयाँ र प्रतिजार ७० रुपैयाँसम्ममा बेचिरहेको छ । यार्सा मिनिरल्स वाटर बजारीकरण गर्दै आएका तोरनसिंह कठायतका अनुसार बाहिरको पानीभन्दा यहाँ उत्पादित पानी सस्तो मूल्यमा बिक्री भइरहेको छ । डिलरलाई एक सय ९० र अरू व्यापारीलाई दुई सय रुपैयाँमा बिक्री गर्ने गरिएको कठायतले जानकारी दिए । बाहिरबाट आएको पानी फुटकरमा प्रतिबोतल ३० रुपैयाँ, कार्टुनमा दुई ३० देखि अढाई सय रुपैयाँसम्म बिक्री भइरहेको पनि उनले बताए ।

पहिले यहाँ बिजुली नहुँदा जेनेरेटर चलाउनुपर्ने अवस्था रहेकाले पानी बाहिरको भन्दा महँगो पर्न जान्थ्यो ।

हाल करिब एक मेगावाटको चुकेनी जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन भएपछि पानी उद्योग सञ्चालन गर्न थालिएको छ, जसले गर्दा उपभोक्तालाई मूल्य पनि सस्तो पर्न गएको हो । पछिल्लो समय बिजुलीको पहुँच पुगेपछि पानीदेखि मदिरा उत्पादन गर्ने डिस्टिलरी, ग्रिललगायत साना उद्योग जिल्लामै सञ्चालन हुन थालेका छन् । जिल्लामा हालसम्म विभिन्न प्रकृतिका चार हजार चार सय ७० उद्योग दर्ता भएका छन् ।

तामाकोशी पाँचौंका मजदुर आन्दोलित

दुई दिनदेखि आयोजनाका सबै काम ठप्प, दैनिक लाखौं घाटा

दोलखा/ मजदुर र ठेकेदार पक्षबिच भएको सहमति कार्यान्वयन नभएको भन्दै दोलखाको विगु गाउँपालिका- ४ स्थित सुरिटारमा निर्माणाधीन तामाकोशी पाँचौं जलविद्युत् आयोजनाका मजदुर बिहीबारदेखि पुनः आन्दोलनमा उत्रिएका छन् ।

नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन ९९ मेगावाटको तामाकोशी पाँचौं जलविद्युत् आयोजना निर्माणको ठेक्का पाएको चिनियाँ कम्पनी सिनो हाइड्रो केएसएनएस जेभी र मजदुरबिच दुई साताअघि भएको सम्झौता भएको थियो । सो सहमति कार्यान्वयन



नभएको भन्दै सबै काम बन्द गरेर आन्दोलनमा उत्रिनुपरेको नेपाली श्रमिक संघर्ष समितिका संयोजक जीवन मगरले जानकारी दिए ।

सम्झौतामा नेपाली मजदुरलाई रोजगारी सम्झौता गराउने, श्रम ऐनअनुसारको ज्याला उपलब्ध गराउनेलगायतका विषयमा लिखित सहमति भएको थियो । आयोजनामा झन्डै दुई सयभन्दा धेरै मजदुर कार्यरत छन् ।

सबै श्रमिक काम छाडेर आन्दोलनमा उत्रिएपछि अडिट एक, अडिट दुई र विद्युतगृहका सबै काम ठप्प हुँदा लाखौं घाटा भएको आयोजनाले जनाएको छ ।

जग्गा ओगटेर उद्योग सञ्चालन नगर्ने तीन उद्योगसँगको सम्झौता रद्द

सम्झौता रद्द गर्ने निर्णयपछि तीनवटै उद्योगले गुहारे सर्वोच्च अदालत, औद्योगिक क्षेत्रको पक्षमा फैसला आएसँगै संरचना लिलामीको पनि खुल्यो बाटो

मकवानपुरमा **पोष्टराज अधिकारी**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड हेटौँडाले उद्योग सञ्चालन नगरी जग्गा मात्रै ओगट्ने तीनवटा उद्योगसँगको सम्झौता रद्द गरेको छ। उद्योग सञ्चालन गर्ने भन्दै हेटौँडा औद्योगिक क्षेत्रभित्रको जग्गा सम्झौता गरी संरचना निर्माण गरे पनि जग्गा मात्रै ओगटेर बसेपछि औद्योगिक क्षेत्र व्यवस्थापनले ती उद्योगसँगको सम्झौता रद्द गरेको हो। सम्झौता रद्द गरिएका उद्योगमा नाथ फुड्स इन्डस्ट्रिज, लक्ष्मी पेन्ट्स र सनराइज कन्टेनर प्रालि छन्। उनीहरूले उद्योग सञ्चालन गर्ने भन्दै लामो समयदेखि जग्गा भाडामा लिएर पनि सम्झौताअनुसार उद्योग सञ्चालन नगरेपछि सम्झौता रद्द गरिएको कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए।



नेपालका अनुसार ती उद्योगले ०७२ र ०७३ सालमा उद्योग स्थापना गर्न भन्दै जग्गा भाडा लिएका थिए। सम्झौता गरी लामो समयसम्म पनि उद्योग सञ्चालनमा नल्याएर जग्गा मात्रै ओगटेर बसेपछि सम्झौता रद्द गर्नुपरेको उनको तर्क छ। उद्योगसँग भएको सम्झौता २७ माघमा बसेको औद्योगिक क्षेत्र व्यवस्थापन सञ्चालक समितिको बैठकले रद्द गर्ने निर्णय गरेको थियो।

सम्झौता रद्द गर्ने निर्णय भएपछि तीनवटै उद्योग सर्वोच्च अदालत पुगेपछि प्रक्रिया केही लम्बिएको सूचना अधिकारी नेपालले बताए।

अदालतले औद्योगिक क्षेत्रको पक्षमा निर्णय गरेसँगै ती उद्योग सञ्चालनका लागि भन्दै बनेका संरचनाको लिलामी प्रक्रियासमेत अगाडि बढाइएको छ। यस्तै, उक्त स्थानमा नयाँ उद्योग स्थापनाका लागि प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिए। तीन उद्योगले उद्योग सञ्चालन गर्न हेटौँडा कपडा उद्योग र विस्तारित औद्योगिक क्षेत्रको जग्गा भाडाका लागि सम्झौता गरेका थिए।

जसमा नाथ फुड्सले ७.७५, लक्ष्मी पेन्ट्सले ६.३४ र सनराइज कन्टेनरले १०.०३ रोपनी जग्गा भाडामा लिने गरी सम्झौता गरेको सूचना अधिकारी नेपालले जानकारी दिए। हाल हेटौँडा औद्योगिक क्षेत्रभित्र एक सय २७ उद्योग रहेकामा एक सय १५ वटा उद्योग मात्रै सञ्चालनमा रहेका नेपालको भनाइ छ।

विश्व प्लम्बर दिवसमा पञ्चकन्याको सम्मान



काठमाडौं/ पञ्चकन्या समूहले विश्व प्लम्बर दिवसका अवसरमा सम्मान कार्यक्रम आयोजना गरेको छ। कम्पनीले प्लम्बरको अमूल्य योगदानलाई सम्मान गर्न कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा जिफन्ट नेपाल, बागमती प्रदेश अध्यक्ष रामहरि नेपाल, नुवाकोट प्लम्बर संघका अध्यक्ष कुमार मगर, भक्तपुर नगर समितिका सदस्य बालकृष्ण खैजू, बालाजु स्कुल अफ इन्जिनियरिङका सेनेटरी विभाग प्रमुख माधवप्रसाद अधिकारी तथा वरिष्ठ प्राविधिक गोकुल दंगाललगायतको उपस्थिति रहेको थियो। उनीहरूले देश विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने मिहिनेती प्लम्बरहरूको प्रशंसा गरेका थिए।

कार्यक्रममा प्लम्बर क्षेत्रमा सेवा प्रदान गरिरहेका डिलर तथा ग्राहकको समेत सहभागिता रहेको थियो। उनीहरूको योगदानको कदर गर्दै कम्पनीले कदरपत्र र उपहार वितरण गरेको छ।

ज्योतिका ग्राहकलाई डेकोर प्यालेसमा छुट

काठमाडौं/ ज्योति विकास बैंक र काठमाडौं नयाँबजारस्थित डेकोर प्यालेसबिच बैंकका ग्राहकलाई विशेष छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअन्तर्गत बैंकका ग्राहकले डेकोर प्यालेसमा फर्निचरजन्य सामान किन्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

बैंकले देशका अन्य विभिन्न व्यवसायसँग सहकार्य गरी ग्राहकलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको जनाएको छ। हाल मात्र बैंकले नगरकोटस्थित 'क्लब हिमालय' र 'होटेल हिमालयन भिल्ला' रिसोर्टमा १० प्रतिशतसम्मा छुट प्रदान गर्ने सम्झौता गरेको छ।



बैंकले उपत्यका र उपत्यकाबाहिर गरी एक सय २१ शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आएको जनाएको छ।

भारतीय व्यापार मेलामा काबरा ग्रुपका उत्पादन

काठमाडौं/ भारतकै ठुलो व्यापार मेला 'आहार'मा नेपाली उत्पादन प्रदर्शन गरिएका छन्। ४ देखि ८ मार्चसम्म जारी मेलामा नेपालबाट पहिलोपटक सहभागी काबरा ग्रुपले आफ्नो उत्पादन प्रदर्शनीमा राखेको हो। ग्रुपले क्वालिटी फुड एन्ड स्न्याक प्रालि, क्वालिटी फुड्स नेपाल प्रालि र क्वालिटी नुडल्स



इन्डस्ट्रिज प्रालिका बिस्कुट, चाउचाउ र स्न्याकलगायतका विभिन्न उत्पादन मेलामा राखेको जानकारी दिएको छ। साथै, 'ज्याकपट' ब्रान्डका चाउचाउ र स्न्याकप्रति सर्वसाधारणदेखि उद्योगी-व्यवसायीले अवलोकन गरेका थिए। मेलामा भारतीय व्यवसायीले प्रदेश र क्षेत्रगत सुपर डिस्ट्रिब्युटर्स, सोल डिस्ट्रिब्युटर्स र रिजनल डिस्ट्रिब्युटर्सले प्रपोजलसमेत पेस गरेको ग्रुपले जनाएको छ।

बागलुङ-पोखरा चल्ने इभीको भाडा घट्यो




बागलुङ/ धौलागिरि-गण्डकी यातायात सेवा प्रालि बागलुङले सञ्चालन गरेको विद्युतीय (इभी) माइक्रो बसको भाडादर समायोजन गरेको छ। प्रालिले बागलुङ-पोखरा विद्युतीय माइक्रो बस सञ्चालन गरेको एक वर्ष पुगेको अवसरमा भाडादर घटाएको जानकारी गराएको हो।

यसअघि लिँदै आएको भाडामा ५० रुपैयाँ घटाएको प्रालिका अध्यक्ष उमेश केसीले जानकारी दिए। बागलुङ-पोखरा भाडा चार सय ५० रुपैयाँ रहेकोमा चैत १ गतेदेखि चार सय रुपैयाँ लागू हुनेछ। त्यसैगरी, म्याग्दी-पोखरा पनि पाँच सय ५० रुपैयाँबाट घटाएर पाँच सय रुपैयाँ कायम गरिएको अध्यक्ष केसीले बताए।

बागलुङ-पोखराका लागि गत वर्ष फागुपूर्णिमाकै दिन विद्युतीय माइक्रो बस सेवा सञ्चालन गरिएको थियो। सुरुवाती चरणमा दुईवटा बसबाट सेवा सञ्चालन गरेको बागलुङ-पोखराका लागि हाल २० वटा माइक्रो बस सञ्चालनमा आएका छन्। प्रालिले म्याग्दीको बेनीबाट पोखराका लागि पनि पाँचवटा बस सञ्चालन गरेको छ भने बागलुङ-नारायणगढका लागि पनि पाँचवटा बस सञ्चालनमा ल्याएको अध्यक्ष केसीले जानकारी दिए।

विद्युतीय सवारीसाधनको बढ्दो माग र प्रयोग हुन थालेपछि प्रालिले सेवालाई थप व्यवस्थित गराउन भाडादर घटाएको हो।

तातोपानी नाकाबाट भइरहेको एकतर्फी व्यापारप्रति नेपाली व्यापारी असन्तुष्ट



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

उत्तरतर्फको महत्त्वपूर्ण सीमानाका तातोपानीबाट भइरहेको एकतर्फी व्यापारप्रति नेपाली व्यापारी असन्तुष्ट बनेका छन्। भूकम्पपछि चिनियाँ पक्षले नेपालका लागि निकासी खुला गरेको बताए पनि यो नाका भएर हालसम्म कुनै पनि वस्तु निकासी हुन नसकेकामा नेपाली पक्ष असन्तुष्ट बनेको हो। अहिले उक्त नाकाबाट आयात मात्रै खुला छ। सहजता र दूरीको हिसाबले व्यापारीहरू तातोपानी नाका प्रयोग गर्न चाहन्छन्। यद्यपि, चिनियाँ पक्ष भने निकासी खुला गर्न तयार भएको छैन। नेपाली मालवस्तु बुझ्लिने चिनियाँ एजेन्ट खासामा नहुँदा र चीन सरकारले उनीहरूलाई केरुङमा मात्रै खटाएकाले निकासी खुल्न नसेकेको हो।

तातोपानी नाकाको वास्तविक अवस्था बुझ्न सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी किरण थापाको समन्वय र अनुरोधमा ल्हासास्थित नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला सिगात्से, न्यालम, खासा हुँदै गत शुक्रबार तातोपानी भन्सार आइपुगेका थिए।

उनले सीमामा रहेका व्यापारी, संघ-संस्था र स्थानीय जनप्रतिनिधिसँगको अन्तर्क्रियापछि सीमा समस्याबारे नेपाल सरकार र चीन सरकारसँग वार्ता गर्ने प्रतिबद्धता जनाएका छन्। तातोपानी भन्सारका सूचना अधिकृत सूर्यप्रसाद काफ्लेले दिएको जानकारीअनुसार सरकारको योजनाबमोजिम नै महावाणिज्यदूतले सीमानाका र भन्सारको स्थलगत अवलोकन गरेका हुन्।

अन्तर्क्रियाका क्रममा स्थानीय तथा व्यापारिक संघ-संस्थाले जीर्ण कोदारी सडकखण्डबारे चासो राखेका छन्। सीमामा बस्ने नेपालीलाई विगतमाझैं खासा र न्यालमसम्म गएर काम गर्न दिनुपर्ने, वान डे पास लागू गर्नुपर्ने, नेपाली मालवस्तुको निकासी, ल्हासा-काठमाडौं बस सेवा, भारतीय धार्मिक पर्यटकलाई कैलाशमान सरोवर जाने अनुमति र सीमास्थित भोटेकोशी नदीमा चिनियाँ क्षेत्रमा जसरी नेपालपट्टि पनि तटबन्ध निर्माण गर्नुपर्ने विषयलाई स्थानीयले जोडदार रूपमा उठाएका छन्।

'नेपाल-चीन द्विपक्षीय हितका लागि हामीले स्थानीयसहित सीमामा छलफल गरेका छौं,' प्रमुख जिल्ला अधिकारी थापाले भने, 'अब छिट्टै चिनियाँ समकक्षीसँग वार्ता गरेर हल गर्न सकिने विषयउपर काम गरिनेछ।' यद्यपि, चिनियाँ पक्षले खासा पुनर्निर्माण जारी रहेकाले हाललाई नेपाली पक्षको मागलाई स्थगित गरेको बताउँदै आएको छ।

अर्थ समितिबाट निरीक्षण

आइतबार सीमा पुगेको संघीय संसद्अन्तर्गत प्रतिनिधिसभाको अर्थ समितिका १२ सदस्यले तातोपानी भन्सार र मितेरीपुलको निरीक्षण गरेका छन्। अर्थ समितिका सभापति सन्तोष चालिसेको नेतृत्वमा तातोपानी नाका पुगेको संसदीय टोलीले कोदारी सडक, बोर्डरको अवस्था र भन्सार गतिविधिसम्बन्धी अन्तर्क्रिया गरेर सरकारी निकायलाई आवश्यक निर्देशनसमेत दिएको छ। तातोपानी भन्सार प्रमुख कमलकुमार भट्टराईले भन्सारको अवस्थाबारे ब्रिफिङ गरेका थिए।

बर्दिया निकुञ्जमा पर्यटक बढे

चालू आवको सात महिनामा १५ हजारले गरे बर्दिया निकुञ्ज भ्रमण, गत आवको सोही अवधिको तुलनामा ७.१७ प्रतिशतले बढी

बर्दियामा **प्रकाश पौडेल**

बर्दिया राष्ट्रिय निकुञ्जमा पछिल्लो समय घुम्न आउने पर्यटकको संख्यामा वृद्धि हुन थालेको छ। निकुञ्जभित्र बाघ, गैँडा तथा हात्तीलगायत जंगली जनावर हेर्न आउने बाह्य तथा आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुँदै गएको निकुञ्जले जनाएको छ।

चालू आव ०८१/८२ को सात महिना (माघसम्म)मा कुल १४ हजार सात सय ४८ जना पर्यटकले निकुञ्ज प्रवेश गरेको बर्दिया राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सरोजमणि पौडेलले बताए। निकुञ्ज प्रवेश गर्नेममा विदेशी तीन हजार ६ सय नौ, सार्क मुलुकबाट सात सय नौ र आन्तरिक पर्यटक १० हजार चार सय ३० रहेका छन्। गत आवको सोही अवधिमा भने १३ हजार सात सय ६१ जनाले निकुञ्ज भ्रमण गरेका थिए। यो गत आवको सोही अवधिको तुलनामा ७.१७ प्रतिशतले बढी हो।

यद्यपि, ०८०/८१ मा भने बाह्य तथा आन्तरिक गरी कुल २६ हजार एक सय ३१ जना पर्यटकले निकुञ्ज भ्रमण गरेको पौडेलको भनाइ छ। जसमध्ये विदेशी पर्यटक ६ हजार ६ सय ८४ जना, सार्क राष्ट्रका एक हजार चार सय ३७ र नेपाली १८ हजार १० जना पर्यटकले निकुञ्ज भ्रमण गरेको निकुञ्जको तथ्यांक छ। त्यस्तै, अघिल्लो आव ०७९/८० मा कुल २४ हजार तीन सय २४ र आव ०७८/७९ मा १६ हजार दुई सय ९७ जनाले निकुञ्ज भ्रमण गरेका हुन्।

पर्यापर्यटनको दृष्टिकोणले बर्दिया निकुञ्ज महत्त्वपूर्ण मानिन्छ। निकुञ्जभित्र बाघ, गैँडा, हात्ती, अजिंगर, चित्तल मृग, बाह्रसिङे रतुवा सजिलै देख्न पाइन्छ। यसकारण पनि पर्यटकको



रोजाइमा निकुञ्ज पर्न थालेको सूचना अधिकारी पौडेलले बताए।

सिनियर गाइड हेमन्त आचार्यले निकुञ्जमा तराईका सबैभन्दा ठुला र सजिलै जनावर देख्न सकिने भएकाले बर्दिया आउने पर्यटक बढ्दै गएको बताए। 'विश्वप्रसिद्ध टाइम म्यागाजिनले सन् २०२४ का लागि तयार पारेको संसारका सय सर्वोत्कृष्ट गन्तव्यको सूचीमा बर्दियाको मधुवन नगरपालिकास्थित 'बुढ्हान वाइल्डरनेस क्याम्प्स' सूचीकृत छ। यसकारण पनि यस वर्ष विदेशी पर्यटक बढ्ने सम्भावना देखिन्छ,' उनले भने।

पछिल्लो समयमा निकुञ्ज घुम्न आउने पर्यटकको संख्या बढ्दै गएपछि कोभिडका कारण ओरालो लागेको होटेल व्यवसायले पनि गति लिन थालेको गैँडा क्याम्पका सञ्चालक रामजी थापाले बताए।

उनका अनुसार निकुञ्ज घुम्न आउनेमध्ये नेपाली पर्यटकको संख्या धेरै रहेको छ। 'विदेशी पर्यटकलाई लाग्ने महँगो हवाई भाडाले पनि यहाँ आउने पर्यटकको संख्या कम भएको हो। कम हवाई भाडादर कायम गर्न सके विदेशीको संख्या पनि बढ्ने थियो,' उनले भने।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP)
प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU)
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धमा

प्रकाशित मिति: २०८१/११/२९

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय तहमा नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि यस आ.व.मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन भईरहेका स्थानीय तह बाहेकका अन्य स्थानीय तहले प्रस्ताव सहित नेपाल सरकारबाट स्वीकृत नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, 2078 को दफा ५ बमोजिम १५ दिन भित्र सोही निर्देशिकाको अनुसूची- १ को ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम सहयोग इकाई, राप्ती उपत्यका (देउखुरी), नेपालमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

प्रदेश कार्यक्रम व्यवस्थापक
PLGSP (PPSU)

तारा गाउँ विकास समिति
केन्द्रीय कार्यालय, काठमाण्डौं

बोलपत्र स्विकृत गर्ने सम्बन्धी आसयको सूचना।

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०१

प्रस्तुत विषय सम्बन्धमा यस तारा गाउँ विकास समितिको मिति २०८१/१०/०३ गते नयाँ पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिल निर्माण कार्यको ठेक्का बोलपत्र मूल्याङ्कन समितिको मिति २०८१/११/२८ गतेको निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रदाताको कवोल रकम सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

S.N.	Bid No.	Name & Address of the Bidders	Bid Price Rs. (without VAT & PS)
1	03/NCB/WORKS/ TGDB/2081/082	Madhavi Engineers And Builders Pvt. Ltd. Dhangadhi-5, Kailali.	29,05,422.55

सदस्य सचिव

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
ऋणीहरुलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/१२/०१, (नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लिखित तपाईं ऋणीहरूले प्राप्त गर्नुभएको घर कर्जा तथा बैंकिङ्ग सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नतिर्नु नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पूर्ण कर्जाको साँवा, ब्याज, हर्जाना लगायत अन्य दै दस्तुर समेत चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित मुख्य कार्यालयको ऋण असुली विभाग वा तपाईं ऋणीहरूलाई पायक पर्ने यस बैंकको कुनै पनि शाखामा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सूचित गरिन्छ। अन्यथा, प्रचलित कानुन बमोजिम तपाईंहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाईंहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं।

तपसिल

सि.नं.	ऋणीहरू तथा धितो/व्यक्तिगत जमानीकर्ताहरूको नाम, थर र वतन	धितोको विवरण
१.	**ऋणी:** श्री रतन बहादुर मानन्धरको नाति, श्री किशोर कुमार मानन्धरको छोरा, बाँके जिल्ला, नेपालगजं वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ३१ को **श्री चिरन्जीवी मानन्धर** (ना.प्र.नं. १०१९/२५८७, जारी मिति २०६७/०४/१३, जि.प्र.का. बाँके) **सहऋणी/धितो जमानीकर्ता:** श्री जित बहादुर मानन्धरको नाति, श्री रतन बहादुर मानन्धरको छोरा, बाँके जिल्ला, नेपालगजं वडा नं. ०७ स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ६३ को **श्री किशोर कुमार मानन्धर** (ना.प्र.नं. १७७०७, जारी मिति २०३६/०९/०८, जि.प्र.का. बाँके)	सि.नं. / जग्गाधनीको नाम / जिल्ला/न.पा. / वडा नं. / कित्ता नं. / क्षेत्रफल (व.मि.) १. / श्री किशोर कुमार मानन्धर / बाँके/नेपालगंज / ०८ / ३३१ / ६८.४० घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२.	**ऋणी:** श्री लाल बहादुर श्रेष्ठको नाती, श्री शम्भु सिंह श्रेष्ठको छोरा, बाँके जिल्ला, नेपालगजं वडा नं. १० स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ४४ को **श्री गौरव कुमार श्रेष्ठ** (ना.प्र.नं. २९४५, जारी मिति २०५४/१२/२०, जि.प्र.का. बाँके) **सहऋणी/धितो जमानीकर्ता:** श्री शम्भु सिंह श्रेष्ठको बुहारी, श्री सुभाष कुमार श्रेष्ठको छोरी, श्री गौरव कुमार श्रेष्ठको पत्नी बाँके जिल्ला, नेपालगजं वडा नं. १० स्थायी ठेगाना भई हाल ऐ. ऐ. बस्ने वर्ष ३९ की **श्रीमती एनी श्रेष्ठ** (ना.प्र.नं. १२७७५, जारी मिति २०६१/०४/१८, जि.प्र.का. बाँके)	सि.नं. / जग्गाधनीको नाम / जिल्ला/न.पा. / वडा नं. / कित्ता नं. / क्षेत्रफल (व.मि.) १. / श्रीमती एनी श्रेष्ठ / बाँके/नेपालगंज / १३ / १९३ / १६९।३० २. / श्रीमती एनी श्रेष्ठ / बाँके/नेपालगंज / १३ / १९४ / ४१२।१० घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

■ चारदेशीय टी-२० आई सिरिज

चौथो हारसँगै नेपालको फाइनल खेल्ने सम्भावना समाप्त



नयाँ पत्रिका

नेपाली महिला राष्ट्रिय क्रिकेट टोली युगान्डामा चलिरहेको चारदेशीय टी-२० आई सिरिजबाट बाहिरिएको छ। घरेलु टोली युगान्डासँग आफ्नो पाँचौं खेलमा ४० रनले पराजित भएसँगै नेपाल बाहिरिएको हो। युगान्डालाई हराउँदा नेपालको फाइनल पुग्ने सम्भावना गणितीय आधारमा कायम रहन्थ्यो। तर, सिरिजमा चौथो हार व्यहोरेपछि नेपालको सम्भावना समाप्त भएको हो। यसअघि पहिलो चरणमा नेपालले युगान्डामाथि एक विकेटको सनसनीपूर्ण जित निकालेको थियो।

युगान्डाविरुद्ध ९२ रनको लक्ष्य पछ्याएको नेपाल १७.१ ओभरमा ५१ रनमा अलआउट

यसअघि नेपाल नामिबियासँग ६ विकेट तथा २३ रनले हारेको थियो। हडकडविरुद्धको रोमाञ्चक खेलमा नेपाल २ रनले निराश बनेको थियो। घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको युगान्डाले २० ओभरमा पाँच विकेट गुमाएर ९१ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा कमजोर ब्याटिङ प्रदर्शन गरेको नेपालले १७.१ ओभरमा सबै विकेट गुमाउँदै ५१ रन मात्रै बनाउन सक्यो।

सिरिजमा नामिबिया, युगान्डा र हडकडले समान ६ अंक जोडेका छन्। रनरेटमा नामिबिया शीर्ष र युगान्डा दोस्रो स्थानमा छन्। २ अंक जोडेको नेपाल चौथो स्थानमा छ। अन्तर्राष्ट्रिय टी-२० आईमा नेपाली महिला क्रिकेटले युगान्डविरुद्ध जोडेको योगफल चौथो कम योगफल हो। सन् २०१९ मा पोखरामा भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) नेपालले सबैभन्दा कम योगफल बंगलादेशविरुद्ध ५० रन बनाएको थियो।

पाँच खेलाडीको शून्य रन

९२ रन पछ्याएको नेपालको ब्याटिङ फितलो रह्यो। कुनै पनि विकेटका लागि नेपाली खेलाडीले गतिलो साझेदारी गर्न सकेनन्। महत्त्वपूर्ण खेलमा नेपालका पाँच खेलाडीले खाता नै खोल्न सकेनन्। ओपनर सम्झनाकुमारी खड्का सामना गरेको पहिलो बलमै पेभेलियन फर्किन्। मध्यक्रमका अनुभवी खेलाडी तथा पूर्वकप्तान रुविना क्षेत्रीले चार बल सामना गरे पनि रन बनाउन सकिनन्। यसैगरी, ममता चौधरी पनि शून्यमै आउट भइन्। ईश्वरी विष्ट दुई बल खेल्दा डक आउट भइन्। रचनाकुमारी चौधरी शून्यमा नटआउट रहिन्।

नेपालको फितलो ब्याटिङ

नेपालको इनिङ्समा दुईजना ब्याट्समान्यानले मात्र दोहोरो अंकमा रन बनाए। कविता जोशीले सर्वाधिक १२ रन बनाइन्। उनले आफ्नो इनिङ्समा दुई चौका प्रहार गरिन्। कविताले २६ बल खेलेकी थिइन्। ओपनिङमा आएकी कप्तान इन्दु वर्माले १२ बलमा ११ रनको योगदान दिइन्। यू-१९ की कप्तान पूजा महतोले १८ बलमा ७ रन बनाइन्। रिया शर्माले नौ बल खेल्दै २ रन बनाएर आउट भइन्। नेपालको ब्याटिङ इनिङ्सको रनरेट २.९७ रह्यो। युगान्डाले ४ अतिरिक्त रन दिएको थियो।

नकिसुयीको कसिलो बलिङ

युगान्डाले लक्ष्य रक्षा गर्ने क्रममा फास्ट बलर इमाकुल नकिसुयीले घातक बलिङ गरेकी थिइन्। दायाँहाते बलर नकिसुयीले चार ओभरमा १० रन खर्चेर सर्वाधिक तीन विकेट लिइन्। उनले प्रतिओभर २.५० इकोनोमीमा बलिङ गरिन्। यसैगरी, इरेनेले तीन ओभरमा १० रन खर्चेर तीन विकेट लिइन्। जाने बाबाजीले दुई ओभरमा ४ रन खर्चेर एक विकेट हात पारिन्। नेपालले पहिलो विकेट १ रनमा गुमाएको थियो। १७ रनको योगफलमा नेपालले २ विकेट गुमाएको थियो। यसैगरी, ४९ रनको अवस्थामा नेपालले लगातार ईश्वरी, कविता तथा अलिशालाई गुमाएको थियो।

युगान्डाको मध्यम योगफल

पहिलो ब्याटिङ गरेको युगान्डाका लागि रिता मुसामालीले सर्वाधिक ३८ रनको योगदान दिइन्। मध्यक्रमकी लियोक्वले २२ रन जोडिन्। यसैगरी, स्टेफनले २३ बलमा १२ रन बनाइन्। रिताले ४८ बल, लियोक्वले २५ बल सामना गरेका थिए। नेपालको बलिङमा रिया शर्माले १६ रनमा दुई विकेट लिइन्। रुविनाले १४ रनमा एक तथा ईश्वरीले १५ रनमा एक विकेट हात पारे।

नेपालको टी-२० आईमा कम योगफल

१३औं साग (२०१९)		
नेपाल	५०/१०	(१९.२ ओभर)
बंगलादेश	५१/०	(७.४ ओभर)
बंगलादेश १० विकेटले विजयी		

मलेसिया भ्रमण (२०२३)		
नेपाल	५०/१०	(१६.५ ओभर)
मलेसिया	५१/५	(१३.२ ओभर)
मलेसिया पाँच विकेटले विजयी		

टी-२० स्मास (२०१९)		
थाइल्यान्ड	१२१-१	(२० ओभर)
नेपाल	५१/१०	(१७.२ ओभर)
थाइल्यान्ड ७० रनले विजयी		

चारदेशीय टी-२० (२०२५)		
युगान्डा	९१/५	(२० ओभर)
नेपाल	५१/१०	(१७.१ ओभर)
युगान्डा ४० रनले विजयी		

वाङ नाई कप (सन् २०२३)		
नेपाल	५६/१०	(१८ ओभर)
हडकङ	५७/१	(९ ओभर)
हडकङ नौ विकेटले विजयी		

टी-२० विश्वकप छनोट (सन् २०२३)		
थाइल्यान्ड	१०५/२	(२० ओभर)
नेपाल	५९/१०	(१९.३ ओभर)
थाइल्यान्ड ४६ रनले विजयी		

टी-२० विश्वकप एसियन छनोट (२०१९)		
थाइल्यान्ड	१२४/७	(२० ओभर)
नेपाल	६७/८	(२० ओभर)
थाइल्यान्ड ५७ रनले विजयी		

टी-२० विश्वकप एसियन छनोट (२०१९)		
नेपाल	७७/९	(२० ओभर)
चीन	७२/६	(२० ओभर)
नेपाल पाँच रनले विजयी		

टी-२० विश्वकप छनोट (२०२१)		
युएई	१२७/५	(२० ओभर)
नेपाल	७९/१०	(१९.४ ओभर)
युएई ४८ रनले विजयी		

■ प्रधानमन्त्री कप

आर्मी १२७ रनको फराकिलो अन्तरले विजयी

आर्मीले दिएको २६३ रन पछ्याएको कर्णालीले ३७.१ ओभरमा सबै विकेट गुमाएर १३५ रन जोड्यो

नयाँ पत्रिका

प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशमाथि १२७ रनको सानदार जित निकालेको छ। सिद्धार्थनगरमा बिहीबार भएको खेलमा आर्मीले पहिलो ब्याटिङ गरी ५० ओभरमा नौ विकेट गुमाएर २६२ रन बनाएको थियो। प्रत्युत्तरमा कर्णालीले ३७.१ ओभरमा सबै विकेटको क्षतिमा १३५ रन मात्र जोडेको थियो। प्रधानमन्त्री कपमा आर्मीको यो लगातार तेस्रो जित हो।

६ अंकका साथ आर्मी शीर्ष स्थानमा छ। दोस्रो स्थानमा रहेको एपिएफले दुई खेलबाट ४ अंक जोडेको छ। राष्ट्रिय खेलाडीले भरिएको नेपाल पुलिस क्लब तेस्रो स्थानमा छ। पुलिसले दुई खेलबाट ४ अंक जोडेको छ। कर्णालीले लगातार तीन खेल गुमाएको छ। कर्णालीविरुद्ध आर्मीका दुई खेलाडीले अर्धशतकीय इनिङ्स खेले। तृतराज दासले सर्वाधिक ६९ तथा कप्तान विनोद भण्डारीले ५६ रनको योगदान दिए।

तृतराजले ८४ बलमा १० चौका र विनोदले ६४ बलमा दुई छक्का र चार चौका प्रहार गरे। यसैगरी भीम सार्कीले ७२ बलमा ४० तथा बसिर अहमेदले ३६ बलमा ३६ रन बनाए। कर्णालीको बलिङमा दिनेश अधिकारीले ७४ रनमा तीन विकेट तथा प्रकाश जैसीले ६४ रनमा चार विकेट हात पारे।

आर्मीको कसिलो बलिङ

२६३ रन पछ्याएको कर्णालीले आर्मीको कसिलो बलिङको सामना गर्न सकेन। सो ब्याटिङ इनिङ्समा प्रकाश जैसीले सर्वाधिक ५० रनको योगदान दिएका थिए। उनले ७२ बलमा चार छक्का र दुई चौका प्रहार गरेका थिए। दसौं क्रमका खेलाडी दिनेश अधिकारीले २५ बलमा समान दुई चौका र छक्का प्रहार गरी २२ रन बनाए। आर्मीको बलिङमा सोमपाल कामीले ६ ओभरमा ११ रन खर्चेर दुई विकेट लिए। आकाश चन्दले ४८ रनमा दुई विकेट हात पारे। सहाव आलामले १० ओभरमा दुई मेडन राखी २८ रन खर्चेर तीन विकेट लिए। यसैगरी कुशल मल्लले ४.१ ओभरमा १७ रन खर्चेर दुई विकेट लिए।

लुम्बिनीको दोस्रो जित

लुम्बिनी प्रदेशले दोस्रो जित निकालेको छ। लुम्बिनीले गण्डकीमाथि १४ रनको जित निकालेको हो। पहिलो ब्याटिङ गरेको लुम्बिनी ४९.५ ओभरमा २१७ रनमा समेटियो। प्रत्युत्तरमा गण्डकीले ५० ओभरमा नौ विकेट गुमाएर २०३ रन जोडेको थियो। लुम्बिनीका निर्मल गुरुङले ३१ रन खर्चेर तीन विकेट लिए। गण्डकीको ब्याटिङमा ओपनर अर्जुन कुमालले ८७ बलमा ६२ रन तथा सुभाष भण्डारीले ३० रनको योगदान दिए। गण्डकीको ब्याटिङमा प्रज्वल थापाले सर्वाधिक ७२ रनको योगदान दिए। उनले ७९ बलमा सात चौका र एक छक्का प्रहार गरे। ओपनर मिर्नाल गुरुङले ६२ बलमा ३८ तथा मनीष थापाले ३४ बलमा २४ रन जोडे। कप्तान देव खनालले ४६ बलमा ३३ तथा विप्रसन केसीले २५ रनको योगदान दिए।



कर्णाली प्रदेशविरुद्ध ५० रन पूरा गरेपछि आर्मीका कप्तान विनोद भण्डारी

खेल संक्षेप

सभापोखरी- ३ लाई वडास्तरीय भलिबल उपाधि

संखुवासभा/ सभापोखरी गाउँपालिका- ३ ले बिहीबार खुला वडास्तरीय भलिबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको फाइनलमा भोजपुरको षडानन्द नगरपालिका- ५ लाई सोझो सेटमा हराउँदै सभापोखरीले उपाधि हात पारेको हो। तेस्रो स्थानका लागि भएको खेलमा पाँचखपन नगरपालिका- ३ ले सिलिचोङ गाउँपालिका- १ लाई ३-० को सेटमा पाखा लगायो। विजेताले ३० हजार, उपविजेताले २० हजार र तेस्रो हुनेले पाँच हजार रुपैयाँ पाएका छन्। फागुपूर्णिमाको अवसरमा प्रत्येक वर्ष भलिबल आयोजना भइरहेको खाँदबारी- ११ का वडासदस्य पृथीमान राईले बताए।

आयोजक र गन्नी फाइनलमा

कास्की/ आयोजक सूर्य तारा क्लब र गन्नी फुटबल क्लब दोस्रो नेकोस कप फुटबल प्रतियोगिताको उपाधिका लागि भिड्ने भएका छन्। प्रतियोगिताअर्न्तगत बिहीबारको दोस्रो सेमिफाइनलमा साबिक विजेता एलसी ब्रदर्स युनाइटेडलाई १-० ले पराजित गर्दै गन्नीले फाइनलमा सूर्य तारासँगको भेट पक्का गरेको हो। खेलको २९औं मिनेटमा गन्नीले १-० को अग्रता लिएको थियो। रिचार्ड अफेथाले गिन्नीलाई अग्रता दिलाएका थिए। उनकै गोलमा टोली अन्तिम दुईमा पुग्यो। यसअघि पहिलो सेमिफाइनलमा सूर्यताराले विष्णुपादुका क्लब हेम्जालाई २-० ले हराएको थियो। उपाधि विजेताले चार लाख र उपविजेताले दुई लाख रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीले १५ हजार र सर्वाधिक गोलकर्ताले १० हजार रुपैयाँ हात पार्नेछन्।

राष्ट्रिय महिला फुटबल हुँदै

चितवन/ चितवन जिल्ला फुटबल संघको आयोजना तथा भरतपुर महानगरपालिकाको प्रवर्द्धनमा ३ देखि ९ चैतसम्म राष्ट्रिय महिला फुटबल प्रतियोगिता हुने भएको छ। भरतपुर-७ स्थित कृष्णपुर खेलमैदानमा हुने प्रतियोगितामा आठ टोली सहभागी हुने आयोजकले जनाएको छ। एपिएफ, नेपाल पुलिस, त्रिभुवन आर्मी, चितवन, मकवानपुर, रौतहट, बागमती र संकटा क्लबले भाग लिनेछन्। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। उद्घाटन खेलमा चितवनले मकवानपुरको सामना गर्नेछ। प्रतियोगिताको विजेताले तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले ४० हजार, विधागत उत्कृष्टले २० हजार तथा हरेक दिनको प्लेयर अफ दी म्याचले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

कपिलवस्तु-११ ले जित्यो सैनामैना कप

बुटवल/ कपिलवस्तु-११ ले रुपन्देहीको सैनामैना मुर्गियामा भएको प्रथम सुनगाभा सैनामैना गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको फाइनलमा कपिलवस्तुले अभिषेक चर्च रजहर नवलपुरलाई १-० ले हराउँदै उपाधि हात पारेको हो। कपिलवस्तुका लागि विदेशी खेलाडी मोहम्मदले निर्णायक गोल गरेका थिए। खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ५५औं मिनेटमा मोहम्मदले कपिलवस्तुलाई १-० को अग्रता दिलाए।



उनकै एक मात्र गोलमा कपिलवस्तुले उपाधि हात पारेको हो। कपिलवस्तुले पाँच र अभिषेकले चार विदेशी खेलाडीलाई मैदानमा प्रतिस्पर्धा गराएको थियो। १० दिनसम्म चलेको प्रतियोगितामा नेपालका दुई विभागीय र भारतको एकसहित १० टोलीले भाग लिएका थिए। उपाधि विजेता कपिलवस्तुले सात लाख र उपविजेता अभिषेक चर्चले चार लाख रुपैयाँ पाए। विजयी टोली र खेलाडीलाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुरस्कृत गरेका छन्।

■ सातदोबाटोमा खेलाडीको होली




मिसन २०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षणमा रहेका खेलाडी तथा प्रशिक्षकले बिहीबार सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुदपरिसरमा होली मनाएका छन्। राष्ट्रिय टिम तयारीले आयोजना गरेको होली कार्यक्रममा राखेपका सदस्यसचिव टंकलाल घिसिङलगायतले एकआपासमा रङ दलेर होली मनाएका हुन्। प्रशिक्षणमा व्यस्त खेलाडीलाई विशेष अवसरमा फरक अनुभूति दिलाइएको घिसिङले बताए। तस्बिर : राखेप

विश्व पारा एथलेटिक्समा प्रभाले जितिन् रजत

नयाँ पत्रिका

भारतको नयाँदिल्लीमा चलिरहेको विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्सअन्तर्गत लङजम्पमा नेपालकी प्रभा आङ्देम्बेले रजत पदक जितेकी छिन्। विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा नेपालबाट ६ खेलाडी सहभागी छन्। आङ्देम्बेले महिला दुई सय, चार सय मिटर दौड र लङजम्पमा भाग लिएकी छिन्। पुरुष चार सय मिटर दौडमा नवराज कार्की र गोविन्द गिरीले प्रतिस्पर्धा गर्नेछन्। सटपुटमा हिमाल अर्याल र फणिनारायण पौडेलले भाग लिनेछन्। डिस्कस थ्रोमा राजु गुरुङले सहभागिता जनाउनेछन्। गोविन्दले ज्याभ्लिन थ्रोमा पनि प्रतिस्पर्धा गर्नेछन्। एक महिनाको अन्तरालमा नेपालले पारा एथलेटिक्समा सहभागिता जनाएको यो दोस्रोपटक हो। नेपाल ४ देखि १४ फेब्रुअरीसम्म दुबईमा भएको ग्रान्ड प्रिक्समा सहभागी भएको थियो।



■ मेचीनगर गोल्डकप

मच्छिन्द्रलाई हराउँदै चर्च ब्वाइज फाइनलमा

रमेश सुवेदी/नयाँ पत्रिका

उत्कृष्ट पुनरागमन गर्दै 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड मेचीनगर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। मेचीनगरस्थित काँकडभिट्टा मैदानमा बिहीबार चर्च ब्वाइजले मच्छिन्द्र फुटबल क्लबलाई ४-३ ले हराउँदै अन्तिम दुईमा स्थान पक्का गरेको हो। अब चर्च ब्वाइजले शनिबार उपाधिका लागि आयोजक काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरविरुद्ध प्रतिस्पर्धा गर्नेछ। मोफसलमा आयोजना भइरहेको गोल्डकपमा चर्च ब्वाइजको यो दसौं फाइनल हो।

यस सिजन उत्कृष्ट फर्ममा रहेको चर्च ब्वाइजले चौथो उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछ। चर्च ब्वाइज बुधबार मात्र विराट गोल्डकपको फाइनलमा थ्री स्टारसँग पराजित भएको थियो। मच्छिन्द्रले चर्च ब्वाइजविरुद्ध पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरी ३-० को दरिलो अग्रता बनाएको थियो। मध्यान्तरमा चर्च ब्वाइजको प्रदर्शन फितलो रह्यो। मच्छिन्द्रका खेलाडी दोस्रो सेमिफाइनलमा ड्राइभिङ सिटमा रहेको देखाउँदै मध्यान्तरपछि डिफेन्समा कमजोर प्रदर्शन गऱ्यो।

३-० को अग्रताले सहजै फाइनल पुग्ने आत्मविश्वास देखाएको मच्छिन्द्रविरुद्ध चर्च ब्वाइजले उत्कृष्ट पुनरागमन मात्र गरेन, आयोजक काँकडभिट्टासँगको फाइनल भेटसमेत पक्का गऱ्यो।



दोस्रो हाफमा अबायोमीको ह्याट्रिक

दोस्रो हाफमा अबायोमी फकुन्लेको ह्याट्रिकको सहयोगमा चर्च ब्वाइजले मच्छिन्द्रविरुद्ध जित निकालेको हो। रिचार्ड विल्सनले मच्छिन्द्रको पोस्टमा एक गोल गरे। यसअघि पहिलो हाफमा मच्छिन्द्रका लागि तीनै गोल विदेशी खेलाडीले गरे।

युसुफ मलिकले दुई तथा आन्द्रेस नियालेले एक गोल गरेका हुन्। खेलको ३०औं मिनेटमा मलिकको गोलमा मच्छिन्द्रले १-० को अग्रता लियो। खेलको ४३औं मिनेटमा नियालेले २-० का लागि गोल गरे। उनले आदित्य शाक्यको पासलाई वान टचमै गोल गरे। खेलको ४५औं मिनेटमा मलिकले व्यक्तिगत दोस्रो गोल गर्दा मच्छिन्द्र ३-० ले अगाडि रह्यो। उनले नियाको पासमा गोल गरेका हुन्।

खेलाडीले उत्कृष्ट खेले

● **सुमन श्रेष्ठ**, प्रशिक्षक, चर्च ब्वाइज

दोस्रो हाफमा उत्कृष्ट कमब्याक गरेका थियौं। मच्छिन्द्रविरुद्ध खेलाडीले मध्यान्तरपछि राम्रो खेले। विराट गोल्डकपबाट सीधै खेल्न आउँदा गाह्रो थियो। खेलाडी खेल्नै नपुग्ने अवस्था पनि भयो। यस सिजनको अन्तिम गोल्डकप भएर पनि खेलाडीले राम्रो खेले।

जितेको खेल गुमायौं

● **गणेश कटवाल**, प्रशिक्षक, मच्छिन्द्र

एक किसिमले खेल जितिसकेका थियौं। तर, अन्तिममा पराजित हुँदै घर फर्किंदा दुःख लागेको छ। दोस्रो हाफको खेललाई सहज रूपमा लिँदा गाह्रो भयो। रेफ्रीले पेनाल्टी दिएनन्। लगातार खेल्दा खेलाडी थकित भए।

अबायोमीले गरे निर्णायक गोल

प्रतिस्पर्धाको ५९ मिनेटसम्म मच्छिन्द्र ३-० ले अगाडि थियो। खेलको ६०औं मिनेटमा अबायोमीले चर्च ब्वाइजलाई ३-१ को स्थितिमा राखे। उनले रिचार्डको पासमा गोल गरेका हुन्। खेलको ६९औं मिनेटमा अबायोमीले व्यक्तिगत दोस्रो गोल गर्दा खेल ३-२ को स्थितिमा आयो। उनले विल्सनको पासमा डिबक्सबाट गोल गरे। विल्सनले ७८औं मिनेटमा चर्च ब्वाइजका लागि ३-३ को बराबरी गोल फर्काए। अबायोमीले डिबक्समा प्रहार गरेको बल मच्छिन्द्रका डिफेन्डरले राम्रो क्लियर गर्न सकेनन्। यसैको फाइदामा रिचार्डले गोल गरी टोलीलाई बराबरीमा पुऱ्याए। खेलको ८५औं मिनेटमा अबायोमीले ह्याटिक गर्दा चर्च ब्वाइज ४-३ ले विजयी भयो। उनले चन्दन दासको पासमा गोल गरेका हुन्। प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख पाउनेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com